# १२ औं नगरसभाको बैठकमा २०७९ पौष २८ गते नगर उपप्रमुख एवम् सभाका उपाध्यक्ष श्री भरत गोपालीज्यूले प्रस्तुत गर्नु भएको

## आर्थिक वर्ष २०७९/०८० को नीति कार्यक्रम एवम् बजेट समिक्षा सहितको संशोधित बजेट वक्तव्य

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
**२०७९/०८०**

**नगर सभा अध्यक्ष ज्यू,**
**नगर सभाका सदस्य ज्यूहरु,**

थाहा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को संशोधित बजेट योजना तथा कार्यक्रम सहितको हिउँदे अधिवेशन मार्फत यस थाहा नगरपालिकाको **बाह्रौं नगरसभामा** बजेट योजना तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्न पाउँदा गौरवान्वित छु । यस अवसरमा उपस्थित हुनु भएका नगरसभा सदस्यज्यूहरुलाई यस थाहा नगरपालिका नगर उपप्रमुख भरत गोपालीको तर्फबाट यस गरिमामय सभामा हार्दिक स्वागत सहित न्यानो अभिवादन व्यक्त गर्दछु ।
हामी जनप्रतिनिधीहरुलाई स्थानीय पालिका मार्फत राज्य शक्तीको प्रयोग गर्ने अवसर प्रदान भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थालाई संस्थागत गर्ने तल्लो निकाय भनेको पनि स्थानीय तह नै हो । नागरिकले अनुभव गर्न सक्ने विकास, सेवा प्रवाह गर्नु हाम्रो कर्तव्य हो । संवैधानिक व्यवस्था बमोजिम जनताको नजिकका सरकारको रुपमा रहेको स्थानीय तहका अधिकार क्षेत्रको प्रयोग गर्दै जनअपेक्षा अनुरुप दिगो शान्ति स्थायित्व विकास र सम्वृद्धिको गन्तव्यलाई पहिल्याउँदै हामी कार्य गरिरहेका छौं ।

**नगरसभा अध्यक्ष महोदय,**
अब म सम्मानित नगरसभा समक्ष चालु आर्थिक वर्ष २०७९/०८० मा सम्पन्न भएका क्षेत्रगत कार्यक्रमको प्रगती समिक्षा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**भौतिक पूर्वाधार विकासः**

१. चालु आर्थिक वर्षको हालसम्म सडक ग्राभेल ५ हजार १ सय ५१ मीटर गरिएको छ भने सडक स्ल्याब ढालन २ हजार ९ सय ८० मीटर गरिएको छ । ढुङ्गाको वाल ८ सय १९ मीटर तथा नयाँ सडक ट्र्याक ९ सय ३७ मीटर विस्तार भएको छ । सडक चौडा १ हजार १ सय ५८ मीटर गरिएको छ ।
२. चालु आर्थिक वर्ष २०७९/०८० मा उपभोक्ता समितिबाट संचालन हुने कुल योजना १ सय ५९ वटा रहेकोमा ७३ वटा योजना सम्झौता भएका छन् भने सम्झौता भएका मध्ये २२ वटा योजना सम्पन्न भएका छन् । ८६ वटा योजना सम्झौताको चरणमै रहेका छन् ।
३. आर्थिक वर्ष २०७९/०८० मा जिम्मेवारी सरेर आएका समेत गरी २४ वटा टेण्डर मार्फत संचालन हुने योजनाहरु रहेका छन् । चालु आर्थिक वर्षमा टेण्डर आव्हान भएका ५ वटा आयोजना मध्ये २ वटा सम्झौता भइसकेका छन्, २ वटा मूल्याङ्कनको चरणमा रहेका छन् भने एउटा योजना सम्झौताको चरणमा रहेको छ ।
४. थाहा नगरपालिका वडा नम्बर १ र ३ जोड्ने पालुङ खोलामा निर्माण हुने झोलुङ्गे पुल निर्माणका लागि प्रदेश सरकार, राडो नेपाल र थाहा नगरपालिकाबीच सम्झौता भई निर्माण सामाग्री आपूर्तिको ठेक्का आव्हान गर्ने चरणमा रहेको छ ।
५. प्रदेश सरकारको सहयोगमा भुङ्दल खोलामा मोटरेबल पुल निर्माण सम्पन्न भई यातायात आवागमन सुचारु भएको ।

६. प्रदेश सुशासन केन्द्र बागमती प्रदेशसंगको सहकार्यमा थाहानगरको आवधिक योजना निर्माण गरिएको छ ।
७. चालु आर्थिक वर्षको हालसम्म दुई वटा घर निर्माणको लागि निवेदन पेश भएकोमा घर नक्शा पास प्रक्रियामा रहेको छ ।
८. थाहानगरको सिमभन्ज्याङ, दामन, शिखरकोट, बज्रवाराही, नौखण्डे, पालुङलगतायतका क्षेत्रहरुमा सौर्य तथा विद्युतीय सडक बत्ती जडान गरी टोल विकास संस्था तथा बजार व्यवस्थापन समितिको नेतृत्वमा व्यवस्थापन भइरहेको छ ।
९. थाहा नगरपालिकाबाट हुने भूक्तानी प्रक्रियालाई अनलाइन मार्फत गर्ने गरिएको यस गरिमामय सभामा जानकारी गराउँदछु ।
१०. सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै पालिकामा तिर्नुपर्ने कर प्रणालीलाई सुधार गरिएको छ । पालिका र पालिकादेखि प्रत्येक वडा कार्यालयसम्म विस्तार भएको तारसहितको नेटवर्किङ कार्यलाई ताररहित बनाइ वेभमा आधारित कर प्रणाली विकास गरी करको तथ्याङ्क व्यवस्थापन गरिएको छ ।
११. जन्म, मृत्यू, बसाइसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत एम.आइ.एस. प्रणालीमा अभिलेखीकरण गरिएको छ ।
१२. सामाजिक सुरक्षा भत्तालाई पूर्ण रुपमा बैङ्किङ प्रणालीबाट वितरणको व्यवस्था मिलाई लाभग्राहीको तथ्याङ्क दर्ता, नवीकरण, लगतकट्टा, लगत हस्तान्तरण गर्ने कार्यलाई शतप्रतिशत एम.आइ.एस. प्रणालीबाट गर्ने गरिएको छ ।
१३. पालिका र वडा कार्यालयबीचको पत्र व्यवहारलाई विद्युतीय सञ्चार (इमेल) बाट गरी सेवाग्राहीलाई सहज र छिटो सेवा दिने कार्यलाई प्राथमिकतामा राखिएको छ ।
१४. पालिकाले लक्षित समूह तथा सम्पूर्ण नगरबासीहरुका लागि गरिने सूचना तथा जानकारी पालिकाको वेवसाइट, फेसबुक पेज तथा अन्य सामाजिक सञ्जालहरु मार्फत प्रकाशन गर्ने गरिएको छ ।
१५. थाहा नगरपालिकाबाट सम्पादित गतिविधिहरुको बारेमा नागरिकलाई सूसुचित गराउन प्रत्येक १५/१५ दिनमा रेडियो कार्यक्रम निर्माण गरी प्रशारण गर्ने गरिएको छ । स्थानीय रेडियो, पत्रिका अनलाइन मिडियाहरु मार्फत सुशासनको लागि सूचनाहरु, नियमित प्रकाशन तथा प्रशारण भइरहेको छ ।
१६. नेपाल सरकारद्वारा जारी विद्यालयहरुको सम्पूर्ण विवरण समेटिएको एकीकृत सूचना प्रणाली इ.एम.आइ.एस. प्रयोगमा ल्याइएको छ ।
१७. नगरको समग्र स्वास्थ्य सम्बन्धी कार्यक्रमको प्रगती प्रतिवेदन DHIS2 मार्फत, जिल्ला, विभाग तथा मन्त्रालयमा पठाउने गरिएको ।
१८. कोभिड-१९ विरुद्धको खोप लगाएकाहरुको विवरण IMU प्रणालीमा अभिलेख व्यवस्थापन गरी चालु आर्थिक वर्षको हालसम्म ७ सय ५८ जनालाई अनलाइनको माध्यमबाट क्यु.आर. कोड वितरण गरिएको छ ।
१९. नगर क्षेत्रमा रहेका टि.बी. संक्रमण भएका विरामीहरुको दैनिक रिपोटिङलाई अनलाइन प्रणाली eTB प्रणालीमा राख्ने गरिएको छ । यस प्रणालीमा चालु आर्थिक वर्षको हालसम्म २२ जनाको अभिलेख अद्यावधिक भएको छ ।

२०. संघीय सरकारको किसान सूचीकरण कार्यानवयन कार्यविधि, २०७७ बमोजिम थाहा नगरपालिका वडा नम्बर ७ र १० मा अनलाइनमा आधारित किसान सूचीकरणको कार्यक्रम शुरु भैसकेको र अन्य वडाहरुमा पनि सो कार्यक्रम चालु आर्थिक वर्षबाटै शुरु गरिने छ ।

२१. थाहानगरको पर्यटन प्रवर्द्धनका लागि Complete web Based Application for Tourism Management System प्रणाली तथा थाहा Complete Software कार्यान्वयनका लागि प्रक्रिया अघि बढाइएको छ ।

२२. संघीय सरकारले कार्यान्वयनमा ल्याएको इ-बिडिङलाई पूर्णत: कार्यान्वयनमा ल्याई १० लाख भन्दा माथिका योजना तथा खरिद कार्यलाई अनिवार्य इ-बिडिङ मार्फत गर्ने गरिएको छ ।

२३. संघ तथा प्रदेश सरकारले प्रयोगमा ल्याएका अन्य अनलाइन रिपोटिङ प्रणालीहरु प्रयोग गर्ने गरिएको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**सामाजिक विकास:**

१. चालु आर्थिक वर्षमा बालमैत्री स्थानीय शासन घोषणाको लागि संस्थागत व्यवस्था गरिएको छ ।

२. थाहानगरको ऐतिहासिक ३ वर्षे इन्द्रायणी मेला व्यवव्स्थापनमा सहयोग गरिएको छ भने थाहा नगरपालिकाको वडा नम्बर ५ मा गुरुङ घर निर्माण कार्य सम्पन्न भएको छ । थाहा नगरपालिका वडा नम्बर ११ मा तामाङ संग्राहलय भवन निर्माण सम्पन्न भएको छ ।

३. थाहा नगरपालिका वडा नम्बर ४ नयाँगाउँमा स्थानीय उत्पादन प्रवर्द्धन तथा बजारीकरण गर्ने उद्देश्यले स्थापना गरिएको कोशली घर संचालन समिति गठन गरीएको छ । उक्त कोशली घर केही दिनमै संचालन गरिनेछ ।

४. युवा लक्षित कार्यक्रम अन्तर्गत मोटरसाइकल मर्मत तालिम सम्पन्न गरी ६ जना युवाहरु सिकेको सीपबाट रोजगार उन्मुख भएका छन् ।

५. थाहानगरस्तरीय अन्तरवडा फुटबल प्रतियोगिता, नगरस्तरीय कराँते प्रतियोगिता सम्पन्न भएको छ भने नगरकै सर्वाधिक पुरस्कार राशीको थाहा गोल्डकप फुटबल प्रतियोगिता संचालन भइरहेको छ ।

६. संभवत: नेपालमै पहिलो पटक स्थानीय तहले पहिलोपटक स्थानीय खेलाडी सूचीकृत र बीमा कार्यक्रम शुभारम्भ गरिएको छ ।

७. विभिन्न सामुदायिक विद्यालयमा कार्यरत ६२ जना बाल कक्षा शिक्षकहरुलाई चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसार ४ दिने बाल कक्षा सञ्चालन सम्बन्धी तालिम सम्पन्न गरिएको छ ।

८. प्रत्येक महिनामा विभिन्न फरक फरक विद्यालयमा प्रधानाध्यापक बैठक सञ्चालन गरी विद्यालयको असल अभ्यास आदान प्रदान तथा शैक्षिक गुणस्तर वृद्धि सम्बन्धी ६ वटा अन्तक्रिया कार्यक्रम गरिएको छ ।

९. थाहानगरस्तरीय अन्तर माध्यमिक विद्यालय विज्ञान प्रदर्शनी आयोजना गरी जिल्लास्तरीय प्रतियोगितामा थाहानगरको विद्यालय दोस्रो भई पुरस्कार प्राप्त गरेको छ ।

१०. राष्ट्रपति रनिङ शिल्ड तथा पाँचौ मेयर कप भलिबल प्रतियोगिता पालिकाको वार्षिक खेल तालिका अनुसार सम्पन्न गरिएको छ ।

११. बागमती प्रदेश सरकारको आर्थिक सहयोग तथा थाहा नगरपालिकाको सहजीकरणमा वडा नम्बर १ को श्री सुनौला माध्यमिक विद्यालय, वडा नम्बर ११ को श्री माहांकाल आधारभूत विद्यालय टिस्टुङमा विद्यालय घेराबार तथा वडा नम्बर १ को श्री बालज्योति प्राथमिक विद्यालयमा शौचालय निर्माण कार्य सम्पन्न गरिएको छ ।

१२. स्वास्थ्य संस्थामा हुने सुत्केरी सेवाको पहुँच बढाउन घरमा हुने सुत्केरी शुन्य (Zero Home Delivery) अभियान संचालन गरी समुदायलाई दक्ष प्रसुतिकर्मीबाट स्वास्थ्य संस्थामा गर्भवति जाँच तथा प्रसुती सेवा लिन अभिप्रेरित गर्ने कार्यक्रमहरु निरन्तर संचालन भइरहेको छ । चालु आर्थिक वर्षमा १, ५, ७ र ८ नम्बर वडामा कार्यक्रम संचालन गरी आगामि आर्थिक वर्षभित्र घरमा हुने सुत्केरी शुन्य पालिका घोषणा गरिनेछ ।

१३. मातृशिशु मृत्यूदरलाई कमी गर्न थाहा नगरपालिकाले समुदायस्तरमै ग्रामिण भिडियो एक्सरे कार्यक्रम संचालन गरिरहेको छ । गर्भवती महिलाहरुको जटिलता पत्ता लगाइ समयमै थप परामर्श र उपचारको लागि रेफर गरी जटिलताको व्यवस्थापन गर्न संचालन गरिएको यस कार्यक्रमबाट चालु आर्थिक वर्षको हालसम्ममा  ३ सय १० जना गर्भवतीहरुलाई सेवा प्रदान गरिएको छ ।

१४. रोगको पहिचान तथा समयमा सहि उपचार सेवा प्रदान गर्न थाहा नगरपालिकाको आफ्नै लगानीमा आग्रा, चित्लाङ, टिष्टुङ, बज्रवाराही र पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा गरी ५ वटा स्वास्थ्य संस्थाहरुबाट नि:शुल्क प्रयोगशाला सेवा प्रदान गर्दै आएको छ । यस सेवाबाट चालु आर्थिक वर्षको हालसम्ममा ४ हजार ३ सय ४४ सेवाग्राहीहरुले नि:शुल्क सेवा लिएका छन् ।

१५. नगर क्षेत्रका करिब २ सय ५० जना दिर्घ स्वासप्रस्वासका बिरामीहरुलाई काठमाडौंदेखि अक्सिजन सिलिन्डर ल्याउनु पर्ने झन्झटबाट मुक्ति दिलाई नगरपालिकाले अक्सिजन सहितको सिलिन्डर निरन्तर उपलब्ध गराउदै आएको छ । अक्सिजन समस्यालाई सदाको लागि अन्त्य गर्न नगर भित्रनै अक्सिजन प्लान्ट जडान गरी अक्सिजनको सफल परीक्षण उत्पादन कार्य गरिएको छ ।

१६. थाहा नगरपालिका वडा नम्बर ९ को चित्लाङ स्वास्थ्य चौकीको जीर्ण र अपुग भएकोले चालु आर्थिक वर्षमा च्वाइस नेपालसंगको सहकार्यमा भवन निर्माण प्रक्रिया अघि बढाइएको छ ।

१७. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष तथा उदेश्य अनुसार प्राथामिक स्वास्थ्य केन्द्र पालुङबाट CR-SYSTEM को डिजिटल X-Ray मेशिनबाट सेवा निरन्तर संचालन भइरहेको छ ।

१८. नगरको वडा नम्बर ६ बज्रबाराही स्वास्थ्य चौकीमा रहेको वैकल्पिक चिकित्साको एक्युपन्चर शाखाबाट नगर भरिको दैनिक ८० जना सेवाग्रहीहरुलाई निरन्तर सेवा प्रदान गर्दै आएको छ ।

१९. स्वास्थ्य चौकीको न्यूनतम सेवा उपलब्धताको अवस्था बारे मूल्याङ्कन गरी आवश्यकता अनुसार शुद्धिकरण गर्न स्वास्थ्य चौकीहरुको सुशासन व्यवस्थापन, क्लिनिकल व्यवस्थापन, स्वास्थ्य चौकीको सहयोग, सेवा व्यवस्थापन सम्बन्धि समिक्षा तथा मुल्याकन कार्य सम्पन्न गरिएको छ । संघीय सरकारको कानून र सूचक बमोजिम गरिएको यस मूल्याङ्कनमा बज्रवाराही स्वास्थ्य चौकी उत्कृष्ट पाइएकोमा अन्य स्वास्थ्य संस्थाहरुलाई पनि सोही स्थानमा पुर्‍याउन थप पृष्ठपोषण गरिने छ ।

२०. थाहानगरका १० वटा स्वास्थ्य संस्थाबाट बर्थिंङ सेवा निरन्तर संचालन गरिएको छ । सबै बर्थिंङ सेन्टरमा प्रसुती प्रतिक्षालय स्थापना गरि सेवा प्रदान गर्दै आएको छ ।

२१. गुणस्तरीय खोप सेवाको लागि नगरका १० वटा स्वास्थ्य संस्थामा विश्व स्वास्थ्य संगठनबाट प्रमाणित ILR फ्रिज को व्यवस्था गरिएको छ । स्वास्थ्य सेवाको तथ्यांकीय विवरण सूचना प्रणालीमा

मासिक रुपमा अनलाइन प्रविष्टि गर्न कम्प्युटर तथा इन्टरनेटको व्यवस्थापन गरिएको छ ।

२२. जन स्वास्थ्य समस्याको रुपमा देखिएको क्षयरोगलाई प्रभावकारी रुपमा शिघ्र निदान, पहिचान तथा रोकथाम गर्न देशका ७ सय ५३ मध्ये २७ पालिकामा संचालनमा रहेको क्षयरोगमुक्त पालिका घोषणा अभियान कार्यक्रम थाहा नगरमा संचालन भइरहेको छ । यो कार्यक्रमबाट २२ जना क्षयरोगी स्क्रनिङबाट पहिचान भइ उपचारमा रहेको छ ।

२३. पोषण कार्यक्रम अन्तर्गत पोषण समिक्षा असल खानपान सूचना, भिटामिन 'ए' कार्यक्रम, स्तनपान सप्ताह, पोसन कर्नर व्यवस्थापन, विद्यालय पोषण कार्यक्रम, समुदाय स्तरमा पोषिलो खानेकुराको प्रवर्द्धन जस्ता कार्यक्रम थाहानगरमा संचालन भैरहेको छ ।

२४. प्रसुती केन्द्रहरुमा गुणस्तरीय प्रसुती सेवा सुनिश्चित गर्न तथा जटिलता व्यवस्थापन गर्नको लागि स्थलगत अनुशिक्षण विधि मार्फत त्यहाँ कार्यरत नर्सिङ कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन भइरहेको छ ।

२५. प्रजनन स्वास्थ्य रुग्णता अर्थात स्तन क्यान्सर, फिस्टुला, आङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर र बाँझोपन भएका १ सय ७७ सेवाग्रहीको नि:शुल्क परीक्षण गरी थप उपचारको लागि ६ जनालाई रेफर गरिएको छ ।

२६. स्थानीय तह भित्रका महिला स्वास्थ्य स्वयमसेविका, विद्यालयका शिक्षकहरु र स्वास्थ्यकर्मीहरु गरि एकसय जनाभन्दा बढिको आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धि तालिम सम्पन्न गरि आधारभूत ज्ञान तथा सीप प्रदान गरिएको छ ।

२७. पालिकास्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, स्वास्थ्य कार्यक्रमहरुको तथ्याङ्क प्रमाणिकरण एवं गुणस्तर सुधार साथै वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

२८. सेवा प्रदायक स्वास्थ्यकर्मीहरुको ज्ञान र सीपको मुल्याङ्कन गर्न कार्यक्रमका समस्या पहिचान गर्न र ति समस्याहरु समाधानका लागि संयुक्त रुपमा कार्ययोजना तयार गर्न थाहा नगरपालिका अन्तर्गतको आग्रा, पालुङ र चित्लाङ स्वास्थ्यचौकी दामन र टौखेल शहरी स्वास्थ्य केन्द्र, पालुङ प्राथमिक स्वास्थ्य केन्द र लिती आधारभूत स्वास्थ्य केन्द्रमा समुदायमा आधारित एकीकृत बाल स्वासथ्य व्यवसथापन अनुशिक्षण सम्पन्न भएको छ ।

२९. नगरपालिकाका सबै वडाहरुमा १२ वटा स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा नियमित रुपमा उपलब्ध गराउँदै नगर क्षेत्र भित्रका अति विपन्न, सिमान्तकृत परिवारको स्वास्थ्य बिमाको कार्यक्रमलाई निरन्तरता दिदै चालु आर्थिक वर्षको हालसम्मको अवधिमा ३ सय परिवारको नि:शुल्क स्वास्थ्य बिमा गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

३०. कोभिड १९ विरुद्धको खोप हालसम्म १२ वर्ष माथिका २७ हजार १ सय ३४ जनालाई दिइएको छ । पहिलो डोज २४ हजार ९ सय ४६ जनालाई पूर्ण मात्रा र ८ हजार ६ सय ८३ जनालाई थप मात्राको खोप लगाईएको छ भने ५ देखि १२ वर्ष सम्मका ४ हजार २ सय ६ जना बालबालिकाहरुलाई पहिलो डोज र ३ हजार ७ सय ९६ बालबालिकालाई दोस्रो डोज फाईजर खोप लगाईएको छ । ५ हजार ६ सय ५६ बालबालिकालाई भिटामिन 'ए' खुवाइएको छ । डेंगी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत अभिमुखीकरण, प्रचार प्रसार एवम् लामखुट्टेको बास स्थान खोजी तथा नष्ट अभियान संचालन गरिएको छ ।

३१. सुत्केरी महिलालाई स्वस्थ जीवनयापनका लागि सुत्केरी भएको २४ घण्टा, ३ दिन, ७ दिन भित्र स्वास्थ्य चेकजाँच (PNC) कार्यलाई निरन्तरता दिइएको छ । चालु आर्थिक वर्षको यस अवधिमा गर्भवती ४ सय ३२ जना, प्रसुती १ सय १६ जना र सुत्केरी १ सय १४ जना महिलालाई स्वास्थ्य चेक जाँच गराइएको छ ।

३२. चालु आर्थिक वर्षको हालसम्म ४७ जनालाई नेपाल सरकारले प्रदान गर्ने विपन्न नागरिक औषधी उपचार सिफारिस गरिएको छ ।

३३. स्वास्थ्य शाखाको बार्षिक स्वीकृत कार्यक्रम मध्ये हाल सम्म ३०% वित्तिय प्रगति र ४२% भौतिक प्रगति भएको छ ।

३४. थाहानगरका सबै वडामा गरी ५२ उपभोक्ता समिति मार्फत खानेपानी आपूर्ति भइरहेको छ । नागरिकलाई सहजै खानेपानी सेवा प्रदान गर्नका लागि चालु आर्थिक वर्षबाट संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनासंगको सम्झौतामा वडा नम्बर १ देखि ४ सम्मका लागि वृहत्त खानेपानी आयोजनाको काम भइरहेको छ । पालिका क्षेत्रमा सञ्चालित खानेपानी आयोजनाहरुलाई एकीकृत रुपमा क्रियाशील गर्नका लागि थाहानगर खानेपानी व्यवस्थापन बोर्ड मार्फत सहजीकरण गरिनेछ ।

३५. संघीय कार्यक्रम अनुसार आर्थिक वर्ष २०७९/०८० को दोस्रो त्रैमासिक सम्ममा ज्येष्ठ नागरिकमा ३ हजार ८२ जना, विधवा ७ सय ५५ जना, अपाङ्गता भएका २ सय ७३ जना र दलित बालबालिका ९० जनाले गरी जम्मा ४ हजार २ सय जनालाई त्रैमासिक रुपमा बैक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

३६. थाहा नगरपालिकाको १२ वटै वडाबाट अनलाईन व्यक्तिगत घटना दर्ता भइरहेको छ । यस अन्तर्गत चालु आर्थिक वर्षको हालसम्ममा जन्मदर्ता ५ सय १८, विवाह दर्ता २ सय ५२, बसाइसराइ ५७, सम्बन्ध विच्छेद २८ र मृत्यू दर्ता २०८ वटा भएका छन् ।

३७. राष्ट्रिय बाल दिवसको अवसरमा नगरस्तरीय बाल कार्यक्रम, अन्तराष्ट्रिय अपाङ्ग दिवसको अवसरमा अपाङ्गता भएकाहरुका लागि प्रोत्साहन कार्यक्रम भएको छ ।

३८. महिला जनप्रतिनीधिहरुलाई उद्घोषण, नेतृत्व विकास तथा कानूनी शिक्षा तालिम दिइएको छ ।

३९. थाहानगरका सबै वडामा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत १ सय ८० जना ज्येष्ठ नागरिकहरुलाई न्यानो कपडा तथा सामाग्री वितरण गरिएको छ ।

४०. नगरस्तरीय बाल सञ्जाल तथा महिला सहकारीहरुको चौमासिक बैठक संचालन हुने गरेको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**वन, वातावरण तथा विपद व्यवस्थापन :**

१. थाहानगरको स्थानीय वन ऐन, २०७९ को विधेक तयार भएको छ । सामुदायिक वनहरुसंग समन्वय भैरहेको छ ।

२. थाहा नगरपालिकाको वडा नम्बर २ मा फेदीगाउँ बस्ती बचाउ योजनाको बोलपत्र आव्हान भइ पर्न आएका बोलदाताहरुको मुल्याङ्कन भइरहेको छ । उक्त योजनाबाट थाहा नगरपालिका वडा नम्बर २ को पालुङखोला किनाराको वस्ती तथा खेतीयोग्य जमिन संरक्षणमा सहयोग पुग्ने अपेक्षा लिएका छौं ।

३. सामुदायिक वन उपभोक्ता महासंघसंगको सहकार्यमा जडिबुट्टि पहिचान सम्बन्धी कार्यक्रम संचालन गरिएको छ । लवग्रिन संगको सहकार्यमा थाहा नगरपालिका वडा नम्बर ६ मा सेग्रिगेशन हाउस स्तरोन्नती तथा वडा नम्बर २ मा कम्पोष्ट पिट निर्माण कार्य शुभारम्भ गरिएको छ ।
४. थाहा नगरपालिका वडा नम्बर ६ लाई वातावरणमैत्री वडा घोषणाको लागि लवग्रिन नेपालसंगको साँझेदारीमा कार्यक्रमहरु संचालन भइरहेको छ ।
५. थाहानगरमा विपदका बेला अतिआवश्यकीय राहत प्याकेज वितरण गर्ने गरिएको छ।
६. थाहा नगरपालिकाले टोल विकास संस्था र बजार व्यवस्थापन समितिसंगको समन्वयमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य भइहरहेको छ । दैनिक फोहोर संकलनका लागि ट्रिपरको व्यवसथा गरिएको छ भने फोहोरको वर्गिकरणका लागि थाहा नगरपालिका वडा नम्बर २ र ६ मा सेग्रिगेशन हाउस संचालनमा ल्याइएको छ । यसका लागि १४ जना सरसफाई कर्मचारीको व्यवस्था गरिएको छ ।
७. ढलजन्य फोहोर व्यवस्थापनका लागि पालिकामा ट्याङ्कीसहितको ट्याक्टर व्यवस्था गरिएको छ ।
८. विपद व्यवस्थापनका लागि कोषको व्यवस्था गरिएको छ । नगरपालिका कार्यालयमा आपतकालिन कार्य संचालन केन्द्र संचालनमा ल्याइएको छ । नगर र सबै वडामा विपद व्यवस्थापन समिति गठन गरी क्रियाशील गराइएको छ ।
९. थाहा नगरपालिकामा दक्ष जनशक्तीसहित बारुणयन्त्र २४ घण्टा तयारी अवस्थामा राखिएको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**आर्थिक विकास समिति:**

१. थाहा नगरपालिका वडा नम्बर ३ मा निर्माणाधिन थाहा शीतभण्डारको भवन निर्माण कार्य सकिएको हुँदा संचालनका लागि प्रदेश सरकारको सहयोगमा जडान गरिने चिस्यान मेशिन (Cooling Mechine) का लागि ३ करोड रुपियाँ विनियोजन भएको र सो को टेण्डर प्रक्रियामा रहेको छ ।
२. थाहा नगरपालिका पशु विकास शाखाबाट ७५ प्रतिशत अनुदानमा ३ सय परिवार कृषकहरुलाई ७ हजार किलो घाँसको विउ वितरण गरिएको छ । दुहुनो गाई, भैसी पकेट विस्तारको लागि भैंसीमा अनुदानमा सूचना प्रकाशन गरि कृषकहरु छनौट प्रक्रियामा रहेको छ । कृतिम गर्भाधान सेवा सञ्चालन भएकोमा जम्मा १ सय ९० वटा गाई-भैसीहरुको गर्भाधान गरिएको ।
३. विश्व रेबिज दिवसका अवसरमा  पालिका क्षेत्रका ३ सय ५० वटा कुकरहरुलाई रेबिज विरुद्धको खोप लगाइएको छ । सेवा केन्द्रबाट ५ सय ५० कृषक परिवारले पालेको ५ सय ५० कृषकहरुले पालन गरेको ४ हजार १ सय पशुपंछीले उपचार पाएका छन् ।
४. थाहानगर क्षेत्रका १ हजार २ सय ६३ कृषक परिवारले पालेको पशुपंछीहरुको लागि आन्तरिक तथा बाहि्य परजीवी विरुद्धको औषधि नि:शुल्क वितरण तथा खुवाउने कार्यक्रम तय गरिएको छ ।
५. थाहा नगरपालिका कृषि विकास शाखाबाट २ सय ५० जना कृषकहरुलाई ८ सय ४८ लिटर इ.एम. झोल नि:शुल्क वितरण गरिएको छ । किसानहरुलाई खेतबारीका प्रयोग गर्नका लागि ७५

प्रतिशत अनुदानमा ३ सय परिवार किसानलाई २ हजार ४ सय १७ किलो बायोटिन कृषि चुन वितरण गरिएको छ ।

६. थाहानगरमा कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा विभिन्न कृषक समूह, फर्म तथा कृषि सहकारीमा १ सय २३ वटा मिनि टिलर वितरण गरिएको छ । किसानका मागको आधारमा संचालन गरिने अन्य कृषि अनुदानका कार्यक्रमहरुको माग संकलन भैरहेको छ ।

७. प्रदेश कानुन बमोजिम ५ लाख भन्दा कम पूँजी भएका उद्योगहरु पालिकामै दर्ता गरिने भएको हुँदा पालिकामा छुट्टै उद्योग विकास शाखाको स्थापना गरी कार्य संचालन अघि बढाइएको छ ।

८. थाहानगर उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योगकार्यालय लगायतसंगको सहकार्यमा उद्योग दर्ता, अनुगमन, नियमनका कार्यहरु संचालन गर्ने गरिएको छ ।

९. सहकारी ऐन निर्माण गरी कार्यान्वयनमा रहेको छ । थाहा नगरपालिकामा चालु आर्थिक वर्षमा एउटा कृषि सहकारी दर्ता भएको छ । थाहा नगरपालिकामा स्थानीय तहको अधिकार क्षेत्र भित्रका ३५ वटा सहकारी संस्थाहरु सक्रिय छन् । जसमा कृषि सहकारी २० वटा, बचत तथा ऋण सहकारी १३ वटा र बहुउद्देशीय सहकारी संस्था २ वटा रहेका छन् ।

१०. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वडा नंम्बर १२ मा नि:शर्त तर्फको बजेटबाट गलैचा बनाउने तालिम सञ्चालन भएकोमा १२ जनाले तालिम लिई काम गर्न थालेका छन् । वडा नम्बर ३ मा संचालन भएको उद्यमशीलता तालिममा ७० जना सहभागी भएका छन् । लघुउद्यम विकासका लागी सामाजिक परिचालन अन्तर्गत वडा नंम्बर ३ र ४ मा जनप्रतिनिधीहरुसंगको अभिमुखिकरण कार्यक्रम सम्पन्न भई सहभागितामूलक ग्रामिण लेखाजोखा (PRA), समूह गठन र फारम संकलन गरिएको गरिएको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**सुशासन तथा संस्थागत विकास:**

१. नगरपालिकामा संघ तथा प्रदेश मार्फत संचालन भएका परियोजना सहितको गरी कुल १ सय १५ जना कर्मचारीको दरबन्दी रहेकोमा ६१ जना पदपूर्ति भएको छ । साथै करारमा ३० जना कार्यरत छन् भने २४ पद रिक्त रहेको छ ।

२. नगरपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने उद्देश्यले कर्मचारी क्षमता अभिवृद्धि तालिम संचालन गरिएको छ । कर्मचारीहरुलाई कानूनी शिक्षा, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, योजना संचालन प्रक्रियालगायतको विषयमा सहजीकरण भएको छ ।

३. राजश्व परामर्श समिति थाहानगरको चालु आर्थिक वर्षमा १५ वटा बैठक बसेको छ । नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिमका कर लगाउन पाउने क्षेत्रहरुमा कर निर्धारण गरी कर संकलन, चुहावट नियन्त्रण कार्य भइरहेको छ । हालसम्म अनुमानित आन्तरिक आयमा १ करोड ३७ लाख आम्दानी भएको छ । पालिकाको भू-उपयोग नीति कार्यान्वयनमा ल्याई जग्गा वर्गिकरण कार्य सम्पन्न नभएको हुँदा अपेक्षित राजश्व संकलनमा चुनौति थपिएको छ ।

४. वित्तिय जोखिम न्यूनिकरणका लागि पालिकाले स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कन कार्यविधि, २०७७ बमोजिम वार्षिक रुपमा कार्यविधिको सूचकको आधारमा मुल्याङ्कन गर्दै सुधार गर्नुपर्ने सूचकहरुमा छलफल हुने गरेको छ ।

५. चालु आर्थिक वर्षको हालसम्मको योजनागत सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण २२ वटा सम्पन्न भएको छ ।
६. आर्थिक वर्ष २०७८/०७९ को आन्तरिक लेखा परीक्षण कार्य सम्पन्न भएको छ । चालु आर्थिक वर्षको आन्तरिक लेखा परीक्षण कार्य भैरहेको यस सभामा जानकारी गराउँदछु ।
७. आर्थिक वर्ष २०७७/०७८ सम्मको यस नगरपालिकाको कुल बेरुजू ६ करोड २५ लाख २५ हजार रहेको छ । बेरुजू फछ्र्यौटको लागि नगरपालिकाले पहल गरिरहेको छ ।
८. नगरपालिका र वडा कार्यालयहरुमा नगरसभाको निर्णय बमोजिम नागरिक वडापत्र, करका दरहरु सार्वजनिक गर्ने गरिएको छ । पालिकामा गुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी र सूचना अधिकारी तोकिएको छ ।
९. नगरपालिकाको भौतिक पूर्वाधार तथा सामाजिक विकासका क्षेत्रहरुमा नगरपालिकाले संघ, प्रदेश, सडक बोर्ड, जिल्ला समन्वय समिति, तिलगंगा आँखा उपचार केन्द्र तथा अन्तरपालिका सहकार्यलाई जोड दिइ काम गरिरहेको छ । यसका साथै गैर सरकारी संघसंस्थाहरु च्वाइस नेपाल, लवग्रिन नेपाल, राडो नेपाल तथा बजार व्यवस्थापन समिति र टोल विकास संस्थाहरुसंगको सहकार्य र समन्वयमा कार्यक्रमहरु संचालन गर्ने गरिएको छ ।
१०. संघीय सरकारको कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रममा १ सय ८ जना बेरोजगार सूचिकृत भएकोमा ४६ जनालाई कार्यविधि बमोजिमको सूचकमा आधारित भएर प्राथमिकतामा राखी ३३ जनाले रोजगार पाएका छन् ।
११. वैदेशिक रोजगारबाट फर्की आएकाहरुमा पुन: एकीकरण कार्यक्रममा सहभागी हुनको लागि चालु आर्थिक वर्षको हालसम्ममा ६० जनाको फारम संकलन भैसकेको छ ।
१२. चालु आर्थिक वर्षको पुस २० गतेसम्म न्यायिक समितिमा परेका २२ वटा उजुरीहरु मध्ये ८ वटा उजुरीहरु मेलमिलाप भएका छन् । १२ वटा उजुरीहरु विचारधिनमा रहेको र २ वटा उजुरीहरु अदालत गएका छन् ।
१३. चालु आर्थिक वर्षको हालसम्मको अवधिमा ४ वटा कार्यविधि पारित भएका छन् । एउटा ऐनको विधेक कार्यपालिकाबाट अनुमोदन भई यस सभामा टेबल हुने क्रममा रहेको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

चालु आर्थिक वर्ष २०७९/०८० को हालसम्मको अवधिमा संघीय सरकारमार्फत आय तर्फ समानीकरण अनुदान तर्फ ७ करोड ८ लाख ८३ हजार ३ सय ३३, सशर्त अनुदान चालु १४ करोड ३० लाख ५० हजार, विशेष अनुदान पुँजीगत ३३ लाख ३३ हजार ३ सय ३३ र समपुरक अनुदान पुँजीगत २६ लाख ६६ हजार ६ सय ६६ रुपियाँ प्राप्त भएको छ ।

बागमती प्रदेश सरकारबाट समानीकरण अनुदान प्राप्त भएको छैन भने सशर्त अनुदान चालु ६० लाख ६० हजार, विशेष अनुदान १८ लाख ७५ हजार, समपुरक अनुदान ७४ लाख ११ हजार २ सय ५० र राजश्व बाँडफाँड तर्फ संघ र प्रदेश सरकारबाट ४ करोड ५४ लाख ६५ हजार तथा आन्तरिक स्रोत राजश्व शुल्क गतवर्षको बैंक मौज्दात अल्या समेत गरी २८ करोड ५७ लाख १ हजार ६ सय १८ अर्थात चालु आर्थिक वर्षको अनुमानित आयको ४८ प्रतिशत आम्दानी गर्न सफल भएको छ ।

त्यसैगरी खर्चतर्फ कार्यलय संचालन तथा प्रशासनिक क्षेत्रतर्फ हालको अवधिसम्म ५ करोड २३ लाख ५७ हजार अर्थात ४६.४२ प्रतिशत, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ ६४ लाख ४० हजार ३ सय २ अर्थात १०.१९ प्रतिशत, पूर्वाधार विकास क्षेत्रतर्फ ९ करोड ४० लाख ३९ हजार २ सय ८६ अर्थात १८.१८ प्रतिशत, सामाजिक विकास क्षेत्र तर्फ १२ करोड ४२ लाख ६८ हजार १ सय ७७ अर्थात ३०.२२ प्रतिशत र आर्थिक विकास क्षेत्रतर्फ २३ लाख ६६ हजार ४ सय ६९ अर्थात २.७ प्रतिशत समेत गरी कुल २७ करोड ९४ लाख ७१ हजार २ सय ४९ अर्थात २३.८८ प्रतिशत खर्च भैसकेको अवस्था रहेको छ । जसमा चालु खर्च ३५.९ र पुँजीगत खर्च १४.९३ प्रतिशत खर्च भएको छ ।
यस अवधिमा अधिकांश योजना सम्झौता भई संचालनको क्रममा रहेको र खर्च भुक्तानी नभई सकेको हुँदा क्षेत्रगत रुपमा देखिएको खर्च कमजोर हो । यसलाई सुधार गर्नका लागि सम्पूर्ण नगरसभा सदस्य, कर्मचारी, उपभोक्ता समिति तथा हाम्रा योजनासंग सम्बन्धित सरोकारवालाहरु अझै एकीकृत रुपमा योजनावद्ध भई काम गर्नुपर्ने छ । तसर्थ चालु आर्थिक वर्षमा उल्लेखित प्रगती बढाइ उल्लेखनीय प्रगती हुने अपेक्षा लिएको छु । गत २०७९ असार १० गते सम्पन्न ११ औं नगरसभाबाट २०७९/०८० को लागि कुल बजेट १ अर्ब १७ करोड २ लाख १२ हजार ८ सय ६२ रुपियाँ बराबरको आय व्यय स्वीकृत भएकोमा सो बजेटमा थप स्रोत आम्दानी हुन नसकेको हुँदा कुल बजेटमा थप हुन नसकेको यस सभामा जानकारी गराउँदछु ।

**नगरसभा अध्यक्ष महोदय,**

थाहा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को रकमान्तर विवरण अनुसूचीमा समावेश गरेको छु ।

अन्तमा, यस थाहा नगरपालिकाको बाह्रौ नगरसभामा संशोधित बजेट, योजना तथा कार्यक्रमले थाहानगरको विकासमा उल्लेखनीय योगदान गरी विकासतर्फ लम्किनेछ भन्ने शुभेच्छा आशा एवम् विश्वास प्रकट गर्दै यस बजेट, योजनाको कार्यक्रम प्रस्तुत गर्ने सुअवसर दिनूभएकोमा गरिमामय सभालाई हार्दिक धन्यवाद दिन चाहन्छु । चालु आर्थिक वर्षको पुस २० गतेसम्मको प्रगती समिक्षा तयार गर्दा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, विषयगत समितिका संयोजक एवम् सदस्यज्यूहरु, वडा अध्यक्षज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मीलगायत सम्पूर्ण सरोकारवालाहरुमा धन्यवाद ज्ञापनसहित आभार प्रकट गर्दछु । धन्यवाद ।

मिति : २०७९ पुस २८ गते रोज ५ शुभम् ।

भरत गोपाली
उप प्रमुख

# १२ औं नगरसभाको बैठकमा २०७९ पौष २८ गते नगर उपप्रमुख एवम् सभाका उपाध्यक्ष श्री भरत गोपालीज्यूले

# प्रस्तुत गर्नु भएको

## आर्थिक वर्ष २०७९/०८० को नीति कार्यक्रम एवम् बजेट

## समिक्षा सहितको संशोधित बजेट वक्तव्य

**थाहा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

**२०७९/०८०**

**नगर सभा अध्यक्ष ज्यू,**
**नगर सभाका सदस्य ज्यूहरु,**

थाहा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को संशोधित बजेट योजना तथा कार्यक्रम सहितको हिउँदे अधिवेशन मार्फत यस थाहा नगरपालिकाको **बाह्रौं नगरसभामा** बजेट योजना तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्न पाउँदा गौरवान्वित छु । यस अवसरमा उपस्थित हुनु भएका नगरसभा सदस्यज्यूहरुलाई यस थाहा नगरपालिका नगर उपप्रमुख भरत गोपालीको तर्फबाट यस गरिमामय सभामा हार्दिक स्वागत सहित न्यानो अभिवादन व्यक्त गर्दछु ।
हामी जनप्रतिनिधीहरुलाई स्थानीय पालिका मार्फत राज्य शक्तीको प्रयोग गर्ने अवसर प्रदान भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थालाई संस्थागत गर्ने तल्लो निकाय भनेको पनि स्थानीय तह नै हो । नागरिकले अनुभव गर्न सक्ने विकास, सेवा प्रवाह गर्नु हाम्रो कर्तव्य हो । संवैधानिक व्यवस्था बमोजिम जनताको नजिकका सरकारको रुपमा रहेको स्थानीय तहका अधिकार क्षेत्रको प्रयोग गर्दै जनअपेक्षा अनुरुप दिगो शान्ति स्थायित्व विकास र सम्वृद्धिको गन्तव्यलाई पहिल्याउँदै हामी कार्य गरिरहेका छौं ।

**नगरसभा अध्यक्ष महोदय,**
अब म सम्मानित नगरसभा समक्ष चालु आर्थिक वर्ष २०७९/०८० मा सम्पन्न भएका क्षेत्रगत कार्यक्रमको प्रगती समिक्षा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**भौतिक पूर्वाधार विकास:**

१. चालु आर्थिक वर्षको हालसम्म सडक ग्राभेल ५ हजार १ सय ५१ मीटर गरिएको छ भने सडक स्ल्याब ढालन २ हजार ९ सय ८० मीटर गरिएको छ । ढुङ्गाको वाल ८ सय १९ मीटर तथा नयाँ सडक ट्र्याक ९ सय ३७ मीटर विस्तार भएको छ । सडक चौडा १ हजार १ सय ५८ मीटर गरिएको छ ।
२. चालु आर्थिक वर्ष २०७९/०८० मा उपभोक्ता समितिबाट संचालन हुने कुल योजना १ सय ५९ वटा रहेकोमा ७३ वटा योजना सम्झौता भएका छन् भने सम्झौता भएका मध्ये २२ वटा योजना सम्पन्न भएका छन् । ८६ वटा योजना सम्झौताको चरणमै रहेका छन् ।
३. आर्थिक वर्ष २०७९/०८० मा जिम्मेवारी सरेर आएका समेत गरी २४ वटा टेण्डर मार्फत संचालन हुने योजनाहरु रहेका छन् । चालु आर्थिक वर्षमा टेण्डर आव्हान भएका ५ वटा आयोजना मध्ये २ वटा सम्झौता भइसकेका छन्, २ वटा मूल्याङ्कनको चरणमा रहेका छन् भने एउटा योजना सम्झौताको चरणमा रहेको छ ।
४. थाहा नगरपालिका वडा नम्बर १ र ३ जोड्ने पालुङ खोलामा निर्माण हुने झोलुङ्गे पुल निर्माणका लागि प्रदेश सरकार, राडो नेपाल र थाहा नगरपालिकाबीच सम्झौता भई निर्माण सामाग्री आपूर्तिको ठेक्का आव्हान गर्ने चरणमा रहेको छ ।
५. प्रदेश सरकारको सहयोगमा भुङ्दल खोलामा मोटरेबल पुल निर्माण सम्पन्न भई यातायात आवागमन सुचारु भएको ।

६. प्रदेश सुशासन केन्द्र बागमती प्रदेशसंगको सहकार्यमा थाहानगरको आवधिक योजना निर्माण गरिएको छ ।

७. चालु आर्थिक वर्षको हालसम्म दुई वटा घर निर्माणको लागि निवेदन पेश भएकोमा घर नक्शा पास प्रक्रियामा रहेको छ ।

८. थाहानगरको सिमभन्ज्याङ, दामन, शिखरकोट, बज्रवाराही, नौखण्डे, पालुङलगतायतका क्षेत्रहरुमा सौर्य तथा विद्युतीय सडक बत्ती जडान गरी टोल विकास संस्था तथा बजार व्यवस्थापन समितिको नेतृत्वमा व्यवस्थापन भइरहेको छ ।

९. थाहा नगरपालिकाबाट हुने भूक्तानी प्रक्रियालाई अनलाइन मार्फत गर्ने गरिएको यस गरिमामय सभामा जानकारी गराउँदछु ।

१०. सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै पालिकामा तिर्नुपर्ने कर प्रणालीलाई सुधार गरिएको छ । पालिका र पालिकादेखि प्रत्येक वडा कार्यालयसम्म विस्तार भएको तारसहितको नेटवर्किङ कार्यलाई ताररहित बनाइ वेभमा आधारित कर प्रणाली विकास गरी करको तथ्याङ्क व्यवस्थापन गरिएको छ ।

११. जन्म, मृत्यू, बसाइसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत एम.आइ.एस. प्रणालीमा अभिलेखीकरण गरिएको छ ।

१२. सामाजिक सुरक्षा भत्तालाई पूर्ण रुपमा बैङ्किङ प्रणालीबाट वितरणको व्यवस्था मिलाई लाभग्राहीको तथ्याङ्क दर्ता, नवीकरण, लगतकट्टा, लगत हस्तान्तरण गर्ने कार्यलाई शतप्रतिशत एम.आइ.एस. प्रणालीबाट गर्ने गरिएको छ ।

१३. पालिका र वडा कार्यालयबीचको पत्र व्यवहारलाई विद्युतीय सञ्चार (इमेल) बाट गरी सेवाग्राहीलाई सहज र छिटो सेवा दिने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

१४. पालिकाले लक्षित समूह तथा सम्पूर्ण नगरबासीहरुका लागि गरिने सूचना तथा जानकारी पालिकाको वेवसाइट, फेसबुक पेज तथा अन्य सामाजिक सञ्जालहरु मार्फत प्रकाशन गर्ने गरिएको छ ।

१५. थाहा नगरपालिकाबाट सम्पादित गतिविधिहरुको बारेमा नागरिकलाई सूसुचित गराउन प्रत्येक १५/१५ दिनमा रेडियो कार्यक्रम निर्माण गरी प्रशारण गर्ने गरिएको छ । स्थानीय रेडियो, पत्रिका अनलाइन मिडियाहरु मार्फत सुशासनको लागि सूचनाहरु, नियमित प्रकाशन तथा प्रशारण भइरहेको छ ।

१६. नेपाल सरकारद्वारा जारी विद्यालयहरुको सम्पूर्ण विवरण समेटिएको एकीकृत सूचना प्रणाली इ.एम.आइ.एस. प्रयोगमा ल्याइएको छ ।

१७. नगरको समग्र स्वास्थ्य सम्बन्धी कार्यक्रमको प्रगती प्रतिवेदन DHIS2 मार्फत, जिल्ला, विभाग तथा मन्त्रालयमा पठाउने गरिएको ।

१८. कोभिड-१९ विरुद्धको खोप लगाएकाहरुको विवरण IMU प्रणालीमा अभिलेख व्यवस्थापन गरी चालु आर्थिक वर्षको हालसम्म ७ सय ५८ जनालाई अनलाइनको माध्यमबाट क्यु.आर. कोड वितरण गरिएको छ ।

१९. नगर क्षेत्रमा रहेका टि.बी. संक्रमण भएका विरामीहरुको दैनिक रिपोटिङलाई अनलाइन प्रणाली eTB प्रणालीमा राख्ने गरिएको छ । यस प्रणालीमा चालु आर्थिक वर्षको हालसम्म २२ जनाको अभिलेख अद्यावधिक भएको छ ।

२०. संघीय सरकारको किसान सूचीकरण कार्यानवयन कार्यविधि, २०७७ बमोजिम थाहा नगरपालिका वडा नम्बर ७ र १० मा अनलाइनमा आधारित किसान सूचीकरणको कार्यक्रम शुरु भैसकेको र अन्य वडाहरुमा पनि सो कार्यक्रम चालु आर्थिक वर्षबाटै शुरु गरिने छ ।

२१. थाहानगरको पर्यटन प्रवर्द्धनका लागि Complete web Based Application for Tourism Management System प्रणाली तथा थाहा Complete Software कार्यान्वयनका लागि प्रक्रिया अघि बढाइएको छ ।

२२. संघीय सरकारले कार्यान्वयनमा ल्याएको इ-बिडिङलाई पूर्णत: कार्यान्वयनमा ल्याई १० लाख भन्दा माथिका योजना तथा खरिद कार्यलाई अनिवार्य इ-बिडिङ मार्फत गर्ने गरिएको छ ।

२३. संघ तथा प्रदेश सरकारले प्रयोगमा ल्याएका अन्य अनलाइन रिपोटिङ प्रणालीहरु प्रयोग गर्ने गरिएको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**सामाजिक विकास:**

१. चालु आर्थिक वर्षमा बालमैत्री स्थानीय शासन घोषणाको लागि संस्थागत व्यवस्था गरिएको छ ।

२. थाहानगरको ऐतिहासिक ३ वर्षे इन्द्रायणी मेला व्यवव्स्थापनमा सहयोग गरिएको छ भने थाहा नगरपालिकाको वडा नम्बर ५ मा गुरुङ घर निर्माण कार्य सम्पन्न भएको छ । थाहा नगरपालिका वडा नम्बर ११ मा तामाङ संग्राहलय भवन निर्माण सम्पन्न भएको छ ।

३. थाहा नगरपालिका वडा नम्बर ४ नयाँगाउँमा स्थानीय उत्पादन प्रवर्द्धन तथा बजारीकरण गर्ने उद्देश्यले स्थापना गरिएको कोशली घर संचालन समिति गठन गरीएको छ । उक्त कोशली घर केही दिनमै संचालन गरिनेछ ।

४. युवा लक्षित कार्यक्रम अन्तर्गत मोटरसाइकल मर्मत तालिम सम्पन्न गरी ६ जना युवाहरु सिकेको सीपबाट रोजगार उन्मुख भएका छन् ।

५. थाहानगरस्तरीय अन्तरवडा फुटबल प्रतियोगिता, नगरस्तरीय कराँते प्रतियोगिता सम्पन्न भएको छ भने नगरकै सर्वाधिक पुरस्कार राशीको थाहा गोल्डकप फुटबल प्रतियोगिता संचालन भइरहेको छ ।

६. संभवत: नेपालमै पहिलो पटक स्थानीय तहले पहिलोपटक स्थानीय खेलाडी सूचीकृत र बीमा कार्यक्रम शुभारम्भ गरिएको छ ।

७. विभिन्न सामुदायिक विद्यालयमा कार्यरत ६२ जना बाल कक्षा शिक्षकहरुलाई चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसार ४ दिने बाल कक्षा सञ्चालन सम्बन्धी तालिम सम्पन्न गरिएको छ ।

८. प्रत्येक महिनामा विभिन्न फरक फरक विद्यालयमा प्रधानाध्यापक बैठक सञ्चालन गरी विद्यालयको असल अभ्यास आदान प्रदान तथा शैक्षिक गुणस्तर वृद्धि सम्बन्धी ६ वटा अन्तक्रिया कार्यक्रम गरिएको छ ।

९. थाहानगरस्तरीय अन्तर माध्यमिक विद्यालय विज्ञान प्रदर्शनी आयोजना गरी जिल्लास्तरीय प्रतियोगितामा थाहानगरको विद्यालय दोस्रो भई पुरस्कार प्राप्त गरेको छ ।

१०. राष्ट्रपति रनिङ शिल्ड तथा पाँचौ मेयर कप भलिबल प्रतियोगिता पालिकाको वार्षिक खेल तालिका अनुसार सम्पन्न गरिएको छ ।

११. बागमती प्रदेश सरकारको आर्थिक सहयोग तथा थाहा नगरपालिकाको सहजीकरणमा वडा नम्बर १ को श्री सुनौला माध्यमिक विद्यालय, वडा नम्बर ११ को श्री माहांकाल आधारभूत विद्यालय टिस्टुङमा विद्यालय घेराबार तथा वडा नम्बर १ को श्री बालज्योति प्राथमिक विद्यालयमा शौचालय निर्माण कार्य सम्पन्न गरिएको छ ।

१२. स्वास्थ्य संस्थामा हुने सुत्केरी सेवाको पहुँच बढाउन घरमा हुने सुत्केरी शुन्य (Zero Home Delivery) अभियान संचालन गरी समुदायलाई दक्ष प्रसुतिकर्मीबाट स्वास्थ्य संस्थामा गर्भवति जाँच तथा प्रसुती सेवा लिन अभिप्रेरित गर्ने कार्यक्रमहरु निरन्तर संचालन भइरहेको छ । चालु आर्थिक वर्षमा १, ५, ७ र ८ नम्बर वडामा कार्यक्रम संचालन गरी आगामि आर्थिक वर्षभित्र घरमा हुने सुत्केरी शुन्य पालिका घोषणा गरिनेछ ।

१३. मातृशिशु मृत्यूदरलाई कमी गर्न थाहा नगरपालिकाले समुदायस्तरमै ग्रामिण भिडियो एक्सरे कार्यक्रम संचालन गरिरहेको छ । गर्भवती महिलाहरुको जटिलता पत्ता लगाइ समयमै थप परामर्श र उपचारको लागि रेफर गरी जटिलताको व्यवस्थापन गर्न संचालन गरिएको यस कार्यक्रमबाट चालु आर्थिक वर्षको हालसम्ममा  ३ सय १० जना गर्भवतीहरुलाई सेवा प्रदान गरिएको छ ।

१४. रोगको पहिचान तथा समयमा सहि उपचार सेवा प्रदान गर्न थाहा नगरपालिकाको आफ्नै लगानीमा आग्रा, चित्लाङ, टिष्टुङ, बज्रवाराही र पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा गरी ५ वटा स्वास्थ्य संस्थाहरुबाट नि:शुल्क प्रयोगशाला सेवा प्रदान गर्दै आएको छ । यस सेवाबाट चालु आर्थिक वर्षको हालसम्ममा ४ हजार ३ सय ४४ सेवाग्राहीहरुले नि:शुल्क सेवा लिएका छन् ।

१५. नगर क्षेत्रका करिब २ सय ५० जना दिर्घ स्वासप्रस्वासका बिरामीहरुलाई काठमाडौंदेखि अक्सिजन सिलिन्डर ल्याउनु पर्ने झन्झटबाट मुक्ति दिलाई नगरपालिकाले अक्सिजन सहितको सिलिन्डर निरन्तर उपलब्ध गराउदै आएको छ । अक्सिजन समस्यालाई सदाको लागि अन्त्य गर्न नगर भित्रनै अक्सिजन प्लान्ट जडान गरी अक्सिजनको सफल परीक्षण उत्पादन कार्य गरिएको छ ।

१६. थाहा नगरपालिका वडा नम्बर ९ को चित्लाङ स्वास्थ्य चौकीको जीर्ण र अपुग भएकोले चालु आर्थिक वर्षमा च्वाइस नेपालसंगको सहकार्यमा भवन निर्माण प्रक्रिया अघि बढाइएको छ ।

१७. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष तथा उदेश्य अनुसार प्राथामिक स्वास्थ्य केन्द्र पालुङबाट CR-SYSTEM को डिजिटल X-Ray मेशिनबाट सेवा निरन्तर संचालन भइरहेको छ ।

१८. नगरको वडा नम्बर ६ बज्रबाराही स्वास्थ्य चौकीमा रहेको वैकल्पिक चिकित्साको एक्युपन्चर शाखाबाट नगर भरिको दैनिक ८० जना सेवाग्रहीहरुलाई निरन्तर सेवा प्रदान गर्दै आएको छ ।

१९. स्वास्थ्य चौकीको न्यूनतम सेवा उपलब्धताको अवस्था बारे मूल्याङ्कन गरी आवश्यकता अनुसार शुद्धिकरण गर्न स्वास्थ्य चौकीहरुको सुशासन व्यवस्थापन, क्लिनिकल व्यवस्थापन, स्वास्थ्य चौकीको सहयोग, सेवा व्यवस्थापन सम्बन्धि समिक्षा तथा मुल्याकन कार्य सम्पन्न गरिएको छ । संघीय सरकारको कानून र सूचक बमोजिम गरिएको यस मूल्याङ्कनमा बज्रवाराही स्वास्थ्य चौकी उत्कृष्ट पाइएकोमा अन्य स्वास्थ्य संस्थाहरुलाई पनि सोही स्थानमा पुऱ्याउन थप पृष्ठपोषण गरिने छ ।

२०. थाहानगरका १० वटा स्वास्थ्य संस्थाबाट बर्थिंङ सेवा निरन्तर संचालन गरिएको छ । सबै बर्थिंङ सेन्टरमा प्रसुती प्रतिक्षालय स्थापना गरि सेवा प्रदान गर्दै आएको छ ।

२१. गुणस्तरीय खोप सेवाको लागि नगरका १० वटा स्वास्थ्य संस्थामा विश्व स्वास्थ्य संगठनबाट प्रमाणित ILR फ्रिज को व्यवस्था गरिएको छ । स्वास्थ्य सेवाको तथ्यांकीय विवरण सूचना प्रणालीमा

मासिक रुपमा अनलाइन प्रविष्टि गर्न कम्प्युटर तथा इन्टरनेटको व्यवस्थापन गरिएको छ ।

२२. जन स्वास्थ्य समस्याको रुपमा देखिएको क्षयरोगलाई प्रभावकारी रुपमा शिघ्र निदान, पहिचान तथा रोकथाम गर्न देशका ७ सय ५३ मध्ये २७ पालिकामा संचालनमा रहेको क्षयरोगमुक्त पालिका घोषणा अभियान कार्यक्रम थाहा नगरमा संचालन भइरहेको छ । यो कार्यक्रमबाट २२ जना क्षयरोगी स्क्रनिङबाट पहिचान भइ उपचारमा रहेको छ ।

२३. पोषण कार्यक्रम अन्तर्गत पोषण समिक्षा असल खानपान सूचना, भिटामिन 'ए' कार्यक्रम, स्तनपान सप्ताह, पोसन कर्नर व्यवस्थापन, विद्यालय पोषण कार्यक्रम, समुदाय स्तरमा पोषिलो खानेकुराको प्रवर्द्धन जस्ता कार्यक्रम थाहानगरमा संचालन भैरहेको छ ।

२४. प्रसुती केन्द्रहरुमा गुणस्तरीय प्रसुती सेवा सुनिश्चित गर्न तथा जटिलता व्यवस्थापन गर्नको लागि स्थलगत अनुशिक्षण विधि मार्फत त्यहाँ कार्यरत नर्सिङ कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन भइरहेको छ ।

२५. प्रजनन स्वास्थ्य रुग्णता अर्थात स्तन क्यान्सर, फिस्टुला, आङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर र बाँझोपन भएका १ सय ७७ सेवाग्रहीको नि:शुल्क परीक्षण गरी थप उपचारको लागि ६ जनालाई रेफर गरिएको छ ।

२६. स्थानीय तह भित्रका महिला स्वास्थ्य स्वयमसेविका, विद्यालयका शिक्षकहरु र स्वास्थ्यकर्मीहरु गरि एकसय जनाभन्दा बढिको आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धि तालिम सम्पन्न गरि आधारभूत ज्ञान तथा सीप प्रदान गरिएको छ ।

२७. पालिकास्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, स्वास्थ्य कार्यक्रमहरुको तथ्याङ्क प्रमाणिकरण एवं गुणस्तर सुधार साथै वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

२८. सेवा प्रदायक स्वास्थ्यकर्मीहरुको ज्ञान र सीपको मुल्याङ्कन गर्न कार्यक्रमका समस्या पहिचान गर्न र ति समस्याहरु समाधानका लागि संयुक्त रुपमा कार्ययोजना तयार गर्न थाहा नगरपालिका अन्तर्गतको आग्रा, पालुङ र चित्लाङ स्वास्थ्यचौकी दामन र टौखेल शहरी स्वास्थ्य केन्द्र, पालुङ प्राथमिक स्वास्थ्य केन्द र लिती आधारभूत स्वास्थ्य केन्द्रमा समुदायमा आधारित एकीकृत बाल स्वासथ्य व्यवसथापन अनुशिक्षण सम्पन्न भएको छ ।

२९. नगरपालिकाका सबै वडाहरुमा १२ वटा स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा नियमित रुपमा उपलब्ध गराउँदै नगर क्षेत्र भित्रका अति विपन्न, सिमान्तकृत परिवारको स्वास्थ्य बिमाको कार्यक्रमलाई निरन्तरता दिदै चालु आर्थिक वर्षको हालसम्मको अवधिमा ३ सय परिवारको नि:शुल्क स्वास्थ्य बिमा गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

३०. कोभिड १९ विरुद्धको खोप हालसम्म १२ वर्ष माथिका २७ हजार १ सय ३४ जनालाई दिइएको छ । पहिलो डोज २४ हजार ९ सय ४६ जनालाई पूर्ण मात्रा र ८ हजार ६ सय ८३ जनालाई थप मात्राको खोप लगाईएको छ भने ५ देखि १२ वर्ष सम्मका ४ हजार २ सय ६ जना बालबालिकाहरुलाई पहिलो डोज र ३ हजार ७ सय ९६ बालबालिकालाई दोस्रो डोज फाईजर खोप लगाईएको छ । ५ हजार ६ सय ५६ बालबालिकालाई भिटामिन 'ए' खुवाइएको छ । डेंगी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत अभिमुखीकरण, प्रचार प्रसार एवम् लामखुट्टेको बास स्थान खोजी तथा नष्ट अभियान संचालन गरिएको छ ।

३१. सुत्केरी महिलालाई स्वस्थ जीवनयापनका लागि सुत्केरी भएको २४ घण्टा, ३ दिन, ७ दिन भित्र स्वास्थ्य चेकजाँच (PNC) कार्यलाई निरन्तरता दिइएको छ । चालु आर्थिक वर्षको यस अवधिमा गर्भवती ४ सय ३२ जना, प्रसुती १ सय १६ जना र सुत्केरी १ सय १४ जना महिलालाई स्वास्थ्य चेक जाँच गराइएको छ ।

३२. चालु आर्थिक वर्षको हालसम्म ४७ जनालाई नेपाल सरकारले प्रदान गर्ने विपन्न नागरिक औषधी उपचार सिफारिस गरिएको छ ।

३३. स्वास्थ्य शाखाको बार्षिक स्वीकृत कार्यक्रम मध्ये हाल सम्म ३०% वित्तिय प्रगति र ४२% भौतिक प्रगति भएको छ ।

३४. थाहानगरका सबै वडामा गरी ५२ उपभोक्ता समिति मार्फत खानेपानी आपूर्ति भइरहेको छ । नागरिकलाई सहजै खानेपानी सेवा प्रदान गर्नका लागि चालु आर्थिक वर्षबाट संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनासंगको सम्झौतामा वडा नम्बर १ देखि ४ सम्मका लागि वृहत्त खानेपानी आयोजनाको काम भइरहेको छ । पालिका क्षेत्रमा सञ्चालित खानेपानी आयोजनाहरुलाई एकीकृत रुपमा क्रियाशील गर्नका लागि थाहानगर खानेपानी व्यवस्थापन बोर्ड मार्फत सहजीकरण गरिनेछ ।

३५. संघीय कार्यक्रम अनुसार आर्थिक वर्ष २०७९/०८० को दोस्रो त्रैमासिक सम्ममा ज्येष्ठ नागरिकमा ३ हजार ८२ जना, विधवा ७ सय ५५ जना, अपाङ्गता भएका २ सय ७३ जना र दलित बालबालिका ९० जनाले गरी जम्मा ४ हजार २ सय जनालाई त्रैमासिक रुपमा बैक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

३६. थाहा नगरपालिकाको १२ वटै वडाबाट अनलाईन व्यक्तिगत घटना दर्ता भइरहेको छ । यस अन्तर्गत चालु आर्थिक वर्षको हालसम्ममा जन्मदर्ता ५ सय १८, विवाह दर्ता २ सय ५२, बसाइसराइ ५७, सम्बन्ध विच्छेद २८ र मृत्यू दर्ता २०८ वटा भएका छन् ।

३७. राष्ट्रिय बाल दिवसको अवसरमा नगरस्तरीय बाल कार्यक्रम, अन्तराष्ट्रिय अपाङ्ग दिवसको अवसरमा अपाङ्गता भएकाहरुका लागि प्रोत्साहन कार्यक्रम भएको छ ।

३८. महिला जनप्रतिनीधिहरुलाई उद्घोषण, नेतृत्व विकास तथा कानूनी शिक्षा तालिम दिइएको छ ।

३९. थाहानगरका सबै वडामा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत १ सय ८० जना ज्येष्ठ नागरिकहरुलाई न्यानो कपडा तथा सामाग्री वितरण गरिएको छ ।

४०. नगरस्तरीय बाल सञ्जाल तथा महिला सहकारीहरुको चौमासिक बैठक संचालन हुने गरेको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**वन, वातावरण तथा विपद व्यवस्थापन :**

१. थाहानगरको स्थानीय वन ऐन, २०७९ को विधेक तयार भएको छ । सामुदायिक वनहरुसंग समन्वय भैरहेको छ ।

२. थाहा नगरपालिकाको वडा नम्बर २ मा फेदीगाउँ बस्ती बचाउ योजनाको बोलपत्र आव्हान भइ पर्न आएका बोलदाताहरुको मुल्याङ्कन भइरहेको छ । उक्त योजनाबाट थाहा नगरपालिका वडा नम्बर २ को पालुङखोला किनाराको वस्ती तथा खेतीयोग्य जमिन संरक्षणमा सहयोग पुग्ने अपेक्षा लिएका छौं ।

३. सामुदायिक वन उपभोक्ता महासंघसंगको सहकार्यमा जडिबुट्टि पहिचान सम्बन्धी कार्यक्रम संचालन गरिएको छ । लवग्रिन संगको सहकार्यमा थाहा नगरपालिका वडा नम्बर ६ मा सेग्रिगेशन हाउस स्तरोन्नती तथा वडा नम्बर २ मा कम्पोष्ट पिट निर्माण कार्य शुभारम्भ गरिएको छ ।
४. थाहा नगरपालिका वडा नम्बर ६ लाई वातावरणमैत्री वडा घोषणाको लागि लवग्रिन नेपालसंगको साँझेदारीमा कार्यक्रमहरु संचालन भइरहेको छ ।
५. थाहानगरमा विपदका बेला अतिआवश्यकीय राहत प्याकेज वितरण गर्ने गरिएको छ।
६. थाहा नगरपालिकाले टोल विकास संस्था र बजार व्यवस्थापन समितिसंगको समन्वयमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य भइहरहेको छ । दैनिक फोहोर संकलनका लागि टि्परको व्यवसथा गरिएको छ भने फोहोरको वर्गिकरणका लागि थाहा नगरपालिका वडा नम्बर २ र ६ मा सेग्रिगेशन हाउस संचालनमा ल्याइएको छ । यसका लागि १४ जना सरसफाई कर्मचारीको व्यवस्था गरिएको छ ।
७. ढलजन्य फोहोर व्यवस्थापनका लागि पालिकामा ट्याङ्कीसहितको ट्याक्टर व्यवस्था गरिएको छ ।
८. विपद व्यवस्थापनका लागि कोषको व्यवस्था गरिएको छ । नगरपालिका कार्यालयमा आपतकालिन कार्य संचालन केन्द्र संचालनमा ल्याइएको छ । नगर र सबै वडामा विपद व्यवस्थापन समिति गठन गरी क्रियाशील गराइएको छ ।
९. थाहा नगरपालिकामा दक्ष जनशक्तीसहित बारुणयन्त्र २४ घण्टा तयारी अवस्थामा राखिएको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**आर्थिक विकास समिति:**

१. थाहा नगरपालिका वडा नम्बर ३ मा निर्माणाधिन थाहा शीतभण्डारको भवन निर्माण कार्य सकिएको हुँदा संचालनका लागि प्रदेश सरकारको सहयोगमा जडान गरिने चिस्यान मेशिन (Cooling Mechine) का लागि ३ करोड रुपियाँ विनियोजन भएको र सो को टेण्डर प्रक्रियामा रहेको छ ।
२. थाहा नगरपालिका पशु विकास शाखाबाट ७५ प्रतिशत अनुदानमा ३ सय परिवार कृषकहरुलाई ७ हजार किलो घाँसको विउ वितरण गरिएको छ । दुहुनो गाई, भैसी पकेट विस्तारको लागि भैंसीमा अनुदानमा सूचना प्रकाशन गरि कृषकहरु छनौट प्रक्रियामा रहेको छ । कृतिम गर्भाधान सेवा सञ्चालन भएकोमा जम्मा १ सय ९० वटा गाई-भैसीहरुको गर्भाधान गरिएको ।
३. विश्व रेबिज दिवसका अवसरमा पालिका क्षेत्रका ३ सय ५० वटा कुकरहरुलाई रेबिज विरुद्धको खोप लगाइएको छ । सेवा केन्द्रबाट ५ सय ५० कृषक परिवारले पालेको ५ सय ५० कृषकहरुले पालन गरेको ४ हजार १ सय पशुपंछीले उपचार पाएका छन् ।
४. थाहानगर क्षेत्रका १ हजार २ सय ६३ कृषक परिवारले पालेको पशुपंछीहरुको लागि आन्तरिक तथा बाहि्य परजीवी विरुद्धको औषधि नि:शुल्क वितरण तथा खुवाउने कार्यक्रम तय गरिएको छ ।
५. थाहा नगरपालिका कृषि विकास शाखाबाट २ सय ५० जना कृषकहरुलाई ८ सय ४८ लिटर इ.एम. झोल नि:शुल्क वितरण गरिएको छ । किसानहरुलाई खेतबारीका प्रयोग गर्नका लागि ७५

प्रतिशत अनुदानमा ३ सय परिवार किसानलाई २ हजार ४ सय १७ किलो बायोटिन कृषि चुन वितरण गरिएको छ ।

६. थाहानगरमा कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा विभिन्न कृषक समूह, फर्म तथा कृषि सहकारीमा १ सय २३ वटा मिनि टिलर वितरण गरिएको छ । किसानका मागको आधारमा संचालन गरिने अन्य कृषि अनुदानका कार्यक्रमहरुको माग संकलन भैरहेको छ ।

७. प्रदेश कानुन बमोजिम ५ लाख भन्दा कम पूँजी भएका उद्योगहरु पालिकामै दर्ता गरिने भएको हुँदा पालिकामा छुट्टै उद्योग विकास शाखाको स्थापना गरी कार्य संचालन अघि बढाइएको छ ।

८. थाहानगर उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योगकार्यालय लगायतसंगको सहकार्यमा उद्योग दर्ता, अनुगमन, नियमनका कार्यहरु संचालन गर्ने गरिएको छ ।

९. सहकारी ऐन निर्माण गरी कार्यान्वयनमा रहेको छ । थाहा नगरपालिकामा चालु आर्थिक वर्षमा एउटा कृषि सहकारी दर्ता भएको छ । थाहा नगरपालिकामा स्थानीय तहको अधिकार क्षेत्र भित्रका ३५ वटा सहकारी संस्थाहरु सक्रिय छन् । जसमा कृषि सहकारी २० वटा, बचत तथा ऋण सहकारी १३ वटा र बहुउद्देशीय सहकारी संस्था २ वटा रहेका छन् ।

१०. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वडा नंम्बर १२ मा नि:शर्त तर्फको बजेटबाट गलैचा बनाउने तालिम सञ्चालन भएकोमा १२ जनाले तालिम लिई काम गर्न थालेका छन् । वडा नम्बर ३ मा संचालन भएको उद्यमशीलता तालिममा ७० जना सहभागी भएका छन् । लघुउद्यम विकासका लागी सामाजिक परिचालन अन्तर्गत वडा नंम्बर ३ र ४ मा जनप्रतिनिधीहरुसंगको अभिमुखिकरण कार्यक्रम सम्पन्न भई सहभागितामूलक ग्रामिण लेखाजोखा (PRA), समूह गठन र फारम संकलन गरिएको गरिएको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**सुशासन तथा संस्थागत विकास:**

१. नगरपालिकामा संघ तथा प्रदेश मार्फत संचालन भएका परियोजना सहितको गरी कुल १ सय १५ जना कर्मचारीको दरबन्दी रहेकोमा ६१ जना पदपूर्ति भएको छ । साथै करारमा ३० जना कार्यरत छन् भने २४ पद रिक्त रहेको छ ।

२. नगरपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने उद्देश्यले कर्मचारी क्षमता अभिवृद्धि तालिम संचालन गरिएको छ । कर्मचारीहरुलाई कानूनी शिक्षा, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, योजना संचालन प्रक्रियालगायतको विषयमा सहजीकरण भएको छ ।

३. राजश्व परामर्श समिति थाहानगरको चालु आर्थिक वर्षमा १५ वटा बैठक बसेको छ । नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिमका कर लगाउन पाउने क्षेत्रहरुमा कर निर्धारण गरी कर संकलन, चुहावट नियन्त्रण कार्य भइरहेको छ । हालसम्म अनुमानित आन्तरिक आयमा १ करोड ३७ लाख आम्दानी भएको छ । पालिकाको भू-उपयोग नीति कार्यान्वयनमा ल्याई जग्गा वर्गिकरण कार्य सम्पन्न नभएको हुँदा अपेक्षित राजश्व संकलनमा चुनौति थपिएको छ ।

४. वित्तिय जोखिम न्यूनिकरणका लागि पालिकाले स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कन कार्यविधि, २०७७ बमोजिम वार्षिक रुपमा कार्यविधिको सूचकको आधारमा मुल्याङ्कन गर्दै सुधार गर्नुपर्ने सूचकहरुमा छलफल हुने गरेको छ ।

५. चालु आर्थिक वर्षको हालसम्मको योजनागत सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण २२ वटा सम्पन्न भएको छ ।
६. आर्थिक वर्ष २०७८/०७९ को आन्तरिक लेखा परीक्षण कार्य सम्पन्न भएको छ । चालु आर्थिक वर्षको आन्तरिक लेखा परीक्षण कार्य भैरहेको यस सभामा जानकारी गराउँदछु ।
७. आर्थिक वर्ष २०७७/०७८ सम्मको यस नगरपालिकाको कुल बेरुजू ६ करोड २५ लाख २५ हजार रहेको छ । बेरुजू फछ्र्यौटको लागि नगरपालिकाले पहल गरिरहेको छ ।
८. नगरपालिका र वडा कार्यालयहरुमा नगरसभाको निर्णय बमोजिम नागरिक वडापत्र, करका दरहरु सार्वजनिक गर्ने गरिएको छ । पालिकामा गुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी र सूचना अधिकारी तोकिएको छ ।
९. नगरपालिकाको भौतिक पूर्वाधार तथा सामाजिक विकासका क्षेत्रहरुमा नगरपालिकाले संघ, प्रदेश, सडक बोर्ड, जिल्ला समन्वय समिति, तिलगंगा आँखा उपचार केन्द्र तथा अन्तरपालिका सहकार्यलाई जोड दिइ काम गरिरहेको छ । यसका साथै गैर सरकारी संघसंस्थाहरु च्वाइस नेपाल, लवग्रिन नेपाल, राडो नेपाल तथा बजार व्यवस्थापन समिति र टोल विकास संस्थाहरुसंगको सहकार्य र समन्वयमा कार्यक्रमहरु संचालन गर्ने गरिएको छ ।
१०. संघीय सरकारको कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रममा १ सय ८ जना बेरोजगार सूचिकृत भएकोमा ४६ जनालाई कार्यविधि बमोजिमको सूचकमा आधारित भएर प्राथमिकतामा राखी ३३ जनाले रोजगार पाएका छन् ।
११. वैदेशिक रोजगारबाट फर्की आएकाहरुमा पुन: एकीकरण कार्यक्रममा सहभागी हुनको लागि चालु आर्थिक वर्षको हालसम्ममा ६० जनाको फारम संकलन भैसकेको छ ।
१२. चालु आर्थिक वर्षको पुस २० गतेसम्म न्यायिक समितिमा परेका २२ वटा उजुरीहरु मध्ये ८ वटा उजुरीहरु मेलमिलाप भएका छन् । १२ वटा उजुरीहरु विचाराधिनमा रहेको र २ वटा उजुरीहरु अदालत गएका छन् ।
१३. चालु आर्थिक वर्षको हालसम्मको अवधिमा ४ वटा कार्यविधि पारित भएका छन् । एउटा ऐनको विधेक कार्यपालिकाबाट अनुमोदन भई यस सभामा टेबल हुने क्रममा रहेको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

चालु आर्थिक वर्ष २०७९/०८० को हालसम्मको अवधिमा संघीय सरकारमार्फत आय तर्फ समानीकरण अनुदान तर्फ ७ करोड ८ लाख ८३ हजार ३ सय ३३, सशर्त अनुदान चालु १४ करोड ३० लाख ५० हजार, विशेष अनुदान पुँजीगत ३३ लाख ३३ हजार ३ सय ३३ र समपुरक अनुदान पुँजीगत २६ लाख ६६ हजार ६ सय ६६ रुपियाँ प्राप्त भएको छ ।

बागमती प्रदेश सरकारबाट समानीकरण अनुदान प्राप्त भएको छैन भने सशर्त अनुदान चालु ६० लाख ६० हजार, विशेष अनुदान १८ लाख ७५ हजार, समपुरक अनुदान ७४ लाख ११ हजार २ सय ५० र राजश्व बाँडफाँड तर्फ संघ र प्रदेश सरकारबाट ४ करोड ५४ लाख ६५ हजार तथा आन्तरिक स्रोत राजश्व शुल्क गतवर्षको बैंक मौज्दात अल्या समेत गरी २८ करोड ५७ लाख १ हजार ६ सय १८ अर्थात चालु आर्थिक वर्षको अनुमानित आयको ४८ प्रतिशत आम्दानी गर्न सफल भएको छ ।

त्यसैगरी खर्चतर्फ कार्यलय संचालन तथा प्रशासनिक क्षेत्रतर्फ हालको अवधिसम्म ५ करोड २३ लाख ५७ हजार अर्थात ४६.४२ प्रतिशत, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ ६४ लाख ४० हजार ३ सय २ अर्थात १०.१९ प्रतिशत, पूर्वाधार विकास क्षेत्रतर्फ ९ करोड ४० लाख ३९ हजार २ सय ८६ अर्थात १८.१८ प्रतिशत, सामाजिक विकास क्षेत्र तर्फ १२ करोड ४२ लाख ६८ हजार १ सय ७७ अर्थात ३०.२२ प्रतिशत र आर्थिक विकास क्षेत्रतर्फ २३ लाख ६६ हजार ४ सय ६९ अर्थात २.७ प्रतिशत समेत गरी कुल २७ करोड ९४ लाख ७१ हजार २ सय ४९ अर्थात २३.८८ प्रतिशत खर्च भैसकेको अवस्था रहेको छ । जसमा चालु खर्च ३५.९ र पुँजीगत खर्च १४.९३ प्रतिशत खर्च भएको छ ।
यस अवधिमा अधिकांश योजना सम्झौता भई संचालनको क्रममा रहेको र खर्च भुक्तानी नभई सकेको हुँदा क्षेत्रगत रुपमा देखिएको खर्च कमजोर हो । यसलाई सुधार गर्नका लागि सम्पूर्ण नगरसभा सदस्य, कर्मचारी, उपभोक्ता समिति तथा हाम्रा योजनासंग सम्बन्धित सरोकारवालाहरु अझै एकीकृत रुपमा योजनावद्ध भई काम गर्नुपर्ने छ । तसर्थ चालु आर्थिक वर्षमा उल्लेखित प्रगती बढाइ उल्लेखनीय प्रगती हुने अपेक्षा लिएको छु । गत २०७९ असार १० गते सम्पन्न ११ औं नगरसभाबाट २०७९/०८० को लागि कुल बजेट १ अर्ब १७ करोड २ लाख १२ हजार ८ सय ६२ रुपियाँ बराबरको आय व्यय स्वीकृत भएकोमा सो बजेटमा थप स्रोत आम्दानी हुन नसकेको हुँदा कुल बजेटमा थप हुन नसकेको यस सभामा जानकारी गराउँदछु ।

**नगरसभा अध्यक्ष महोदय,**

थाहा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को रकमान्तर विवरण अनुसूचीमा समावेश गरेको छु ।

अन्तमा, यस थाहा नगरपालिकाको बाह्रौ नगरसभामा संशोधित बजेट, योजना तथा कार्यक्रमले थाहानगरको विकासमा उल्लेखनीय योगदान गरी विकासतर्फ लम्किनेछ भन्ने शुभेच्छा आशा एवम् विश्वास प्रकट गर्दै यस बजेट, योजनाको कार्यक्रम प्रस्तुत गर्ने सुअवसर दिनूभएकोमा गरिमामय सभालाई हार्दिक धन्यवाद दिन चाहन्छु । चालु आर्थिक वर्षको पुस २० गतेसम्मको प्रगती समिक्षा तयार गर्दा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, विषयगत समितिका संयोजक एवम् सदस्यज्यूहरु, वडा अध्यक्षज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मीलगायत सम्पूर्ण सरोकारवालाहरुमा धन्यवाद ज्ञापनसहित आभार प्रकट गर्दछु । धन्यवाद ।

मिति : २०७९ पुस २८ गते रोज ५ शुभम् ।

भरत गोपाली
उप प्रमुख

# १२ औं नगरसभाको बैठकमा २०७९ पौष २८ गते नगर उपप्रमुख एवम् सभाका उपाध्यक्ष श्री भरत गोपालीज्यूले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७९/०८० को नीति कार्यक्रम एवम् बजेट

समिक्षा सहितको संशोधित बजेट वक्तव्य

थाहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

२०७९/०८०

**नगर सभा अध्यक्ष ज्यू,**
**नगर सभाका सदस्य ज्यूहरु,**

थाहा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को संशोधित बजेट योजना तथा कार्यक्रम सहितको हिउँदे अधिवेशन मार्फत यस थाहा नगरपालिकाको **बाह्रौं नगरसभामा** बजेट योजना तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्न पाउँदा गौरवान्वित छु । यस अवसरमा उपस्थित हुनु भएका नगरसभा सदस्यज्यूहरुलाई यस थाहा नगरपालिका नगर उपप्रमुख भरत गोपालीको तर्फबाट यस गरिमामय सभामा हार्दिक स्वागत सहित न्यानो अभिवादन व्यक्त गर्दछु ।
हामी जनप्रतिनिधीहरुलाई स्थानीय पालिका मार्फत राज्य शक्तीको प्रयोग गर्ने अवसर प्रदान भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थालाई संस्थागत गर्ने तल्लो निकाय भनेको पनि स्थानीय तह नै हो । नागरिकले अनुभव गर्न सक्ने विकास, सेवा प्रवाह गर्नु हाम्रो कर्तव्य हो । संवैधानिक व्यवस्था बमोजिम जनताको नजिकका सरकारको रुपमा रहेको स्थानीय तहका अधिकार क्षेत्रको प्रयोग गर्दै जनअपेक्षा अनुरुप दिगो शान्ति स्थायित्व विकास र सम्वृद्धिको गन्तव्यलाई पहिल्याउँदै हामी कार्य गरिरहेका छौं ।

**नगरसभा अध्यक्ष महोदय,**
अब म सम्मानित नगरसभा समक्ष चालु आर्थिक वर्ष २०७९/०८० मा सम्पन्न भएका क्षेत्रगत कार्यक्रमको प्रगती समिक्षा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**भौतिक पूर्वाधार विकास:**

१. चालु आर्थिक वर्षको हालसम्म सडक ग्राभेल ५ हजार १ सय ५१ मीटर गरिएको छ भने सडक स्ल्याब ढालन २ हजार ९ सय ८० मीटर गरिएको छ । ढुङ्गाको वाल ८ सय १९ मीटर तथा नयाँ सडक ट्र्याक ९ सय ३७ मीटर विस्तार भएको छ । सडक चौडा १ हजार १ सय ५८ मीटर गरिएको छ ।
२. चालु आर्थिक वर्ष २०७९/०८० मा उपभोक्ता समितिबाट संचालन हुने कुल योजना १ सय ५९ वटा रहेकोमा ७३ वटा योजना सम्झौता भएका छन् भने सम्झौता भएका मध्ये २२ वटा योजना सम्पन्न भएका छन् । ८६ वटा योजना सम्झौताको चरणमै रहेका छन् ।
३. आर्थिक वर्ष २०७९/०८० मा जिम्मेवारी सरेर आएका समेत गरी २४ वटा टेण्डर मार्फत संचालन हुने योजनाहरु रहेका छन् । चालु आर्थिक वर्षमा टेण्डर आव्हान भएका ५ वटा आयोजना मध्ये २ वटा सम्झौता भइसकेका छन्, २ वटा मूल्याङ्कनको चरणमा रहेका छन् भने एउटा योजना सम्झौताको चरणमा रहेको छ ।
४. थाहा नगरपालिका वडा नम्बर १ र ३ जोड्ने पालुङ खोलामा निर्माण हुने झोलुङ्गे पुल निर्माणका लागि प्रदेश सरकार, राडो नेपाल र थाहा नगरपालिकाबीच सम्झौता भई निर्माण सामाग्री आपूर्तिको ठेक्का आव्हान गर्ने चरणमा रहेको छ ।
५. प्रदेश सरकारको सहयोगमा भुङ्दल खोलामा मोटरेबल पुल निर्माण सम्पन्न भई यातायात आवागमन सुचारु भएको ।

६. प्रदेश सुशासन केन्द्र बागमती प्रदेशसंगको सहकार्यमा थाहानगरको आवधिक योजना निर्माण गरिएको छ ।

७. चालु आर्थिक वर्षको हालसम्म दुई वटा घर निर्माणको लागि निवेदन पेश भएकोमा घर नक्शा पास प्रक्रियामा रहेको छ ।

८. थाहानगरको सिमभन्ज्याङ, दामन, शिखरकोट, बज्रवाराही, नौखण्डे, पालुङलगतायतका क्षेत्रहरुमा सौर्य तथा विद्युतीय सडक बत्ती जडान गरी टोल विकास संस्था तथा बजार व्यवस्थापन समितिको नेतृत्वमा व्यवस्थापन भइरहेको छ ।

९. थाहा नगरपालिकाबाट हुने भूक्तानी प्रक्रियालाई अनलाइन मार्फत गर्ने गरिएको यस गरिमामय सभामा जानकारी गराउँदछु ।

१०. सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै पालिकामा तिर्नुपर्ने कर प्रणालीलाई सुधार गरिएको छ । पालिका र पालिकादेखि प्रत्येक वडा कार्यालयसम्म विस्तार भएको तारसहितको नेटवर्किङ कार्यलाई ताररहित बनाइ वेभमा आधारित कर प्रणाली विकास गरी करको तथ्याङ्क व्यवस्थापन गरिएको छ ।

११. जन्म, मृत्यू, बसाइसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत एम.आइ.एस. प्रणालीमा अभिलेखीकरण गरिएको छ ।

१२. सामाजिक सुरक्षा भत्तालाई पूर्ण रुपमा बैङ्किङ प्रणालीबाट वितरणको व्यवस्था मिलाई लाभग्राहीको तथ्याङ्क दर्ता, नवीकरण, लगतकट्टा, लगत हस्तान्तरण गर्ने कार्यलाई शतप्रतिशत एम.आइ.एस. प्रणालीबाट गर्ने गरिएको छ ।

१३. पालिका र वडा कार्यालयबीचको पत्र व्यवहारलाई विद्युतीय सञ्चार (इमेल) बाट गरी सेवाग्राहीलाई सहज र छिटो सेवा दिने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

१४. पालिकाले लक्षित समूह तथा सम्पूर्ण नगरबासीहरुका लागि गरिने सूचना तथा जानकारी पालिकाको वेवसाइट, फेसबुक पेज तथा अन्य सामाजिक सञ्जालहरु मार्फत प्रकाशन गर्ने गरिएको छ ।

१५. थाहा नगरपालिकाबाट सम्पादित गतिविधिहरुको बारेमा नागरिकलाई सूसुचित गराउन प्रत्येक १५/१५ दिनमा रेडियो कार्यक्रम निर्माण गरी प्रशारण गर्ने गरिएको छ । स्थानीय रेडियो, पत्रिका अनलाइन मिडियाहरु मार्फत सुशासनको लागि सूचनाहरु, नियमित प्रकाशन तथा प्रशारण भइरहेको छ ।

१६. नेपाल सरकारद्वारा जारी विद्यालयहरुको सम्पूर्ण विवरण समेटिएको एकीकृत सूचना प्रणाली इ.एम.आइ.एस. प्रयोगमा ल्याइएको छ ।

१७. नगरको समग्र स्वास्थ्य सम्बन्धी कार्यक्रमको प्रगती प्रतिवेदन DHIS2 मार्फत, जिल्ला, विभाग तथा मन्त्रालयमा पठाउने गरिएको ।

१८. कोभिड-१९ विरुद्धको खोप लगाएकाहरुको विवरण IMU प्रणालीमा अभिलेख व्यवस्थापन गरी चालु आर्थिक वर्षको हालसम्म ७ सय ५८ जनालाई अनलाइनको माध्यमबाट क्यु.आर. कोड वितरण गरिएको छ ।

१९. नगर क्षेत्रमा रहेका टि.बी. संक्रमण भएका विरामीहरुको दैनिक रिपोटिङलाई अनलाइन प्रणाली eTB प्रणालीमा राख्ने गरिएको छ । यस प्रणालीमा चालु आर्थिक वर्षको हालसम्म २२ जनाको अभिलेख अद्यावधिक भएको छ ।

२०. संघीय सरकारको किसान सूचीकरण कार्यानवयन कार्यविधि, २०७७ बमोजिम थाहा नगरपालिका वडा नम्बर ७ र १० मा अनलाइनमा आधारित किसान सूचीकरणको कार्यक्रम शुरु भैसकेको र अन्य वडाहरुमा पनि सो कार्यक्रम चालु आर्थिक वर्षबाटै शुरु गरिने छ ।

२१. थाहानगरको पर्यटन प्रवर्द्धनका लागि Complete web Based Application for Tourism Management System प्रणाली तथा थाहा Complete Software कार्यान्वयनका लागि प्रक्रिया अघि बढाइएको छ ।

२२. संघीय सरकारले कार्यान्वयनमा ल्याएको इ-बिडिङलाई पूर्णत: कार्यान्वयनमा ल्याई १० लाख भन्दा माथिका योजना तथा खरिद कार्यलाई अनिवार्य इ-बिडिङ मार्फत गर्ने गरिएको छ ।

२३. संघ तथा प्रदेश सरकारले प्रयोगमा ल्याएका अन्य अनलाइन रिपोटिङ प्रणालीहरु प्रयोग गर्ने गरिएको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**सामाजिक विकास:**

१. चालु आर्थिक वर्षमा बालमैत्री स्थानीय शासन घोषणाको लागि संस्थागत व्यवस्था गरिएको छ ।

२. थाहानगरको ऐतिहासिक ३ वर्षे इन्द्रायणी मेला व्यवव्स्थापनमा सहयोग गरिएको छ भने थाहा नगरपालिकाको वडा नम्बर ५ मा गुरुङ घर निर्माण कार्य सम्पन्न भएको छ । थाहा नगरपालिका वडा नम्बर ११ मा तामाङ संग्राहलय भवन निर्माण सम्पन्न भएको छ ।

३. थाहा नगरपालिका वडा नम्बर ४ नयाँगाउँमा स्थानीय उत्पादन प्रवर्द्धन तथा बजारीकरण गर्ने उद्देश्यले स्थापना गरिएको कोशली घर संचालन समिति गठन गरीएको छ । उक्त कोशली घर केही दिनमै संचालन गरिनेछ ।

४. युवा लक्षित कार्यक्रम अन्तर्गत मोटरसाइकल मर्मत तालिम सम्पन्न गरी ६ जना युवाहरु सिकेको सीपबाट रोजगार उन्मुख भएका छन् ।

५. थाहानगरस्तरीय अन्तरवडा फुटबल प्रतियोगिता, नगरस्तरीय कराँते प्रतियोगिता सम्पन्न भएको छ भने नगरकै सर्वाधिक पुरस्कार राशीको थाहा गोल्डकप फुटबल प्रतियोगिता संचालन भइरहेको छ ।

६. संभवत: नेपालमै पहिलो पटक स्थानीय तहले पहिलोपटक स्थानीय खेलाडी सूचीकृत र बीमा कार्यक्रम शुभारम्भ गरिएको छ ।

७. विभिन्न सामुदायिक विद्यालयमा कार्यरत ६२ जना बाल कक्षा शिक्षकहरुलाई चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसार ४ दिने बाल कक्षा सञ्चालन सम्बन्धी तालिम सम्पन्न गरिएको छ ।

८. प्रत्येक महिनामा विभिन्न फरक फरक विद्यालयमा प्रधानाध्यापक बैठक सञ्चालन गरी विद्यालयको असल अभ्यास आदान प्रदान तथा शैक्षिक गुणस्तर वृद्धि सम्बन्धी ६ वटा अन्तक्रिया कार्यक्रम गरिएको छ ।

९. थाहानगरस्तरीय अन्तर माध्यमिक विद्यालय विज्ञान प्रदर्शनी आयोजना गरी जिल्लास्तरीय प्रतियोगितामा थाहानगरको विद्यालय दोस्रो भई पुरस्कार प्राप्त गरेको छ ।

१०. राष्ट्रपति रनिङ शिल्ड तथा पाँचौ मेयर कप भलिबल प्रतियोगिता पालिकाको वार्षिक खेल तालिका अनुसार सम्पन्न गरिएको छ ।

११. बागमती प्रदेश सरकारको आर्थिक सहयोग तथा थाहा नगरपालिकाको सहजीकरणमा वडा नम्बर १ को श्री सुनौला माध्यमिक विद्यालय, वडा नम्बर ११ को श्री माहांकाल आधारभूत विद्यालय टिस्टुङमा विद्यालय घेराबार तथा वडा नम्बर १ को श्री बालज्योति प्राथमिक विद्यालयमा शौचालय निर्माण कार्य सम्पन्न गरिएको छ ।

१२. स्वास्थ्य संस्थामा हुने सुत्केरी सेवाको पहुँच बढाउन घरमा हुने सुत्केरी शुन्य (Zero Home Delivery) अभियान संचालन गरी समुदायलाई दक्ष प्रसुतिकर्मीबाट स्वास्थ्य संस्थामा गर्भवति जाँच तथा प्रसुती सेवा लिन अभिप्रेरित गर्ने कार्यक्रमहरु निरन्तर संचालन भइरहेको छ । चालु आर्थिक वर्षमा १, ५, ७ र ८ नम्बर वडामा कार्यक्रम संचालन गरी आगामि आर्थिक वर्षभित्र घरमा हुने सुत्केरी शुन्य पालिका घोषणा गरिनेछ ।

१३. मातृशिशु मृत्यूदरलाई कमी गर्न थाहा नगरपालिकाले समुदायस्तरमै ग्रामिण भिडियो एक्सरे कार्यक्रम संचालन गरिरहेको छ । गर्भवती महिलाहरुको जटिलता पत्ता लगाइ समयमै थप परामर्श र उपचारको लागि रेफर गरी जटिलताको व्यवस्थापन गर्न संचालन गरिएको यस कार्यक्रमबाट चालु आर्थिक वर्षको हालसम्ममा  ३ सय १० जना गर्भवतीहरुलाई सेवा प्रदान गरिएको छ ।

१४. रोगको पहिचान तथा समयमा सहि उपचार सेवा प्रदान गर्न थाहा नगरपालिकाको आफ्नै लगानीमा आग्रा, चित्लाङ, टिष्टुङ, बज्रवाराही र पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा गरी ५ वटा स्वास्थ्य संस्थाहरुबाट नि:शुल्क प्रयोगशाला सेवा प्रदान गर्दै आएको छ । यस सेवाबाट चालु आर्थिक वर्षको हालसम्ममा ४ हजार ३ सय ४४ सेवाग्राहीहरुले नि:शुल्क सेवा लिएका छन् ।

१५. नगर क्षेत्रका करिब २ सय ५० जना दिर्घ स्वासप्रस्वासका बिरामीहरुलाई काठमाडौंदेखि अक्सिजन सिलिन्डर ल्याउनु पर्ने झन्झटबाट मुक्ति दिलाई नगरपालिकाले अक्सिजन सहितको सिलिन्डर निरन्तर उपलब्ध गराउदै आएको छ । अक्सिजन समस्यालाई सदाको लागि अन्त्य गर्न नगर भित्रनै अक्सिजन प्लान्ट जडान गरी अक्सिजनको सफल परीक्षण उत्पादन कार्य गरिएको छ ।

१६. थाहा नगरपालिका वडा नम्बर ९ को चित्लाङ स्वास्थ्य चौकीको जीर्ण र अपुग भएकोले चालु आर्थिक वर्षमा च्वाइस नेपालसंगको सहकार्यमा भवन निर्माण प्रक्रिया अघि बढाइएको छ ।

१७. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष तथा उदेश्य अनुसार प्राथामिक स्वास्थ्य केन्द्र पालुङबाट CR-SYSTEM को डिजिटल X-Ray मेशिनबाट सेवा निरन्तर संचालन भइरहेको छ ।

१८. नगरको वडा नम्बर ६ बज्रबाराही स्वास्थ्य चौकीमा रहेको वैकल्पिक चिकित्साको एक्युपन्चर शाखाबाट नगर भरिको दैनिक ८० जना सेवाग्रहीहरुलाई निरन्तर सेवा प्रदान गर्दै आएको छ ।

१९. स्वास्थ्य चौकीको न्यूनतम सेवा उपलब्धताको अवस्था बारे मूल्याङ्कन गरी आवश्यकता अनुसार शुद्धिकरण गर्न स्वास्थ्य चौकीहरुको सुशासन व्यवस्थापन, क्लिनिकल व्यवस्थापन, स्वास्थ्य चौकीको सहयोग, सेवा व्यवस्थापन सम्बन्धि समिक्षा तथा मुल्याकन कार्य सम्पन्न गरिएको छ । संघीय सरकारको कानून र सूचक बमोजिम गरिएको यस मूल्याङ्कनमा बज्रवाराही स्वास्थ्य चौकी उत्कृष्ट पाइएकोमा अन्य स्वास्थ्य संस्थाहरुलाई पनि सोही स्थानमा पुर्‍याउन थप पृष्ठपोषण गरिने छ ।

२०. थाहानगरका १० वटा स्वास्थ्य संस्थाबाट बर्थिंङ सेवा निरन्तर संचालन गरिएको छ । सबै बर्थिंङ सेन्टरमा प्रसुती प्रतिक्षालय स्थापना गरि सेवा प्रदान गर्दै आएको छ ।

२१. गुणस्तरीय खोप सेवाको लागि नगरका १० वटा स्वास्थ्य संस्थामा विश्व स्वास्थ्य संगठनबाट प्रमाणित ILR फ्रिज को व्यवस्था गरिएको छ । स्वास्थ्य सेवाको तथ्यांकीय विवरण सूचना प्रणालीमा

मासिक रुपमा अनलाइन प्रविष्टि गर्न कम्प्युटर तथा इन्टरनेटको व्यवस्थापन गरिएको छ ।

२२. जन स्वास्थ्य समस्याको रुपमा देखिएको क्षयरोगलाई प्रभावकारी रुपमा शिघ्र निदान, पहिचान तथा रोकथाम गर्न देशका ७ सय ५३ मध्ये २७ पालिकामा संचालनमा रहेको क्षयरोगमुक्त पालिका घोषणा अभियान कार्यक्रम थाहा नगरमा संचालन भइरहेको छ । यो कार्यक्रमबाट २२ जना क्षयरोगी स्क्रनिङबाट पहिचान भइ उपचारमा रहेको छ ।

२३. पोषण कार्यक्रम अन्तर्गत पोषण समिक्षा असल खानपान सूचना, भिटामिन ‘ए’ कार्यक्रम, स्तनपान सप्ताह, पोसन कर्नर व्यवस्थापन, विद्यालय पोषण कार्यक्रम, समुदाय स्तरमा पोषिलो खानेकुराको प्रवर्द्धन जस्ता कार्यक्रम थाहानगरमा संचालन भैरहेको छ ।

२४. प्रसुती केन्द्रहरुमा गुणस्तरीय प्रसुती सेवा सुनिश्चित गर्न तथा जटिलता व्यवस्थापन गर्नको लागि स्थलगत अनुशिक्षण विधि मार्फत त्यहाँ कार्यरत नर्सिङ कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन भइरहेको छ ।

२५. प्रजनन स्वास्थ्य रुग्णता अर्थात स्तन क्यान्सर, फिस्टुला, आङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर र बाँझोपन भएका १ सय ७७ सेवाग्रहीको नि:शुल्क परीक्षण गरी थप उपचारको लागि ६ जनालाई रेफर गरिएको छ ।

२६. स्थानीय तह भित्रका महिला स्वास्थ्य स्वयमसेविका, विद्यालयका शिक्षकहरु र स्वास्थ्यकर्मीहरु गरि एकसय जनाभन्दा बढिको आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धि तालिम सम्पन्न गरि आधारभूत ज्ञान तथा सीप प्रदान गरिएको छ ।

२७. पालिकास्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, स्वास्थ्य कार्यक्रमहरुको तथ्याङ्क प्रमाणिकरण एवं गुणस्तर सुधार साथै वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

२८. सेवा प्रदायक स्वास्थ्यकर्मीहरुको ज्ञान र सीपको मुल्याङ्कन गर्न कार्यक्रमका समस्या पहिचान गर्न र ति समस्याहरु समाधानका लागि संयुक्त रुपमा कार्ययोजना तयार गर्न थाहा नगरपालिका अन्तर्गतको आग्रा, पालुङ र चित्लाङ स्वास्थ्यचौकी दामन र टौखेल शहरी स्वास्थ्य केन्द्र, पालुङ प्राथमिक स्वास्थ्य केन्द र लिती आधारभूत स्वास्थ्य केन्द्रमा समुदायमा आधारित एकीकृत बाल स्वासथ्य व्यवसथापन अनुशिक्षण सम्पन्न भएको छ ।

२९. नगरपालिकाका सबै वडाहरुमा १२ वटा स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा नियमित रुपमा उपलब्ध गराउँदै नगर क्षेत्र भित्रका अति विपन्न, सिमान्तकृत परिवारको स्वास्थ्य बिमाको कार्यक्रमलाई निरन्तरता दिदै चालु आर्थिक वर्षको हालसम्मको अवधिमा ३ सय परिवारको नि:शुल्क स्वास्थ्य बिमा गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

३०. कोभिड १९ विरुद्धको खोप हालसम्म १२ वर्ष माथिका २७ हजार १ सय ३४ जनालाई दिइएको छ । पहिलो डोज २४ हजार ९ सय ४६ जनालाई पूर्ण मात्रा र ८ हजार ६ सय ८३ जनालाई थप मात्राको खोप लगाईएको छ भने ५ देखि १२ वर्ष सम्मका ४ हजार २ सय ६ जना बालबालिकाहरुलाई पहिलो डोज र ३ हजार ७ सय ९६ बालबालिकालाई दोस्रो डोज फाईजर खोप लगाईएको छ । ५ हजार ६ सय ५६ बालबालिकालाई भिटामिन ‘ए’ खुवाइएको छ । डेंगी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत अभिमुखीकरण, प्रचार प्रसार एवम् लामखुट्टेको बास स्थान खोजी तथा नष्ट अभियान संचालन गरिएको छ ।

३१. सुत्केरी महिलालाई स्वस्थ जीवनयापनका लागि सुत्केरी भएको २४ घण्टा, ३ दिन, ७ दिन भित्र स्वास्थ्य चेकजाँच (PNC) कार्यलाई निरन्तरता दिइएको छ । चालु आर्थिक वर्षको यस अवधिमा गर्भवती ४ सय ३२ जना, प्रसुती १ सय १६ जना र सुत्केरी १ सय १४ जना महिलालाई स्वास्थ्य चेक जाँच गराइएको छ ।

३२. चालु आर्थिक वर्षको हालसम्म ४७ जनालाई नेपाल सरकारले प्रदान गर्ने विपन्न नागरिक औषधी उपचार सिफारिस गरिएको छ ।

३३. स्वास्थ्य शाखाको बार्षिक स्वीकृत कार्यक्रम मध्ये हाल सम्म ३०% वित्तिय प्रगति र ४२% भौतिक प्रगति भएको छ ।

३४. थाहानगरका सबै वडामा गरी ५२ उपभोक्ता समिति मार्फत खानेपानी आपूर्ति भइरहेको छ । नागरिकलाई सहजै खानेपानी सेवा प्रदान गर्नका लागि चालु आर्थिक वर्षबाट संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनासंगको सम्झौतामा वडा नम्बर १ देखि ४ सम्मका लागि वृहत्त खानेपानी आयोजनाको काम भइरहेको छ । पालिका क्षेत्रमा सञ्चालित खानेपानी आयोजनाहरुलाई एकीकृत रुपमा क्रियाशील गर्नका लागि थाहानगर खानेपानी व्यवस्थापन बोर्ड मार्फत सहजीकरण गरिनेछ ।

३५. संघीय कार्यक्रम अनुसार आर्थिक वर्ष २०७९/०८० को दोस्रो त्रैमासिक सम्ममा ज्येष्ठ नागरिकमा ३ हजार ८२ जना, विधवा ७ सय ५५ जना, अपाङ्गता भएका २ सय ७३ जना र दलित बालबालिका ९० जनाले गरी जम्मा ४ हजार २ सय जनालाई त्रैमासिक रुपमा बैक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

३६. थाहा नगरपालिकाको १२ वटै वडाबाट अनलाईन व्यक्तिगत घटना दर्ता भइरहेको छ । यस अन्तर्गत चालु आर्थिक वर्षको हालसम्ममा जन्मदर्ता ५ सय १८, विवाह दर्ता २ सय ५२, बसाइसराइ ५७, सम्बन्ध विच्छेद २८ र मृत्यू दर्ता २०८ वटा भएका छन् ।

३७. राष्ट्रिय बाल दिवसको अवसरमा नगरस्तरीय बाल कार्यक्रम, अन्तराष्ट्रिय अपाङ्ग दिवसको अवसरमा अपाङ्गता भएकाहरुका लागि प्रोत्साहन कार्यक्रम भएको छ ।

३८. महिला जनप्रतिनीधिहरुलाई उद्घोषण, नेतृत्व विकास तथा कानूनी शिक्षा तालिम दिइएको छ ।

३९. थाहानगरका सबै वडामा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत १ सय ८० जना ज्येष्ठ नागरिकहरुलाई न्यानो कपडा तथा सामाग्री वितरण गरिएको छ ।

४०. नगरस्तरीय बाल सञ्जाल तथा महिला सहकारीहरुको चौमासिक बैठक संचालन हुने गरेको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**वन, वातावरण तथा विपद व्यवस्थापन :**

१. थाहानगरको स्थानीय वन ऐन, २०७९ को विधेक तयार भएको छ । सामुदायिक वनहरुसंग समन्वय भैरहेको छ ।

२. थाहा नगरपालिकाको वडा नम्बर २ मा फेदीगाउँ बस्ती बचाउ योजनाको बोलपत्र आव्हान भइ पर्न आएका बोलदाताहरुको मुल्याङ्कन भइरहेको छ । उक्त योजनाबाट थाहा नगरपालिका वडा नम्बर २ को पालुङ्खोला किनाराको वस्ती तथा खेतीयोग्य जमिन संरक्षणमा सहयोग पुग्ने अपेक्षा लिएका छौं ।

३. सामुदायिक वन उपभोक्ता महासंघसंगको सहकार्यमा जडिबुट्टि पहिचान सम्बन्धी कार्यक्रम संचालन गरिएको छ । लवग्रिन संगको सहकार्यमा थाहा नगरपालिका वडा नम्बर ६ मा सेग्रिगेशन हाउस स्तरोन्नती तथा वडा नम्बर २ मा कम्पोष्ट पिट निर्माण कार्य शुभारम्भ गरिएको छ ।
४. थाहा नगरपालिका वडा नम्बर ६ लाई वातावरणमैत्री वडा घोषणाको लागि लवग्रिन नेपालसंगको साँझेदारीमा कार्यक्रमहरु संचालन भइरहेको छ ।
५. थाहानगरमा विपदका बेला अतिआवश्यकीय राहत प्याकेज वितरण गर्ने गरिएको छ।
६. थाहा नगरपालिकाले टोल विकास संस्था र बजार व्यवस्थापन समितिसंगको समन्वयमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य भइहरहेको छ । दैनिक फोहोर संकलनका लागि टिपरको व्यवसथा गरिएको छ भने फोहोरको वर्गिकरणका लागि थाहा नगरपालिका वडा नम्बर २ र ६ मा सेग्रिगेशन हाउस संचालनमा ल्याइएको छ । यसका लागि १४ जना सरसफाई कर्मचारीको व्यवस्था गरिएको छ ।
७. ढलजन्य फोहोर व्यवस्थापनका लागि पालिकामा ट्याङ्कीसहितको ट्याक्टर व्यवस्था गरिएको छ ।
८. विपद व्यवस्थापनका लागि कोषको व्यवस्था गरिएको छ । नगरपालिका कार्यालयमा आपतकालिन कार्य संचालन केन्द्र संचालनमा ल्याइएको छ । नगर र सबै वडामा विपद व्यवस्थापन समिति गठन गरी क्रियाशील गराइएको छ ।
९. थाहा नगरपालिकामा दक्ष जनशक्तीसहित बारुणयन्त्र २४ घण्टा तयारी अवस्थामा राखिएको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**आर्थिक विकास समिति:**

१. थाहा नगरपालिका वडा नम्बर ३ मा निर्माणाधिन थाहा शीतभण्डारको भवन निर्माण कार्य सकिएको हुँदा संचालनका लागि प्रदेश सरकारको सहयोगमा जडान गरिने चिस्यान मेशिन (Cooling Mechine) का लागि ३ करोड रुपियाँ विनियोजन भएको र सो को टेण्डर प्रक्रियामा रहेको छ ।
२. थाहा नगरपालिका पशु विकास शाखाबाट ७५ प्रतिशत अनुदानमा ३ सय परिवार कृषकहरुलाई ७ हजार किलो घाँसको विउ वितरण गरिएको छ । दुहुनो गाई, भैसी पकेट विस्तारको लागि भैंसीमा अनुदानमा सूचना प्रकाशन गरि कृषकहरु छनौट प्रक्रियामा रहेको छ । कृतिम गर्भाधान सेवा सञ्चालन भएकोमा जम्मा १ सय ९० वटा गाई-भैसीहरुको गर्भाधान गरिएको ।
३. विश्व रेबिज दिवसका अवसरमा पालिका क्षेत्रका ३ सय ५० वटा कुकरहरुलाई रेबिज विरुद्धको खोप लगाइएको छ । सेवा केन्द्रबाट ५ सय ५० कृषक परिवारले पालेको ५ सय ५० कृषकहरुले पालन गरेको ४ हजार १ सय पशुपंछीले उपचार पाएका छन् ।
४. थाहानगर क्षेत्रका १ हजार २ सय ६३ कृषक परिवारले पालेको पशुपंछीहरुको लागि आन्तरिक तथा बाहि्य परजीवी विरुद्धको औषधि नि:शुल्क वितरण तथा खुवाउने कार्यक्रम तय गरिएको छ ।
५. थाहा नगरपालिका कृषि विकास शाखाबाट २ सय ५० जना कृषकहरुलाई ८ सय ४८ लिटर इ.एम. झोल नि:शुल्क वितरण गरिएको छ । किसानहरुलाई खेतबारीका प्रयोग गर्नका लागि ७५

प्रतिशत अनुदानमा ३ सय परिवार किसानलाई २ हजार ४ सय १७ किलो बायोटिन कृषि चुन वितरण गरिएको छ ।

६. थाहानगरमा कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा विभिन्न कृषक समूह, फर्म तथा कृषि सहकारीमा १ सय २३ वटा मिनि टिलर वितरण गरिएको छ । किसानका मागको आधारमा संचालन गरिने अन्य कृषि अनुदानका कार्यक्रमहरुको माग संकलन भैरहेको छ ।
७. प्रदेश कानुन बमोजिम ५ लाख भन्दा कम पूँजी भएका उद्योगहरु पालिकामै दर्ता गरिने भएको हुँदा पालिकामा छुट्टै उद्योग विकास शाखाको स्थापना गरी कार्य संचालन अघि बढाइएको छ ।
८. थाहानगर उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योगकार्यालय लगायतसंगको सहकार्यमा उद्योग दर्ता, अनुगमन, नियमनका कार्यहरु संचालन गर्ने गरिएको छ ।
९. सहकारी ऐन निर्माण गरी कार्यान्वयनमा रहेको छ । थाहा नगरपालिकामा चालु आर्थिक वर्षमा एउटा कृषि सहकारी दर्ता भएको छ । थाहा नगरपालिकामा स्थानीय तहको अधिकार क्षेत्र भित्रका ३५ वटा सहकारी संस्थाहरु सक्रिय छन् । जसमा कृषि सहकारी २० वटा, बचत तथा ऋण सहकारी १३ वटा र बहुउद्देशीय सहकारी संस्था २ वटा रहेका छन् ।
१०. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वडा नंम्बर १२ मा नि:शर्त तर्फको बजेटबाट गलैचा बनाउने तालिम सञ्चालन भएकोमा १२ जनाले तालिम लिई काम गर्न थालेका छन् । वडा नम्बर ३ मा संचालन भएको उद्यमशीलता तालिममा ७० जना सहभागी भएका छन् । लघुउद्यम विकासका लागी सामाजिक परिचालन अन्तर्गत वडा नंम्बर ३ र ४ मा जनप्रतिनिधीहरुसंगको अभिमुखिकरण कार्यक्रम सम्पन्न भई सहभागितामूलक ग्रामिण लेखाजोखा (PRA), समूह गठन र फारम संकलन गरिएको गरिएको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**सुशासन तथा संस्थागत विकास:**

१. नगरपालिकामा संघ तथा प्रदेश मार्फत संचालन भएका परियोजना सहितको गरी कुल १ सय १५ जना कर्मचारीको दरबन्दी रहेकोमा ६१ जना पदपूर्ति भएको छ । साथै करारमा ३० जना कार्यरत छन् भने २४ पद रिक्त रहेको छ ।
२. नगरपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने उद्देश्यले कर्मचारी क्षमता अभिवृद्धि तालिम संचालन गरिएको छ । कर्मचारीहरुलाई कानूनी शिक्षा, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, योजना संचालन प्रक्रियालगायतको विषयमा सहजीकरण भएको छ ।
३. राजश्व परामर्श समिति थाहानगरको चालु आर्थिक वर्षमा १५ वटा बैठक बसेको छ । नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिमका कर लगाउन पाउने क्षेत्रहरुमा कर निर्धारण गरी कर संकलन, चुहावट नियन्त्रण कार्य भइरहेको छ । हालसम्म अनुमानित आन्तरिक आयमा १ करोड ३७ लाख आम्दानी भएको छ । पालिकाको भू-उपयोग नीति कार्यान्वयनमा ल्याई जग्गा वर्गिकरण कार्य सम्पन्न नभएको हुँदा अपेक्षित राजश्व संकलनमा चुनौति थपिएको छ ।
४. वित्तिय जोखिम न्यूनिकरणका लागि पालिकाले स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कन कार्यविधि, २०७७ बमोजिम वार्षिक रुपमा कार्यविधिको सूचकको आधारमा मुल्याङ्कन गर्दै सुधार गर्नुपर्ने सूचकहरुमा छलफल हुने गरेको छ ।

५. चालु आर्थिक वर्षको हालसम्मको योजनागत सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण २२ वटा सम्पन्न भएको छ ।
६. आर्थिक वर्ष २०७८/०७९ को आन्तरिक लेखा परीक्षण कार्य सम्पन्न भएको छ । चालु आर्थिक वर्षको आन्तरिक लेखा परीक्षण कार्य भैरहेको यस सभामा जानकारी गराउँदछु ।
७. आर्थिक वर्ष २०७७/०७८ सम्मको यस नगरपालिकाको कुल बेरुजू ६ करोड २५ लाख २५ हजार रहेको छ । बेरुजू फछ्र्यौटको लागि नगरपालिकाले पहल गरिरहेको छ ।
८. नगरपालिका र वडा कार्यालयहरुमा नगरसभाको निर्णय बमोजिम नागरिक वडापत्र, करका दरहरु सार्वजनिक गर्ने गरिएको छ । पालिकामा गुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी र सूचना अधिकारी तोकिएको छ ।
९. नगरपालिकाको भौतिक पूर्वाधार तथा सामाजिक विकासका क्षेत्रहरुमा नगरपालिकाले संघ, प्रदेश, सडक बोर्ड, जिल्ला समन्वय समिति, तिलगंगा आँखा उपचार केन्द्र तथा अन्तरपालिका सहकार्यलाई जोड दिइ काम गरिरहेको छ । यसका साथै गैर सरकारी संघसंस्थाहरु च्वाइस नेपाल, लवग्रिन नेपाल, राडो नेपाल तथा बजार व्यवस्थापन समिति र टोल विकास संस्थाहरुसंगको सहकार्य र समन्वयमा कार्यक्रमहरु संचालन गर्ने गरिएको छ ।
१०. संघीय सरकारको कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रममा १ सय ८ जना बेरोजगार सूचिकृत भएकोमा ४६ जनालाई कार्यविधि बमोजिमको सूचकमा आधारित भएर प्राथमिकतामा राखी ३३ जनाले रोजगार पाएका छन् ।
११. वैदेशिक रोजगारबाट फर्की आएकाहरुमा पुन: एकीकरण कार्यक्रममा सहभागी हुनको लागि चालु आर्थिक वर्षको हालसम्ममा ६० जनाको फारम संकलन भैसकेको छ ।
१२. चालु आर्थिक वर्षको पुस २० गतेसम्म न्यायिक समितिमा परेका २२ वटा उजुरीहरु मध्ये ८ वटा उजुरीहरु मेलमिलाप भएका छन् । १२ वटा उजुरीहरु विचारधिनमा रहेको र २ वटा उजुरीहरु अदालत गएका छन् ।
१३. चालु आर्थिक वर्षको हालसम्मको अवधिमा ४ वटा कार्यविधि पारित भएका छन् । एउटा ऐनको विधेक कार्यपालिकाबाट अनुमोदन भई यस सभामा टेबल हुने क्रममा रहेको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

चालु आर्थिक वर्ष २०७९/०८० को हालसम्मको अवधिमा संघीय सरकारमार्फत आय तर्फ समानीकरण अनुदान तर्फ ७ करोड ८ लाख ८३ हजार ३ सय ३३, सशर्त अनुदान चालु १४ करोड ३० लाख ५० हजार, विशेष अनुदान पुँजीगत ३३ लाख ३३ हजार ३ सय ३३ र समपुरक अनुदान पुँजीगत २६ लाख ६६ हजार ६ सय ६६ रुपियाँ प्राप्त भएको छ ।

बागमती प्रदेश सरकारबाट समानीकरण अनुदान प्राप्त भएको छैन भने सशर्त अनुदान चालु ६० लाख ६० हजार, विशेष अनुदान १८ लाख ७५ हजार, समपुरक अनुदान ७४ लाख ११ हजार २ सय ५० र राजश्व बाँडफाँड तर्फ संघ र प्रदेश सरकारबाट ४ करोड ५४ लाख ६५ हजार तथा आन्तरिक स्रोत राजश्व शुल्क गतवर्षको बैंक मौज्दात अल्या समेत गरी २८ करोड ५७ लाख १ हजार ६ सय १८ अर्थात चालु आर्थिक वर्षको अनुमानित आयको ४८ प्रतिशत आम्दानी गर्न सफल भएको छ ।

त्यसैगरी खर्चतर्फ कार्यलय संचालन तथा प्रशासनिक क्षेत्रतर्फ हालको अवधिसम्म ५ करोड २३ लाख ५७ हजार अर्थात ४६.४२ प्रतिशत, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ ६४ लाख ४० हजार ३ सय २ अर्थात १०.१९ प्रतिशत, पूर्वाधार विकास क्षेत्रतर्फ ९ करोड ४० लाख ३९ हजार २ सय ८६ अर्थात १८.१८ प्रतिशत, सामाजिक विकास क्षेत्र तर्फ १२ करोड ४२ लाख ६८ हजार १ सय ७७ अर्थात ३०.२२ प्रतिशत र आर्थिक विकास क्षेत्रतर्फ २३ लाख ६६ हजार ४ सय ६९ अर्थात २.७ प्रतिशत समेत गरी कुल २७ करोड ९४ लाख ७१ हजार २ सय ४९ अर्थात २३.८८ प्रतिशत खर्च भैसकेको अवस्था रहेको छ । जसमा चालु खर्च ३५.९ र पुँजीगत खर्च १४.९३ प्रतिशत खर्च भएको छ ।
यस अवधिमा अधिकांश योजना सम्झौता भई संचालनको क्रममा रहेको र खर्च भुक्तानी नभई सकेको हुँदा क्षेत्रगत रुपमा देखिएको खर्च कमजोर हो । यसलाई सुधार गर्नका लागि सम्पूर्ण नगरसभा सदस्य, कर्मचारी, उपभोक्ता समिति तथा हाम्रा योजनासंग सम्बन्धित सरोकारवालाहरु अझै एकीकृत रुपमा योजनावद्ध भई काम गर्नुपर्ने छ । तसर्थ चालु आर्थिक वर्षमा उल्लेखित प्रगती बढाइ उल्लेखनीय प्रगती हुने अपेक्षा लिएको छु । गत २०७९ असार १० गते सम्पन्न ११ औं नगरसभाबाट २०७९/०८० को लागि कुल बजेट १ अर्ब १७ करोड २ लाख १२ हजार ८ सय ६२ रुपियाँ बराबरको आय व्यय स्वीकृत भएकोमा सो बजेटमा थप स्रोत आम्दानी हुन नसकेको हुँदा कुल बजेटमा थप हुन नसकेको यस सभामा जानकारी गराउँदछु ।

**नगरसभा अध्यक्ष महोदय,**

थाहा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को रकमान्तर विवरण अनुसूचीमा समावेश गरेको छु ।

अन्तमा, यस थाहा नगरपालिकाको बाह्रौ नगरसभामा संशोधित बजेट, योजना तथा कार्यक्रमले थाहानगरको विकासमा उल्लेखनीय योगदान गरी विकासतर्फ लम्किनेछ भन्ने शुभेच्छा आशा एवम् विश्वास प्रकट गर्दै यस बजेट, योजनाको कार्यक्रम प्रस्तुत गर्ने सुअवसर दिनूभएकोमा गरिमामय सभालाई हार्दिक धन्यवाद दिन चाहन्छु । चालु आर्थिक वर्षको पुस २० गतेसम्मको प्रगती समिक्षा तयार गर्दा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, विषयगत समितिका संयोजक एवम् सदस्यज्यूहरु, वडा अध्यक्षज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मीलगायत सम्पूर्ण सरोकारवालाहरुमा धन्यवाद ज्ञापनसहित आभार प्रकट गर्दछु । धन्यवाद ।

मिति : २०७९ पुस २८ गते रोज ५ शुभम् ।

भरत गोपाली
उप प्रमुख

# १२ औं नगरसभाको बैठकमा २०७९ पौष २८ गते नगर उपप्रमुख एवम् सभाका उपाध्यक्ष श्री भरत गोपालीज्यूले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७९/०८० को नीति कार्यक्रम एवम् बजेट

समिक्षा सहितको संशोधित बजेट वक्तव्य

थाहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

**२०७९/०८०**

**नगर सभा अध्यक्ष ज्यू,**
**नगर सभाका सदस्य ज्यूहरु,**

थाहा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को संशोधित बजेट योजना तथा कार्यक्रम सहितको हिउँदे अधिवेशन मार्फत यस थाहा नगरपालिकाको **बाह्रौं नगरसभा**मा बजेट योजना तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्न पाउँदा गौरवान्वित छु । यस अवसरमा उपस्थित हुनु भएका नगरसभा सदस्यज्यूहरुलाई यस थाहा नगरपालिका नगर उपप्रमुख भरत गोपालीको तर्फबाट यस गरिमामय सभामा हार्दिक स्वागत सहित न्यानो अभिवादन व्यक्त गर्दछु ।
हामी जनप्रतिनिधीहरुलाई स्थानीय पालिका मार्फत राज्य शक्तीको प्रयोग गर्ने अवसर प्रदान भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थालाई संस्थागत गर्ने तल्लो निकाय भनेको पनि स्थानीय तह नै हो । नागरिकले अनुभव गर्न सक्ने विकास, सेवा प्रवाह गर्नु हाम्रो कर्तव्य हो । संवैधानिक व्यवस्था बमोजिम जनताको नजिकका सरकारको रुपमा रहेको स्थानीय तहका अधिकार क्षेत्रको प्रयोग गर्दै जनअपेक्षा अनुरुप दिगो शान्ति स्थायित्व विकास र सम्वृद्धिको गन्तव्यलाई पहिल्याउँदै हामी कार्य गरिरहेका छौं ।

**नगरसभा अध्यक्ष महोदय,**
अब म सम्मानित नगरसभा समक्ष चालु आर्थिक वर्ष २०७९/०८० मा सम्पन्न भएका क्षेत्रगत कार्यक्रमको प्रगती समिक्षा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**भौतिक पूर्वाधार विकास:**

१. चालु आर्थिक वर्षको हालसम्म सडक ग्राभेल ५ हजार १ सय ५१ मीटर गरिएको छ भने सडक स्ल्याब ढालन २ हजार ९ सय ८० मीटर गरिएको छ । ढुङ्गाको वाल ८ सय १९ मीटर तथा नयाँ सडक ट्रयाक ९ सय ३७ मीटर विस्तार भएको छ । सडक चौडा १ हजार १ सय ५८ मीटर गरिएको छ ।
२. चालु आर्थिक वर्ष २०७९/०८० मा उपभोक्ता समितिबाट संचालन हुने कुल योजना १ सय ५९ वटा रहेकोमा ७३ वटा योजना सम्झौता भएका छन् भने सम्झौता भएका मध्ये २२ वटा योजना सम्पन्न भएका छन् । ८६ वटा योजना सम्झौताको चरणमै रहेका छन् ।
३. आर्थिक वर्ष २०७९/०८० मा जिम्मेवारी सरेर आएका समेत गरी २४ वटा टेण्डर मार्फत संचालन हुने योजनाहरु रहेका छन् । चालु आर्थिक वर्षमा टेण्डर आव्हान भएका ५ वटा आयोजना मध्ये २ वटा सम्झौता भइसकेका छन्, २ वटा मूल्याङ्कनको चरणमा रहेका छन् भने एउटा योजना सम्झौताको चरणमा रहेको छ ।
४. थाहा नगरपालिका वडा नम्बर १ र ३ जोड्ने पालुङ खोलामा निर्माण हुने झोलुङ्गे पुल निर्माणका लागि प्रदेश सरकार, राडो नेपाल र थाहा नगरपालिकाबीच सम्झौता भई निर्माण सामाग्री आपूर्तिको ठेक्का आव्हान गर्ने चरणमा रहेको छ ।
५. प्रदेश सरकारको सहयोगमा भुङ्दल खोलामा मोटरेबल पुल निर्माण सम्पन्न भई यातायात आवागमन सुचारु भएको ।

६. प्रदेश सुशासन केन्द्र बागमती प्रदेशसंगको सहकार्यमा थाहानगरको आवधिक योजना निर्माण गरिएको छ ।

७. चालु आर्थिक वर्षको हालसम्म दुई वटा घर निर्माणको लागि निवेदन पेश भएकोमा घर नक्शा पास प्रक्रियामा रहेको छ ।

८. थाहानगरको सिमभन्ज्याङ, दामन, शिखरकोट, बज्रवाराही, नौखण्डे, पालुङलगतायतका क्षेत्रहरुमा सौर्य तथा विद्युतीय सडक बत्ती जडान गरी टोल विकास संस्था तथा बजार व्यवस्थापन समितिको नेतृत्वमा व्यवस्थापन भइरहेको छ ।

९. थाहा नगरपालिकाबाट हुने भूक्तानी प्रक्रियालाई अनलाइन मार्फत गर्ने गरिएको यस गरिमामय सभामा जानकारी गराउँदछु ।

१०. सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै पालिकामा तिर्नुपर्ने कर प्रणालीलाई सुधार गरिएको छ । पालिका र पालिकादेखि प्रत्येक वडा कार्यालयसम्म विस्तार भएको तारसहितको नेटवर्किङ कार्यलाई ताररहित बनाइ वेभमा आधारित कर प्रणाली विकास गरी करको तथ्याङ्क व्यवस्थापन गरिएको छ ।

११. जन्म, मृत्यू, बसाइसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत एम.आइ.एस. प्रणालीमा अभिलेखीकरण गरिएको छ ।

१२. सामाजिक सुरक्षा भत्तालाई पूर्ण रुपमा बैङ्किङ प्रणालीबाट वितरणको व्यवस्था मिलाई लाभग्राहीको तथ्याङ्क दर्ता, नवीकरण, लगतकट्टा, लगत हस्तान्तरण गर्ने कार्यलाई शतप्रतिशत एम.आइ.एस. प्रणालीबाट गर्ने गरिएको छ ।

१३. पालिका र वडा कार्यालयबीचको पत्र व्यवहारलाई विद्युतीय सञ्चार (इमेल) बाट गरी सेवाग्राहीलाई सहज र छिटो सेवा दिने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

१४. पालिकाले लक्षित समूह तथा सम्पूर्ण नगरबासीहरुका लागि गरिने सूचना तथा जानकारी पालिकाको वेवसाइट, फेसबुक पेज तथा अन्य सामाजिक सञ्जालहरु मार्फत प्रकाशन गर्ने गरिएको छ ।

१५. थाहा नगरपालिकाबाट सम्पादित गतिविधिहरुको बारेमा नागरिकलाई सूसुचित गराउन प्रत्येक १५/१५ दिनमा रेडियो कार्यक्रम निर्माण गरी प्रशारण गर्ने गरिएको छ । स्थानीय रेडियो, पत्रिका अनलाइन मिडियाहरु मार्फत सुशासनको लागि सूचनाहरु, नियमित प्रकाशन तथा प्रशारण भइरहेको छ ।

१६. नेपाल सरकारद्वारा जारी विद्यालयहरुको सम्पूर्ण विवरण समेटिएको एकीकृत सूचना प्रणाली इ.एम.आइ.एस. प्रयोगमा ल्याइएको छ ।

१७. नगरको समग्र स्वास्थ्य सम्बन्धी कार्यक्रमको प्रगती प्रतिवेदन DHIS2 मार्फत, जिल्ला, विभाग तथा मन्त्रालयमा पठाउने गरिएको ।

१८. कोभिड-१९ विरुद्धको खोप लगाएकाहरुको विवरण IMU प्रणालीमा अभिलेख व्यवस्थापन गरी चालु आर्थिक वर्षको हालसम्म ७ सय ५८ जनालाई अनलाइनको माध्यमबाट क्यु.आर. कोड वितरण गरिएको छ ।

१९. नगर क्षेत्रमा रहेका टि.बी. संक्रमण भएका विरामीहरुको दैनिक रिपोटिङलाई अनलाइन प्रणाली eTB प्रणालीमा राख्ने गरिएको छ । यस प्रणालीमा चालु आर्थिक वर्षको हालसम्म २२ जनाको अभिलेख अद्यावधिक भएको छ ।

२०. संघीय सरकारको किसान सूचीकरण कार्यानवयन कार्यविधि, २०७७ बमोजिम थाहा नगरपालिका वडा नम्बर ७ र १० मा अनलाइनमा आधारित किसान सूचीकरणको कार्यक्रम शुरु भैसकेको र अन्य वडाहरुमा पनि सो कार्यक्रम चालु आर्थिक वर्षबाटै शुरु गरिने छ ।

२१. थाहानगरको पर्यटन प्रवर्द्धनका लागि Complete web Based Application for Tourism Management System प्रणाली तथा थाहा Complete Software कार्यान्वयनका लागि प्रक्रिया अघि बढाइएको छ ।

२२. संघीय सरकारले कार्यान्वयनमा ल्याएको इ-बिडिङलाई पूर्णत: कार्यान्वयनमा ल्याई १० लाख भन्दा माथिका योजना तथा खरिद कार्यलाई अनिवार्य इ-बिडिङ मार्फत गर्ने गरिएको छ ।

२३. संघ तथा प्रदेश सरकारले प्रयोगमा ल्याएका अन्य अनलाइन रिपोटिङ प्रणालीहरु प्रयोग गर्ने गरिएको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**सामाजिक विकास:**

१. चालु आर्थिक वर्षमा बालमैत्री स्थानीय शासन घोषणाको लागि संस्थागत व्यवस्था गरिएको छ ।

२. थाहानगरको ऐतिहासिक ३ वर्षे इन्द्रायणी मेला व्यवव्स्थापनमा सहयोग गरिएको छ भने थाहा नगरपालिकाको वडा नम्बर ५ मा गुरुङ घर निर्माण कार्य सम्पन्न भएको छ । थाहा नगरपालिका वडा नम्बर ११ मा तामाङ संग्राहलय भवन निर्माण सम्पन्न भएको छ ।

३. थाहा नगरपालिका वडा नम्बर ४ नयाँगाउँमा स्थानीय उत्पादन प्रवर्द्धन तथा बजारीकरण गर्ने उद्देश्यले स्थापना गरिएको कोशली घर संचालन समिति गठन गरीएको छ । उक्त कोशली घर केही दिनमै संचालन गरिनेछ ।

४. युवा लक्षित कार्यक्रम अन्तर्गत मोटरसाइकल मर्मत तालिम सम्पन्न गरी ६ जना युवाहरु सिकेको सीपबाट रोजगार उन्मुख भएका छन् ।

५. थाहानगरस्तरीय अन्तरवडा फुटबल प्रतियोगिता, नगरस्तरीय कराँते प्रतियोगिता सम्पन्न भएको छ भने नगरकै सर्वाधिक पुरस्कार राशीको थाहा गोल्डकप फुटबल प्रतियोगिता संचालन भइरहेको छ ।

६. संभवत: नेपालमै पहिलो पटक स्थानीय तहले पहिलोपटक स्थानीय खेलाडी सूचीकृत र बीमा कार्यक्रम शुभारम्भ गरिएको छ ।

७. विभिन्न सामुदायिक विद्यालयमा कार्यरत ६२ जना बाल कक्षा शिक्षकहरुलाई चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसार ४ दिने बाल कक्षा सञ्चालन सम्बन्धी तालिम सम्पन्न गरिएको छ ।

८. प्रत्येक महिनामा विभिन्न फरक फरक विद्यालयमा प्रधानाध्यापक बैठक सञ्चालन गरी विद्यालयको असल अभ्यास आदान प्रदान तथा शैक्षिक गुणस्तर वृद्धि सम्बन्धी ६ वटा अन्तक्रिया कार्यक्रम गरिएको छ ।

९. थाहानगरस्तरीय अन्तर माध्यमिक विद्यालय विज्ञान प्रदर्शनी आयोजना गरी जिल्लास्तरीय प्रतियोगितामा थाहानगरको विद्यालय दोस्रो भई पुरस्कार प्राप्त गरेको छ ।

१०. राष्ट्रपति रनिङ शिल्ड तथा पाँचौ मेयर कप भलिबल प्रतियोगिता पालिकाको वार्षिक खेल तालिका अनुसार सम्पन्न गरिएको छ ।

११. बागमती प्रदेश सरकारको आर्थिक सहयोग तथा थाहा नगरपालिकाको सहजीकरणमा वडा नम्बर १ को श्री सुनौला माध्यमिक विद्यालय, वडा नम्बर ११ को श्री माहांकाल आधारभूत विद्यालय टिस्टुङमा विद्यालय घेराबार तथा वडा नम्बर १ को श्री बालज्योति प्राथमिक विद्यालयमा शौचालय निर्माण कार्य सम्पन्न गरिएको छ ।

१२. स्वास्थ्य संस्थामा हुने सुत्केरी सेवाको पहुँच बढाउन घरमा हुने सुत्केरी शुन्य (Zero Home Delivery) अभियान संचालन गरी समुदायलाई दक्ष प्रसुतिकर्मीबाट स्वास्थ्य संस्थामा गर्भवति जाँच तथा प्रसुती सेवा लिन अभिप्रेरित गर्ने कार्यक्रमहरु निरन्तर संचालन भइरहेको छ । चालु आर्थिक वर्षमा १, ५, ७ र ८ नम्बर वडामा कार्यक्रम संचालन गरी आगामि आर्थिक वर्षभित्र घरमा हुने सुत्केरी शुन्य पालिका घोषणा गरिनेछ ।

१३. मातृशिशु मृत्यूदरलाई कमी गर्न थाहा नगरपालिकाले समुदायस्तरमै ग्रामिण भिडियो एक्सरे कार्यक्रम संचालन गरिरहेको छ । गर्भवती महिलाहरुको जटिलता पत्ता लगाइ समयमै थप परामर्श र उपचारको लागि रेफर गरी जटिलताको व्यवस्थापन गर्न संचालन गरिएको यस कार्यक्रमबाट चालु आर्थिक वर्षको हालसम्ममा  ३ सय १० जना गर्भवतीहरुलाई सेवा प्रदान गरिएको छ ।

१४. रोगको पहिचान तथा समयमा सहि उपचार सेवा प्रदान गर्न थाहा नगरपालिकाको आफ्नै लगानीमा आग्रा, चित्लाङ, टिष्टुङ, बज्रवाराही र पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा गरी ५ वटा स्वास्थ्य संस्थाहरुबाट नि:शुल्क प्रयोगशाला सेवा प्रदान गर्दै आएको छ । यस सेवाबाट चालु आर्थिक वर्षको हालसम्ममा ४ हजार ३ सय ४४ सेवाग्राहीहरुले नि:शुल्क सेवा लिएका छन् ।

१५. नगर क्षेत्रका करिब २ सय ५० जना दिर्घ स्वासप्रस्वासका बिरामीहरुलाई काठमाडौंदेखि अक्सिजन सिलिन्डर ल्याउनु पर्ने झन्झटबाट मुक्ति दिलाई नगरपालिकाले अक्सिजन सहितको सिलिन्डर निरन्तर उपलब्ध गराउदै आएको छ । अक्सिजन समस्यालाई सदाको लागि अन्त्य गर्न नगर भित्रनै अक्सिजन प्लान्ट जडान गरी अक्सिजनको सफल परीक्षण उत्पादन कार्य गरिएको छ ।

१६. थाहा नगरपालिका वडा नम्बर ९ को चित्लाङ स्वास्थ्य चौकीको जीर्ण र अपुग भएकोले चालु आर्थिक वर्षमा च्वाइस नेपालसंगको सहकार्यमा भवन निर्माण प्रक्रिया अघि बढाइएको छ ।

१७. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष तथा उदेश्य अनुसार प्राथामिक स्वास्थ्य केन्द्र पालुङबाट CR-SYSTEM को डिजिटल X-Ray मेशिनबाट सेवा निरन्तर संचालन भइरहेको छ ।

१८. नगरको वडा नम्बर ६ बज्रबाराही स्वास्थ्य चौकीमा रहेको वैकल्पिक चिकित्साको एक्युपन्चर शाखाबाट नगर भरिको दैनिक ८० जना सेवाग्रहीहरुलाई निरन्तर सेवा प्रदान गर्दै आएको छ ।

१९. स्वास्थ्य चौकीको न्यूनतम सेवा उपलब्धताको अवस्था बारे मूल्याङ्कन गरी आवश्यकता अनुसार शुद्धिकरण गर्न स्वास्थ्य चौकीहरुको सुशासन व्यवस्थापन, क्लिनिकल व्यवस्थापन, स्वास्थ्य चौकीको सहयोग, सेवा व्यवस्थापन सम्बन्धि समिक्षा तथा मुल्याकन कार्य सम्पन्न गरिएको छ । संघीय सरकारको कानून र सूचक बमोजिम गरिएको यस मूल्याङ्कनमा बज्रवाराही स्वास्थ्य चौकी उत्कृष्ट पाइएकोमा अन्य स्वास्थ्य संस्थाहरुलाई पनि सोही स्थानमा पुर्‍याउन थप पृष्ठपोषण गरिने छ ।

२०. थाहानगरका १० वटा स्वास्थ्य संस्थाबाट बर्थिंङ सेवा निरन्तर संचालन गरिएको छ । सबै बर्थिंङ सेन्टरमा प्रसुती प्रतिक्षालय स्थापना गरि सेवा प्रदान गर्दै आएको छ ।

२१. गुणस्तरीय खोप सेवाको लागि नगरका १० वटा स्वास्थ्य संस्थामा विश्व स्वास्थ्य संगठनबाट प्रमाणित ILR फ्रिज को व्यवस्था गरिएको छ । स्वास्थ्य सेवाको तथ्यांकीय विवरण सूचना प्रणालीमा

मासिक रुपमा अनलाइन प्रविष्टि गर्न कम्प्युटर तथा इन्टरनेटको व्यवस्थापन गरिएको छ ।

२२. जन स्वास्थ्य समस्याको रुपमा देखिएको क्षयरोगलाई प्रभावकारी रुपमा शिघ्र निदान, पहिचान तथा रोकथाम गर्न देशका ७ सय ५३ मध्ये २७ पालिकामा संचालनमा रहेको क्षयरोगमुक्त पालिका घोषणा अभियान कार्यक्रम थाहा नगरमा संचालन भइरहेको छ । यो कार्यक्रमबाट २२ जना क्षयरोगी स्क्रनिङबाट पहिचान भइ उपचारमा रहेको छ ।

२३. पोषण कार्यक्रम अन्तर्गत पोषण समिक्षा असल खानपान सूचना, भिटामिन 'ए' कार्यक्रम, स्तनपान सप्ताह, पोसन कर्नर व्यवस्थापन, विद्यालय पोषण कार्यक्रम, समुदाय स्तरमा पोषिलो खानेकुराको प्रवर्द्धन जस्ता कार्यक्रम थाहानगरमा संचालन भैरहेको छ ।

२४. प्रसुती केन्द्रहरुमा गुणस्तरीय प्रसुती सेवा सुनिश्चित गर्न तथा जटिलता व्यवस्थापन गर्नको लागि स्थलगत अनुशिक्षण विधि मार्फत त्यहाँ कार्यरत नर्सिङ कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन भइरहेको छ ।

२५. प्रजनन स्वास्थ्य रुग्णता अर्थात स्तन क्यान्सर, फिस्टुला, आङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर र बाँझोपन भएका १ सय ७७ सेवाग्रहीको नि:शुल्क परीक्षण गरी थप उपचारको लागि ६ जनालाई रेफर गरिएको छ ।

२६. स्थानीय तह भित्रका महिला स्वास्थ्य स्वयमसेविका, विद्यालयका शिक्षकहरु र स्वास्थ्यकर्मीहरु गरि एकसय जनाभन्दा बढिको आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धि तालिम सम्पन्न गरि आधारभूत ज्ञान तथा सीप प्रदान गरिएको छ ।

२७. पालिकास्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, स्वास्थ्य कार्यक्रमहरुको तथ्याङ्क प्रमाणिकरण एवं गुणस्तर सुधार साथै वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

२८. सेवा प्रदायक स्वास्थ्यकर्मीहरुको ज्ञान र सीपको मुल्याङ्कन गर्न कार्यक्रमका समस्या पहिचान गर्न र ति समस्याहरु समाधानका लागि संयुक्त रुपमा कार्ययोजना तयार गर्न थाहा नगरपालिका अन्तर्गतको आग्रा, पालुङ र चित्लाङ स्वास्थ्यचौकी दामन र टौखेल शहरी स्वास्थ्य केन्द्र, पालुङ प्राथमिक स्वास्थ्य केन्द र लिती आधारभूत स्वास्थ्य केन्द्रमा समुदायमा आधारित एकीकृत बाल स्वासथ्य व्यवसथापन अनुशिक्षण सम्पन्न भएको छ ।

२९. नगरपालिकाका सबै वडाहरुमा १२ वटा स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा नियमित रुपमा उपलब्ध गराउँदै नगर क्षेत्र भित्रका अति विपन्न, सिमान्तकृत परिवारको स्वास्थ्य बिमाको कार्यक्रमलाई निरन्तरता दिदै चालु आर्थिक वर्षको हालसम्मको अवधिमा ३ सय परिवारको नि:शुल्क स्वास्थ्य बिमा गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

३०. कोभिड १९ विरुद्धको खोप हालसम्म १२ वर्ष माथिका २७ हजार १ सय ३४ जनालाई दिइएको छ । पहिलो डोज २४ हजार ९ सय ४६ जनालाई पूर्ण मात्रा र ८ हजार ६ सय ८३ जनालाई थप मात्राको खोप लगाईएको छ भने ५ देखि १२ वर्ष सम्मका ४ हजार २ सय ६ जना बालबालिकाहरुलाई पहिलो डोज र ३ हजार ७ सय ९६ बालबालिकालाई दोस्रो डोज फाईजर खोप लगाईएको छ । ५ हजार ६ सय ५६ बालबालिकालाई भिटामिन 'ए' खुवाइएको छ । डेंगी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत अभिमुखीकरण, प्रचार प्रसार एवम् लामखुट्टेको बास स्थान खोजी तथा नष्ट अभियान संचालन गरिएको छ ।

३१. सुत्केरी महिलालाई स्वस्थ जीवनयापनका लागि सुत्केरी भएको २४ घण्टा, ३ दिन, ७ दिन भित्र स्वास्थ्य चेकजाँच (PNC) कार्यलाई निरन्तरता दिइएको छ । चालु आर्थिक वर्षको यस अवधिमा गर्भवती ४ सय ३२ जना, प्रसुती १ सय १६ जना र सुत्केरी १ सय १४ जना महिलालाई स्वास्थ्य चेक जाँच गराइएको छ ।

३२. चालु आर्थिक वर्षको हालसम्म ४७ जनालाई नेपाल सरकारले प्रदान गर्ने विपन्न नागरिक औषधी उपचार सिफारिस गरिएको छ ।

३३. स्वास्थ्य शाखाको बार्षिक स्वीकृत कार्यक्रम मध्ये हाल सम्म ३०% वित्तिय प्रगति र ४२% भौतिक प्रगति भएको छ ।

३४. थाहानगरका सबै वडामा गरी ५२ उपभोक्ता समिति मार्फत खानेपानी आपूर्ति भइरहेको छ । नागरिकलाई सहजै खानेपानी सेवा प्रदान गर्नका लागि चालु आर्थिक वर्षबाट संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनासंगको सम्झौतामा वडा नम्बर १ देखि ४ सम्मका लागि वृहत्त खानेपानी आयोजनाको काम भइरहेको छ । पालिका क्षेत्रमा सञ्चालित खानेपानी आयोजनाहरुलाई एकीकृत रुपमा क्रियाशील गर्नका लागि थाहानगर खानेपानी व्यवस्थापन बोर्ड मार्फत सहजीकरण गरिनेछ ।

३५. संघीय कार्यक्रम अनुसार आर्थिक वर्ष २०७९/०८० को दोस्रो त्रैमासिक सम्ममा ज्येष्ठ नागरिकमा ३ हजार ८२ जना, विधवा ७ सय ५५ जना, अपाङ्गता भएका २ सय ७३ जना र दलित बालबालिका ९० जनाले गरी जम्मा ४ हजार २ सय जनालाई त्रैमासिक रुपमा बैक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

३६. थाहा नगरपालिकाको १२ वटै वडाबाट अनलाईन व्यक्तिगत घटना दर्ता भइरहेको छ । यस अन्तर्गत चालु आर्थिक वर्षको हालसम्ममा जन्मदर्ता ५ सय १८, विवाह दर्ता २ सय ५२, बसाइसराइ ५७, सम्बन्ध विच्छेद २८ र मृत्यू दर्ता २०८ वटा भएका छन् ।

३७. राष्ट्रिय बाल दिवसको अवसरमा नगरस्तरीय बाल कार्यक्रम, अन्तराष्ट्रिय अपाङ्ग दिवसको अवसरमा अपाङ्गता भएकाहरुका लागि प्रोत्साहन कार्यक्रम भएको छ ।

३८. महिला जनप्रतिनीधिहरुलाई उद्घोषण, नेतृत्व विकास तथा कानूनी शिक्षा तालिम दिइएको छ ।

३९. थाहानगरका सबै वडामा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत १ सय ८० जना ज्येष्ठ नागरिकहरुलाई न्यानो कपडा तथा सामाग्री वितरण गरिएको छ ।

४०. नगरस्तरीय बाल सञ्जाल तथा महिला सहकारीहरुको चौमासिक बैठक संचालन हुने गरेको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**वन, वातावरण तथा विपद व्यवस्थापन :**

१. थाहानगरको स्थानीय वन ऐन, २०७९ को विधेक तयार भएको छ । सामुदायिक वनहरुसंग समन्वय भैरहेको छ ।

२. थाहा नगरपालिकाको वडा नम्बर २ मा फेदीगाउँ बस्ती बचाउ योजनाको बोलपत्र आव्हान भइ पर्न आएका बोलदाताहरुको मुल्याङ्कन भइरहेको छ । उक्त योजनाबाट थाहा नगरपालिका वडा नम्बर २ को पालुङ्खोला किनाराको वस्ती तथा खेतीयोग्य जमिन संरक्षणमा सहयोग पुग्ने अपेक्षा लिएका छौं ।

३. सामुदायिक वन उपभोक्ता महासंघसंगको सहकार्यमा जडिबुट्टि पहिचान सम्बन्धी कार्यक्रम संचालन गरिएको छ । लवग्रिन संगको सहकार्यमा थाहा नगरपालिका वडा नम्बर ६ मा सेग्रिगेशन हाउस स्तरोन्नती तथा वडा नम्बर २ मा कम्पोष्ट पिट निर्माण कार्य शुभारम्भ गरिएको छ ।
४. थाहा नगरपालिका वडा नम्बर ६ लाई वातावरणमैत्री वडा घोषणाको लागि लवग्रिन नेपालसंगको साँझेदारीमा कार्यक्रमहरु संचालन भइरहेको छ ।
५. थाहानगरमा विपदका बेला अतिआवश्यकीय राहत प्याकेज वितरण गर्ने गरिएको छ।
६. थाहा नगरपालिकाले टोल विकास संस्था र बजार व्यवस्थापन समितिसंगको समन्वयमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य भइहरहेको छ । दैनिक फोहोर संकलनका लागि ट्रिपरको व्यवसथा गरिएको छ भने फोहोरको वर्गिकरणका लागि थाहा नगरपालिका वडा नम्बर २ र ६ मा सेग्रिगेशन हाउस संचालनमा ल्याइएको छ । यसका लागि १४ जना सरसफाई कर्मचारीको व्यवस्था गरिएको छ ।
७. ढलजन्य फोहोर व्यवस्थापनका लागि पालिकामा ट्याङ्कीसहितको ट्याक्टर व्यवस्था गरिएको छ ।
८. विपद व्यवस्थापनका लागि कोषको व्यवस्था गरिएको छ । नगरपालिका कार्यालयमा आपतकालिन कार्य संचालन केन्द्र संचालनमा ल्याइएको छ । नगर र सबै वडामा विपद व्यवस्थापन समिति गठन गरी क्रियाशील गराइएको छ ।
९. थाहा नगरपालिकामा दक्ष जनशक्तीसहित बारुणयन्त्र २४ घण्टा तयारी अवस्थामा राखिएको छ ।

**नगरसभा अध्यक्ष महोदय,**
**आर्थिक विकास समिति:**

१. थाहा नगरपालिका वडा नम्बर ३ मा निर्माणाधिन थाहा शीतभण्डारको भवन निर्माण कार्य सकिएको हुँदा संचालनका लागि प्रदेश सरकारको सहयोगमा जडान गरिने चिस्यान मेशिन (Cooling Mechine) का लागि ३ करोड रुपियाँ विनियोजन भएको र सो को टेण्डर प्रक्रियामा रहेको छ ।
२. थाहा नगरपालिका पशु विकास शाखाबाट ७५ प्रतिशत अनुदानमा ३ सय परिवार कृषकहरुलाई ७ हजार किलो घाँसको विउ वितरण गरिएको छ । दुहुनो गाई, भैसी पकेट विस्तारको लागि भैंसीमा अनुदानमा सूचना प्रकाशन गरि कृषकहरु छनौट प्रक्रियामा रहेको छ । कृतिम गर्भाधान सेवा सञ्चालन भएकोमा जम्मा १ सय ९० वटा गाई-भैसीहरुको गर्भाधान गरिएको ।
३. विश्व रेबिज दिवसका अवसरमा  पालिका क्षेत्रका ३ सय ५० वटा कुकरहरुलाई रेबिज विरुद्धको खोप लगाइएको छ । सेवा केन्द्रबाट ५ सय ५० कृषक परिवारले पालेको ५ सय ५० कृषकहरुले पालन गरेको ४ हजार १ सय पशुपंछीले उपचार पाएका छन् ।
४. थाहानगर क्षेत्रका १ हजार २ सय ६३ कृषक परिवारले पालेको पशुपंछीहरुको लागि आन्तरिक तथा बाहि्य परजीवी विरुद्धको औषधि नि:शुल्क वितरण तथा खुवाउने कार्यक्रम तय गरिएको छ ।
५. थाहा नगरपालिका कृषि विकास शाखाबाट २ सय ५० जना कृषकहरुलाई ८ सय ४८ लिटर इ.एम. झोल नि:शुल्क वितरण गरिएको छ । किसानहरुलाई खेतबारीका प्रयोग गर्नका लागि ७५

प्रतिशत अनुदानमा ३ सय परिवार किसानलाई २ हजार ४ सय १७ किलो बायोटिन कृषि चुन वितरण गरिएको छ ।

६. थाहानगरमा कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा विभिन्न कृषक समूह, फर्म तथा कृषि सहकारीमा १ सय २३ वटा मिनि टिलर वितरण गरिएको छ । किसानका मागको आधारमा संचालन गरिने अन्य कृषि अनुदानका कार्यक्रमहरुको माग संकलन भैरहेको छ ।

७. प्रदेश कानुन बमोजिम ५ लाख भन्दा कम पूँजी भएका उद्योगहरु पालिकामै दर्ता गरिने भएको हुँदा पालिकामा छुट्टै उद्योग विकास शाखाको स्थापना गरी कार्य संचालन अघि बढाइएको छ ।

८. थाहानगर उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योगकार्यालय लगायतसंगको सहकार्यमा उद्योग दर्ता, अनुगमन, नियमनका कार्यहरु संचालन गर्ने गरिएको छ ।

९. सहकारी ऐन निर्माण गरी कार्यान्वयनमा रहेको छ । थाहा नगरपालिकामा चालु आर्थिक वर्षमा एउटा कृषि सहकारी दर्ता भएको छ । थाहा नगरपालिकामा स्थानीय तहको अधिकार क्षेत्र भित्रका ३५ वटा सहकारी संस्थाहरु सक्रिय छन् । जसमा कृषि सहकारी २० वटा, बचत तथा ऋण सहकारी १३ वटा र बहुउद्देशीय सहकारी संस्था २ वटा रहेका छन् ।

१०. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वडा नंम्बर १२ मा नि:शर्त तर्फको बजेटबाट गलैचा बनाउने तालिम सञ्चालन भएकोमा १२ जनाले तालिम लिई काम गर्न थालेका छन् । वडा नम्बर ३ मा संचालन भएको उद्यमशीलता तालिममा ७० जना सहभागी भएका छन् । लघुउद्यम विकासका लागी सामाजिक परिचालन अन्तर्गत वडा नंम्बर ३ र ४ मा जनप्रतिनिधीहरुसंगको अभिमुखिकरण कार्यक्रम सम्पन्न भई सहभागितामूलक ग्रामिण लेखाजोखा (PRA), समूह गठन र फारम संकलन गरिएको गरिएको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**सुशासन तथा संस्थागत विकास:**

१. नगरपालिकामा संघ तथा प्रदेश मार्फत संचालन भएका परियोजना सहितको गरी कुल १ सय १५ जना कर्मचारीको दरबन्दी रहेकोमा ६१ जना पदपूर्ति भएको छ । साथै करारमा ३० जना कार्यरत छन् भने २४ पद रिक्त रहेको छ ।

२. नगरपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने उद्देश्यले कर्मचारी क्षमता अभिवृद्धि तालिम संचालन गरिएको छ । कर्मचारीहरुलाई कानूनी शिक्षा, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, योजना संचालन प्रक्रियालगायतको विषयमा सहजीकरण भएको छ ।

३. राजश्व परामर्श समिति थाहानगरको चालु आर्थिक वर्षमा १५ वटा बैठक बसेको छ । नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिमका कर लगाउन पाउने क्षेत्रहरुमा कर निर्धारण गरी कर संकलन, चुहावट नियन्त्रण कार्य भइरहेको छ । हालसम्म अनुमानित आन्तरिक आयमा १ करोड ३७ लाख आम्दानी भएको छ । पालिकाको भू-उपयोग नीति कार्यान्वयनमा ल्याई जग्गा वर्गिकरण कार्य सम्पन्न नभएको हुँदा अपेक्षित राजश्व संकलनमा चुनौति थपिएको छ ।

४. वित्तिय जोखिम न्यूनिकरणका लागि पालिकाले स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कन कार्यविधि, २०७७ बमोजिम वार्षिक रुपमा कार्यविधिको सूचकको आधारमा मुल्याङ्कन गर्दै सुधार गर्नुपर्ने सूचकहरुमा छलफल हुने गरेको छ ।

५. चालु आर्थिक वर्षको हालसम्मको योजनागत सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण २२ वटा सम्पन्न भएको छ ।
६. आर्थिक वर्ष २०७८/०७९ को आन्तरिक लेखा परीक्षण कार्य सम्पन्न भएको छ । चालु आर्थिक वर्षको आन्तरिक लेखा परीक्षण कार्य भैरहेको यस सभामा जानकारी गराउँदछु ।
७. आर्थिक वर्ष २०७७/०७८ सम्मको यस नगरपालिकाको कुल बेरुजू ६ करोड २५ लाख २५ हजार रहेको छ । बेरुजू फछ्र्यौटको लागि नगरपालिकाले पहल गरिरहेको छ ।
८. नगरपालिका र वडा कार्यालयहरुमा नगरसभाको निर्णय बमोजिम नागरिक वडापत्र, करका दरहरु सार्वजनिक गर्ने गरिएको छ । पालिकामा गुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी र सूचना अधिकारी तोकिएको छ ।
९. नगरपालिकाको भौतिक पूर्वाधार तथा सामाजिक विकासका क्षेत्रहरुमा नगरपालिकाले संघ, प्रदेश, सडक बोर्ड, जिल्ला समन्वय समिति, तिलगंगा आँखा उपचार केन्द्र तथा अन्तरपालिका सहकार्यलाई जोड दिइ काम गरिरहेको छ । यसका साथै गैर सरकारी संघसंस्थाहरु च्वाइस नेपाल, लवग्रिन नेपाल, राडो नेपाल तथा बजार व्यवस्थापन समिति र टोल विकास संस्थाहरुसंगको सहकार्य र समन्वयमा कार्यक्रमहरु संचालन गर्ने गरिएको छ ।
१०. संघीय सरकारको कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रममा १ सय ८ जना बेरोजगार सूचिकृत भएकोमा ४६ जनालाई कार्यविधि बमोजिमको सूचकमा आधारित भएर प्राथमिकतामा राखी ३३ जनाले रोजगार पाएका छन् ।
११. वैदेशिक रोजगारबाट फर्की आएकाहरुमा पुन: एकीकरण कार्यक्रममा सहभागी हुनको लागि चालु आर्थिक वर्षको हालसम्ममा ६० जनाको फारम संकलन भैसकेको छ ।
१२. चालु आर्थिक वर्षको पुस २० गतेसम्म न्यायिक समितिमा परेका २२ वटा उजुरीहरु मध्ये ८ वटा उजुरीहरु मेलमिलाप भएका छन् । १२ वटा उजुरीहरु विचारधिनमा रहेको र २ वटा उजुरीहरु अदालत गएका छन् ।
१३. चालु आर्थिक वर्षको हालसम्मको अवधिमा ४ वटा कार्यविधि पारित भएका छन् । एउटा ऐनको विधेक कार्यपालिकाबाट अनुमोदन भई यस सभामा टेबल हुने क्रममा रहेको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

चालु आर्थिक वर्ष २०७९/०८० को हालसम्मको अवधिमा संघीय सरकारमार्फत आय तर्फ समानीकरण अनुदान तर्फ ७ करोड ८ लाख ८३ हजार ३ सय ३३, सशर्त अनुदान चालु १४ करोड ३० लाख ५० हजार, विशेष अनुदान पुँजीगत ३३ लाख ३३ हजार ३ सय ३३ र समपुरक अनुदान पुँजीगत २६ लाख ६६ हजार ६ सय ६६ रुपियाँ प्राप्त भएको छ ।

बागमती प्रदेश सरकारबाट समानीकरण अनुदान प्राप्त भएको छैन भने सशर्त अनुदान चालु ६० लाख ६० हजार, विशेष अनुदान १८ लाख ७५ हजार, समपुरक अनुदान ७४ लाख ११ हजार २ सय ५० र राजश्व बाँडफाँड तर्फ संघ र प्रदेश सरकारबाट ४ करोड ५४ लाख ६५ हजार तथा आन्तरिक स्रोत राजश्व शुल्क गतवर्षको बैंक मौज्दात अल्या समेत गरी २८ करोड ५७ लाख १ हजार ६ सय १८ अर्थात चालु आर्थिक वर्षको अनुमानित आयको ४८ प्रतिशत आम्दानी गर्न सफल भएको छ ।

त्यसैगरी खर्चतर्फ कार्यलय संचालन तथा प्रशासनिक क्षेत्रतर्फ हालको अवधिसम्म ५ करोड २३ लाख ५७ हजार अर्थात ४६.४२ प्रतिशत, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ ६४ लाख ४० हजार ३ सय २ अर्थात १०.१९ प्रतिशत, पूर्वाधार विकास क्षेत्रतर्फ ९ करोड ४० लाख ३९ हजार २ सय ८६ अर्थात १८.१८ प्रतिशत, सामाजिक विकास क्षेत्र तर्फ १२ करोड ४२ लाख ६८ हजार १ सय ७७ अर्थात ३०.२२ प्रतिशत र आर्थिक विकास क्षेत्रतर्फ २३ लाख ६६ हजार ४ सय ६९ अर्थात २.७ प्रतिशत समेत गरी कुल २७ करोड ९४ लाख ७१ हजार २ सय ४९ अर्थात २३.८८ प्रतिशत खर्च भैसकेको अवस्था रहेको छ । जसमा चालु खर्च ३५.९ र पुँजीगत खर्च १४.९३ प्रतिशत खर्च भएको छ ।
यस अवधिमा अधिकांश योजना सम्झौता भई संचालनको क्रममा रहेको र खर्च भुक्तानी नभई सकेको हुँदा क्षेत्रगत रुपमा देखिएको खर्च कमजोर हो । यसलाई सुधार गर्नका लागि सम्पूर्ण नगरसभा सदस्य, कर्मचारी, उपभोक्ता समिति तथा हाम्रा योजनासंग सम्बन्धित सरोकारवालाहरु अझै एकीकृत रुपमा योजनावद्ध भई काम गर्नुपर्ने छ । तसर्थ चालु आर्थिक वर्षमा उल्लेखित प्रगती बढाइ उल्लेखनीय प्रगती हुने अपेक्षा लिएको छु । गत २०७९ असार १० गते सम्पन्न ११ औं नगरसभाबाट २०७९/०८० को लागि कुल बजेट १ अर्ब १७ करोड २ लाख १२ हजार ८ सय ६२ रुपियाँ बराबरको आय व्यय स्वीकृत भएकोमा सो बजेटमा थप स्रोत आम्दानी हुन नसकेको हुँदा कुल बजेटमा थप हुन नसकेको यस सभामा जानकारी गराउँदछु ।

**नगरसभा अध्यक्ष महोदय,**

थाहा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को रकमान्तर विवरण अनुसूचीमा समावेश गरेको छु ।

अन्तमा, यस थाहा नगरपालिकाको बाह्रौ नगरसभामा संशोधित बजेट, योजना तथा कार्यक्रमले थाहानगरको विकासमा उल्लेखनीय योगदान गरी विकासतर्फ लम्किनेछ भन्ने शुभेच्छा आशा एवम् विश्वास प्रकट गर्दै यस बजेट, योजनाको कार्यक्रम प्रस्तुत गर्ने सुअवसर दिनूभएकोमा गरिमामय सभालाई हार्दिक धन्यवाद दिन चाहन्छु । चालु आर्थिक वर्षको पुस २० गतेसम्मको प्रगती समिक्षा तयार गर्दा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, विषयगत समितिका संयोजक एवम् सदस्यज्यूहरु, वडा अध्यक्षज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मीलगायत सम्पूर्ण सरोकारवालाहरुमा धन्यवाद ज्ञापनसहित आभार प्रकट गर्दछु । धन्यवाद ।

मिति : २०७९ पुस २८ गते रोज ५ शुभम् ।

भरत गोपाली
उप प्रमुख

# १२ औं नगरसभाको बैठकमा २०७९ पौष २८ गते नगर उपप्रमुख एवम् सभाका उपाध्यक्ष श्री भरत गोपालीज्यूले

# प्रस्तुत गर्नु भएको

## आर्थिक वर्ष २०७९/०८० को नीति कार्यक्रम एवम् बजेट

## समिक्षा सहितको संशोधित बजेट वक्तव्य

**थाहा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**२०७९/०८०**

**नगर सभा अध्यक्ष ज्यू,**
**नगर सभाका सदस्य ज्यूहरु,**

थाहा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को संशोधित बजेट योजना तथा कार्यक्रम सहितको हिउँदे अधिवेशन मार्फत यस थाहा नगरपालिकाको **बाह्रौं नगरसभामा** बजेट योजना तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्न पाउँदा गौरवान्वित छु । यस अवसरमा उपस्थित हुनु भएका नगरसभा सदस्यज्यूहरुलाई यस थाहा नगरपालिका नगर उपप्रमुख भरत गोपालीको तर्फबाट यस गरिमामय सभामा हार्दिक स्वागत सहित न्यानो अभिवादन व्यक्त गर्दछु ।
हामी जनप्रतिनिधीहरुलाई स्थानीय पालिका मार्फत राज्य शक्तीको प्रयोग गर्ने अवसर प्रदान भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थालाई संस्थागत गर्ने तल्लो निकाय भनेको पनि स्थानीय तह नै हो । नागरिकले अनुभव गर्न सक्ने विकास, सेवा प्रवाह गर्नु हाम्रो कर्तव्य हो । संवैधानिक व्यवस्था बमोजिम जनताको नजिकका सरकारको रुपमा रहेको स्थानीय तहका अधिकार क्षेत्रको प्रयोग गर्दै जनअपेक्षा अनुरुप दिगो शान्ति स्थायित्व विकास र सम्वृद्धिको गन्तव्यलाई पहिल्याउँदै हामी कार्य गरिरहेका छौं ।

**नगरसभा अध्यक्ष महोदय,**
अब म सम्मानित नगरसभा समक्ष चालु आर्थिक वर्ष २०७९/०८० मा सम्पन्न भएका क्षेत्रगत कार्यक्रमको प्रगती समिक्षा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**भौतिक पूर्वाधार विकास:**

१. चालु आर्थिक वर्षको हालसम्म सडक ग्राभेल ५ हजार १ सय ५१ मीटर गरिएको छ भने सडक स्ल्याब ढालन २ हजार ९ सय ८० मीटर गरिएको छ । ढुङ्गाको वाल ८ सय १९ मीटर तथा नयाँ सडक ट्र्याक ९ सय ३७ मीटर विस्तार भएको छ । सडक चौडा १ हजार १ सय ५८ मीटर गरिएको छ ।
२. चालु आर्थिक वर्ष २०७९/०८० मा उपभोक्ता समितिबाट संचालन हुने कुल योजना १ सय ५९ वटा रहेकोमा ७३ वटा योजना सम्झौता भएका छन् भने सम्झौता भएका मध्ये २२ वटा योजना सम्पन्न भएका छन् । ८६ वटा योजना सम्झौताको चरणमै रहेका छन् ।
३. आर्थिक वर्ष २०७९/०८० मा जिम्मेवारी सरेर आएका समेत गरी २४ वटा टेण्डर मार्फत संचालन हुने योजनाहरु रहेका छन् । चालु आर्थिक वर्षमा टेण्डर आव्हान भएका ५ वटा आयोजना मध्ये २ वटा सम्झौता भइसकेका छन्, २ वटा मूल्याङ्कनको चरणमा रहेका छन् भने एउटा योजना सम्झौताको चरणमा रहेको छ ।
४. थाहा नगरपालिका वडा नम्बर १ र ३ जोड्ने पालुङ खोलामा निर्माण हुने झोलुङ्गे पुल निर्माणका लागि प्रदेश सरकार, राडो नेपाल र थाहा नगरपालिकाबीच सम्झौता भई निर्माण सामाग्री आपूर्तिको ठेक्का आव्हान गर्ने चरणमा रहेको छ ।
५. प्रदेश सरकारको सहयोगमा भुङ्दल खोलामा मोटरेबल पुल निर्माण सम्पन्न भई यातायात आवागमन सुचारु भएको ।

६. प्रदेश सुशासन केन्द्र बागमती प्रदेशसंगको सहकार्यमा थाहानगरको आवधिक योजना निर्माण गरिएको छ ।

७. चालु आर्थिक वर्षको हालसम्म दुई वटा घर निर्माणको लागि निवेदन पेश भएकोमा घर नक्शा पास प्रक्रियामा रहेको छ ।

८. थाहानगरको सिमभन्ज्याङ, दामन, शिखरकोट, बज्रवाराही, नौखण्डे, पालुङलगतायतका क्षेत्रहरुमा सौर्य तथा विद्युतीय सडक बत्ती जडान गरी टोल विकास संस्था तथा बजार व्यवस्थापन समितिको नेतृत्वमा व्यवस्थापन भइरहेको छ ।

९. थाहा नगरपालिकाबाट हुने भूक्तानी प्रक्रियालाई अनलाइन मार्फत गर्ने गरिएको यस गरिमामय सभामा जानकारी गराउँदछु ।

१०. सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै पालिकामा तिर्नुपर्ने कर प्रणालीलाई सुधार गरिएको छ । पालिका र पालिकादेखि प्रत्येक वडा कार्यालयसम्म विस्तार भएको तारसहितको नेटवर्किङ कार्यलाई ताररहित बनाइ वेभमा आधारित कर प्रणाली विकास गरी करको तथ्याङ्क व्यवस्थापन गरिएको छ ।

११. जन्म, मृत्यू, बसाइसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत एम.आइ.एस. प्रणालीमा अभिलेखीकरण गरिएको छ ।

१२. सामाजिक सुरक्षा भत्तालाई पूर्ण रुपमा बैङ्किङ प्रणालीबाट वितरणको व्यवस्था मिलाई लाभग्राहीको तथ्याङ्क दर्ता, नवीकरण, लगतकट्टा, लगत हस्तान्तरण गर्ने कार्यलाई शतप्रतिशत एम.आइ.एस. प्रणालीबाट गर्ने गरिएको छ ।

१३. पालिका र वडा कार्यालयबीचको पत्र व्यवहारलाई विद्युतीय सञ्चार (इमेल) बाट गरी सेवाग्राहीलाई सहज र छिटो सेवा दिने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

१४. पालिकाले लक्षित समूह तथा सम्पूर्ण नगरबासीहरुका लागि गरिने सूचना तथा जानकारी पालिकाको वेवसाइट, फेसबुक पेज तथा अन्य सामाजिक सञ्जालहरु मार्फत प्रकाशन गर्ने गरिएको छ ।

१५. थाहा नगरपालिकाबाट सम्पादित गतिविधिहरुको बारेमा नागरिकलाई सूसुचित गराउन प्रत्येक १५/१५ दिनमा रेडियो कार्यक्रम निर्माण गरी प्रशारण गर्ने गरिएको छ । स्थानीय रेडियो, पत्रिका अनलाइन मिडियाहरु मार्फत सुशासनको लागि सूचनाहरु, नियमित प्रकाशन तथा प्रशारण भइरहेको छ ।

१६. नेपाल सरकारद्वारा जारी विद्यालयहरुको सम्पूर्ण विवरण समेटिएको एकीकृत सूचना प्रणाली इ.एम.आइ.एस. प्रयोगमा ल्याइएको छ ।

१७. नगरको समग्र स्वास्थ्य सम्बन्धी कार्यक्रमको प्रगती प्रतिवेदन DHIS2 मार्फत, जिल्ला, विभाग तथा मन्त्रालयमा पठाउने गरिएको ।

१८. कोभिड-१९ विरुद्धको खोप लगाएकाहरुको विवरण IMU प्रणालीमा अभिलेख व्यवस्थापन गरी चालु आर्थिक वर्षको हालसम्म ७ सय ५८ जनालाई अनलाइनको माध्यमबाट क्यु.आर. कोड वितरण गरिएको छ ।

१९. नगर क्षेत्रमा रहेका टि.बी. संक्रमण भएका विरामीहरुको दैनिक रिपोटिङलाई अनलाइन प्रणाली eTB प्रणालीमा राख्ने गरिएको छ । यस प्रणालीमा चालु आर्थिक वर्षको हालसम्म २२ जनाको अभिलेख अद्यावधिक भएको छ ।

२०. संघीय सरकारको किसान सूचीकरण कार्यानवयन कार्यविधि, २०७७ बमोजिम थाहा नगरपालिका वडा नम्बर ७ र १० मा अनलाइनमा आधारित किसान सूचीकरणको कार्यक्रम शुरु भैसकेको र अन्य वडाहरुमा पनि सो कार्यक्रम चालु आर्थिक वर्षबाटै शुरु गरिने छ ।

२१. थाहानगरको पर्यटन प्रवर्द्धनका लागि Complete web Based Application for Tourism Management System प्रणाली तथा थाहा Complete Software कार्यान्वयनका लागि प्रक्रिया अघि बढाइएको छ ।

२२. संघीय सरकारले कार्यान्वयनमा ल्याएको इ-बिडिङलाई पूर्णत: कार्यान्वयनमा ल्याई १० लाख भन्दा माथिका योजना तथा खरिद कार्यलाई अनिवार्य इ-बिडिङ मार्फत गर्ने गरिएको छ ।

२३. संघ तथा प्रदेश सरकारले प्रयोगमा ल्याएका अन्य अनलाइन रिपोटिङ प्रणालीहरु प्रयोग गर्ने गरिएको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**सामाजिक विकास:**

१. चालु आर्थिक वर्षमा बालमैत्री स्थानीय शासन घोषणाको लागि संस्थागत व्यवस्था गरिएको छ ।

२. थाहानगरको ऐतिहासिक ३ वर्षे इन्द्रायणी मेला व्यवव्स्थापनमा सहयोग गरिएको छ भने थाहा नगरपालिकाको वडा नम्बर ५ मा गुरुङ घर निर्माण कार्य सम्पन्न भएको छ । थाहा नगरपालिका वडा नम्बर ११ मा तामाङ संग्राहलय भवन निर्माण सम्पन्न भएको छ ।

३. थाहा नगरपालिका वडा नम्बर ४ नयाँगाउँमा स्थानीय उत्पादन प्रवर्द्धन तथा बजारीकरण गर्ने उद्देश्यले स्थापना गरिएको कोशली घर संचालन समिति गठन गरीएको छ । उक्त कोशली घर केही दिनमै संचालन गरिनेछ ।

४. युवा लक्षित कार्यक्रम अन्तर्गत मोटरसाइकल मर्मत तालिम सम्पन्न गरी ६ जना युवाहरु सिकेको सीपबाट रोजगार उन्मुख भएका छन् ।

५. थाहानगरस्तरीय अन्तरवडा फुटबल प्रतियोगिता, नगरस्तरीय कराँते प्रतियोगिता सम्पन्न भएको छ भने नगरकै सर्वाधिक पुरस्कार राशीको थाहा गोल्डकप फुटबल प्रतियोगिता संचालन भइरहेको छ ।

६. संभवत: नेपालमै पहिलो पटक स्थानीय तहले पहिलोपटक स्थानीय खेलाडी सूचीकृत र बीमा कार्यक्रम शुभारम्भ गरिएको छ ।

७. विभिन्न सामुदायिक विद्यालयमा कार्यरत ६२ जना बाल कक्षा शिक्षकहरुलाई चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसार ४ दिने बाल कक्षा सञ्चालन सम्बन्धी तालिम सम्पन्न गरिएको छ ।

८. प्रत्येक महिनामा विभिन्न फरक फरक विद्यालयमा प्रधानाध्यापक बैठक सञ्चालन गरी विद्यालयको असल अभ्यास आदान प्रदान तथा शैक्षिक गुणस्तर वृद्धि सम्बन्धी ६ वटा अन्तक्रिया कार्यक्रम गरिएको छ ।

९. थाहानगरस्तरीय अन्तर माध्यमिक विद्यालय विज्ञान प्रदर्शनी आयोजना गरी जिल्लास्तरीय प्रतियोगितामा थाहानगरको विद्यालय दोस्रो भई पुरस्कार प्राप्त गरेको छ ।

१०. राष्ट्रपति रनिङ शिल्ड तथा पाँचौ मेयर कप भलिबल प्रतियोगिता पालिकाको वार्षिक खेल तालिका अनुसार सम्पन्न गरिएको छ ।

११. बागमती प्रदेश सरकारको आर्थिक सहयोग तथा थाहा नगरपालिकाको सहजीकरणमा वडा नम्बर १ को श्री सुनौला माध्यमिक विद्यालय, वडा नम्बर ११ को श्री माहांकाल आधारभूत विद्यालय टिस्टुङमा विद्यालय घेराबार तथा वडा नम्बर १ को श्री बालज्योति प्राथमिक विद्यालयमा शौचालय निर्माण कार्य सम्पन्न गरिएको छ ।

१२. स्वास्थ्य संस्थामा हुने सुत्केरी सेवाको पहुँच बढाउन घरमा हुने सुत्केरी शुन्य (Zero Home Delivery) अभियान संचालन गरी समुदायलाई दक्ष प्रसुतिकर्मीबाट स्वास्थ्य संस्थामा गर्भवति जाँच तथा प्रसुती सेवा लिन अभिप्रेरित गर्ने कार्यक्रमहरु निरन्तर संचालन भइरहेको छ । चालु आर्थिक वर्षमा १, ५, ७ र ८ नम्बर वडामा कार्यक्रम संचालन गरी आगामि आर्थिक वर्षभित्र घरमा हुने सुत्केरी शुन्य पालिका घोषणा गरिनेछ ।

१३. मातृशिशु मृत्यूदरलाई कमी गर्न थाहा नगरपालिकाले समुदायस्तरमै ग्रामिण भिडियो एक्सरे कार्यक्रम संचालन गरिरहेको छ । गर्भवती महिलाहरुको जटिलता पत्ता लगाइ समयमै थप परामर्श र उपचारको लागि रेफर गरी जटिलताको व्यवस्थापन गर्न संचालन गरिएको यस कार्यक्रमबाट चालु आर्थिक वर्षको हालसम्ममा  ३ सय १० जना गर्भवतीहरुलाई सेवा प्रदान गरिएको छ ।

१४. रोगको पहिचान तथा समयमा सहि उपचार सेवा प्रदान गर्न थाहा नगरपालिकाको आफ्नै लगानीमा आग्रा, चित्लाङ, टिष्टुङ, बज्रवाराही र पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा गरी ५ वटा स्वास्थ्य संस्थाहरुबाट नि:शुल्क प्रयोगशाला सेवा प्रदान गर्दै आएको छ । यस सेवाबाट चालु आर्थिक वर्षको हालसम्ममा ४ हजार ३ सय ४४ सेवाग्राहीहरुले नि:शुल्क सेवा लिएका छन् ।

१५. नगर क्षेत्रका करिब २ सय ५० जना दिर्घ स्वासप्रस्वासका बिरामीहरुलाई काठमाडौंदेखि अक्सिजन सिलिन्डर ल्याउनु पर्ने झन्झटबाट मुक्ति दिलाई नगरपालिकाले अक्सिजन सहितको सिलिन्डर निरन्तर उपलब्ध गराउदै आएको छ । अक्सिजन समस्यालाई सदाको लागि अन्त्य गर्न नगर भित्रनै अक्सिजन प्लान्ट जडान गरी अक्सिजनको सफल परीक्षण उत्पादन कार्य गरिएको छ ।

१६. थाहा नगरपालिका वडा नम्बर ९ को चित्लाङ स्वास्थ्य चौकीको जीर्ण र अपुग भएकोले चालु आर्थिक वर्षमा च्वाइस नेपालसंगको सहकार्यमा भवन निर्माण प्रक्रिया अघि बढाइएको छ ।

१७. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष तथा उदेश्य अनुसार प्राथामिक स्वास्थ्य केन्द्र पालुङबाट CR-SYSTEM को डिजिटल X-Ray मेशिनबाट सेवा निरन्तर संचालन भइरहेको छ ।

१८. नगरको वडा नम्बर ६ बज्रबाराही स्वास्थ्य चौकीमा रहेको वैकल्पिक चिकित्साको एक्युपन्चर शाखाबाट नगर भरिको दैनिक ८० जना सेवाग्रहीहरुलाई निरन्तर सेवा प्रदान गर्दै आएको छ ।

१९. स्वास्थ्य चौकीको न्यूनतम सेवा उपलब्धताको अवस्था बारे मूल्याङ्कन गरी आवश्यकता अनुसार शुद्धिकरण गर्न स्वास्थ्य चौकीहरुको सुशासन व्यवस्थापन, क्लिनिकल व्यवस्थापन, स्वास्थ्य चौकीको सहयोग, सेवा व्यवस्थापन सम्बन्धि समिक्षा तथा मुल्याकन कार्य सम्पन्न गरिएको छ । संघीय सरकारको कानून र सूचक बमोजिम गरिएको यस मूल्याङ्कनमा बज्रवाराही स्वास्थ्य चौकी उत्कृष्ट पाइएकोमा अन्य स्वास्थ्य संस्थाहरुलाई पनि सोही स्थानमा पुर्‍याउन थप पृष्ठपोषण गरिने छ ।

२०. थाहानगरका १० वटा स्वास्थ्य संस्थाबाट बर्थिंङ सेवा निरन्तर संचालन गरिएको छ । सबै बर्थिंङ सेन्टरमा प्रसुती प्रतिक्षालय स्थापना गरि सेवा प्रदान गर्दै आएको छ ।

२१. गुणस्तरीय खोप सेवाको लागि नगरका १० वटा स्वास्थ्य संस्थामा विश्व स्वास्थ्य संगठनबाट प्रमाणित ILR फ्रिज को व्यवस्था गरिएको छ । स्वास्थ्य सेवाको तथ्यांकीय विवरण सूचना प्रणालीमा

मासिक रुपमा अनलाइन प्रविष्टि गर्न कम्प्युटर तथा इन्टरनेटको व्यवस्थापन गरिएको छ ।

२२. जन स्वास्थ्य समस्याको रुपमा देखिएको क्षयरोगलाई प्रभावकारी रुपमा शिघ्र निदान, पहिचान तथा रोकथाम गर्न देशका ७ सय ५३ मध्ये २७ पालिकामा संचालनमा रहेको क्षयरोगमुक्त पालिका घोषणा अभियान कार्यक्रम थाहा नगरमा संचालन भइरहेको छ । यो कार्यक्रमबाट २२ जना क्षयरोगी स्क्रनिङबाट पहिचान भइ उपचारमा रहेको छ ।

२३. पोषण कार्यक्रम अन्तर्गत पोषण समिक्षा असल खानपान सूचना, भिटामिन 'ए' कार्यक्रम, स्तनपान सप्ताह, पोसन कर्नर व्यवस्थापन, विद्यालय पोषण कार्यक्रम, समुदाय स्तरमा पोषिलो खानेकुराको प्रवर्द्धन जस्ता कार्यक्रम थाहानगरमा संचालन भैरहेको छ ।

२४. प्रसुती केन्द्रहरुमा गुणस्तरीय प्रसुती सेवा सुनिश्चित गर्न तथा जटिलता व्यवस्थापन गर्नको लागि स्थलगत अनुशिक्षण विधि मार्फत त्यहाँ कार्यरत नर्सिङ कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन भइरहेको छ ।

२५. प्रजनन स्वास्थ्य रुग्णता अर्थात स्तन क्यान्सर, फिस्टुला, आङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर र बाँझोपन भएका १ सय ७७ सेवाग्रहीको नि:शुल्क परीक्षण गरी थप उपचारको लागि ६ जनालाई रेफर गरिएको छ ।

२६. स्थानीय तह भित्रका महिला स्वास्थ्य स्वयमसेविका, विद्यालयका शिक्षकहरु र स्वास्थ्यकर्मीहरु गरि एकसय जनाभन्दा बढिको आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धि तालिम सम्पन्न गरि आधारभूत ज्ञान तथा सीप प्रदान गरिएको छ ।

२७. पालिकास्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, स्वास्थ्य कार्यक्रमहरुको तथ्याङ्क प्रमाणिकरण एवं गुणस्तर सुधार साथै वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

२८. सेवा प्रदायक स्वास्थ्यकर्मीहरुको ज्ञान र सीपको मुल्याङ्कन गर्न कार्यक्रमका समस्या पहिचान गर्न र ति समस्याहरु समाधानका लागि संयुक्त रुपमा कार्ययोजना तयार गर्न थाहा नगरपालिका अन्तर्गतको आग्रा, पालुङ र चित्लाङ स्वास्थ्यचौकी दामन र टौखेल शहरी स्वास्थ्य केन्द्र, पालुङ प्राथमिक स्वास्थ्य केन्द र लिती आधारभूत स्वास्थ्य केन्द्रमा समुदायमा आधारित एकीकृत बाल स्वासथ्य व्यवसथापन अनुशिक्षण सम्पन्न भएको छ ।

२९. नगरपालिकाका सबै वडाहरुमा १२ वटा स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा नियमित रुपमा उपलब्ध गराउँदै नगर क्षेत्र भित्रका अति विपन्न, सिमान्तकृत परिवारको स्वास्थ्य बिमाको कार्यक्रमलाई निरन्तरता दिदै चालु आर्थिक वर्षको हालसम्मको अवधिमा ३ सय परिवारको नि:शुल्क स्वास्थ्य बिमा गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

३०. कोभिड १९ विरुद्धको खोप हालसम्म १२ वर्ष माथिका २७ हजार १ सय ३४ जनालाई दिइएको छ । पहिलो डोज २४ हजार ९ सय ४६ जनालाई पूर्ण मात्रा र ८ हजार ६ सय ८३ जनालाई थप मात्राको खोप लगाईएको छ भने ५ देखि १२ वर्ष सम्मका ४ हजार २ सय ६ जना बालबालिकाहरुलाई पहिलो डोज र ३ हजार ७ सय ९६ बालबालिकालाई दोस्रो डोज फाईजर खोप लगाईएको छ । ५ हजार ६ सय ५६ बालबालिकालाई भिटामिन 'ए' खुवाइएको छ । डेंगी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत अभिमुखीकरण, प्रचार प्रसार एवम् लामखुट्टेको बास स्थान खोजी तथा नष्ट अभियान संचालन गरिएको छ ।

३१. सुत्केरी महिलालाई स्वस्थ जीवनयापनका लागि सुत्केरी भएको २४ घण्टा, ३ दिन, ७ दिन भित्र स्वास्थ्य चेकजाँच (PNC) कार्यलाई निरन्तरता दिइएको छ । चालु आर्थिक वर्षको यस अवधिमा गर्भवती ४ सय ३२ जना, प्रसुती १ सय १६ जना र सुत्केरी १ सय १४ जना महिलालाई स्वास्थ्य चेक जाँच गराइएको छ ।

३२. चालु आर्थिक वर्षको हालसम्म ४७ जनालाई नेपाल सरकारले प्रदान गर्ने विपन्न नागरिक औषधी उपचार सिफारिस गरिएको छ ।

३३. स्वास्थ्य शाखाको बार्षिक स्वीकृत कार्यक्रम मध्ये हाल सम्म ३०% वित्तिय प्रगति र ४२% भौतिक प्रगति भएको छ ।

३४. थाहानगरका सबै वडामा गरी ५२ उपभोक्ता समिति मार्फत खानेपानी आपूर्ति भइरहेको छ । नागरिकलाई सहजै खानेपानी सेवा प्रदान गर्नका लागि चालु आर्थिक वर्षबाट संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनासंगको सम्झौतामा वडा नम्बर १ देखि ४ सम्मका लागि वृहत्त खानेपानी आयोजनाको काम भइरहेको छ । पालिका क्षेत्रमा सञ्चालित खानेपानी आयोजनाहरुलाई एकीकृत रुपमा क्रियाशील गर्नका लागि थाहानगर खानेपानी व्यवस्थापन बोर्ड मार्फत सहजीकरण गरिनेछ ।

३५. संघीय कार्यक्रम अनुसार आर्थिक वर्ष २०७९/०८० को दोस्रो त्रैमासिक सम्ममा ज्येष्ठ नागरिकमा ३ हजार ८२ जना, विधवा ७ सय ५५ जना, अपाङ्गता भएका २ सय ७३ जना र दलित बालबालिका ९० जनाले गरी जम्मा ४ हजार २ सय जनालाई त्रैमासिक रुपमा बैक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

३६. थाहा नगरपालिकाको १२ वटै वडाबाट अनलाईन व्यक्तिगत घटना दर्ता भइरहेको छ । यस अन्तर्गत चालु आर्थिक वर्षको हालसम्ममा जन्मदर्ता ५ सय १८, विवाह दर्ता २ सय ५२, बसाइसराइ ५७, सम्बन्ध विच्छेद २८ र मृत्यू दर्ता २०८ वटा भएका छन् ।

३७. राष्ट्रिय बाल दिवसको अवसरमा नगरस्तरीय बाल कार्यक्रम, अन्तराष्ट्रिय अपाङ्ग दिवसको अवसरमा अपाङ्गता भएकाहरुका लागि प्रोत्साहन कार्यक्रम भएको छ ।

३८. महिला जनप्रतिनीधिहरुलाई उद्घोषण, नेतृत्व विकास तथा कानूनी शिक्षा तालिम दिइएको छ ।

३९. थाहानगरका सबै वडामा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत १ सय ८० जना ज्येष्ठ नागरिकहरुलाई न्यानो कपडा तथा सामाग्री वितरण गरिएको छ ।

४०. नगरस्तरीय बाल सञ्जाल तथा महिला सहकारीहरुको चौमासिक बैठक संचालन हुने गरेको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**वन, वातावरण तथा विपद व्यवस्थापन :**

१. थाहानगरको स्थानीय वन ऐन, २०७९ को विधेक तयार भएको छ । सामुदायिक वनहरुसंग समन्वय भैरहेको छ ।

२. थाहा नगरपालिकाको वडा नम्बर २ मा फेदीगाउँ बस्ती बचाउ योजनाको बोलपत्र आव्हान भइ पर्न आएका बोलदाताहरुको मुल्याङ्कन भइरहेको छ । उक्त योजनाबाट थाहा नगरपालिका वडा नम्बर २ को पालुङ्खोला किनाराको वस्ती तथा खेतीयोग्य जमिन संरक्षणमा सहयोग पुग्ने अपेक्षा लिएका छौं ।

३. सामुदायिक वन उपभोक्ता महासंघसंगको सहकार्यमा जडिबुट्टि पहिचान सम्बन्धी कार्यक्रम संचालन गरिएको छ । लवग्रिन संगको सहकार्यमा थाहा नगरपालिका वडा नम्बर ६ मा सेग्रिगेशन हाउस स्तरोन्नती तथा वडा नम्बर २ मा कम्पोष्ट पिट निर्माण कार्य शुभारम्भ गरिएको छ ।
४. थाहा नगरपालिका वडा नम्बर ६ लाई वातावरणमैत्री वडा घोषणाको लागि लवग्रिन नेपालसंगको साँझेदारीमा कार्यक्रमहरु संचालन भइरहेको छ ।
५. थाहानगरमा विपदका बेला अतिआवश्यकीय राहत प्याकेज वितरण गर्ने गरिएको छ।
६. थाहा नगरपालिकाले टोल विकास संस्था र बजार व्यवस्थापन समितिसंगको समन्वयमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य भइहरहेको छ । दैनिक फोहोर संकलनका लागि ट्रिपरको व्यवसथा गरिएको छ भने फोहोरको वर्गिकरणका लागि थाहा नगरपालिका वडा नम्बर २ र ६ मा सेग्रिगेशन हाउस संचालनमा ल्याइएको छ । यसका लागि १४ जना सरसफाई कर्मचारीको व्यवस्था गरिएको छ ।
७. ढलजन्य फोहोर व्यवस्थापनका लागि पालिकामा ट्याङ्कीसहितको ट्याक्टर व्यवस्था गरिएको छ ।
८. विपद व्यवस्थापनका लागि कोषको व्यवस्था गरिएको छ । नगरपालिका कार्यालयमा आपतकालिन कार्य संचालन केन्द्र संचालनमा ल्याइएको छ । नगर र सबै वडामा विपद व्यवस्थापन समिति गठन गरी क्रियाशील गराइएको छ ।
९. थाहा नगरपालिकामा दक्ष जनशक्तीसहित बारुणयन्त्र २४ घण्टा तयारी अवस्थामा राखिएको छ ।

**नगरसभा अध्यक्ष महोदय,**
**आर्थिक विकास समिति:**

१. थाहा नगरपालिका वडा नम्बर ३ मा निर्माणाधिन थाहा शीतभण्डारको भवन निर्माण कार्य सकिएको हुँदा संचालनका लागि प्रदेश सरकारको सहयोगमा जडान गरिने चिस्यान मेशिन (Cooling Mechine) का लागि ३ करोड रुपियाँ विनियोजन भएको र सो को टेण्डर प्रक्रियामा रहेको छ ।
२. थाहा नगरपालिका पशु विकास शाखाबाट ७५ प्रतिशत अनुदानमा ३ सय परिवार कृषकहरुलाई ७ हजार किलो घाँसको विउ वितरण गरिएको छ । दुहुनो गाई, भैसी पकेट विस्तारको लागि भैंसीमा अनुदानमा सूचना प्रकाशन गरि कृषकहरु छनौट प्रक्रियामा रहेको छ । कृतिम गर्भाधान सेवा सञ्चालन भएकोमा जम्मा १ सय ९० वटा गाई-भैसीहरुको गर्भाधान गरिएको ।
३. विश्व रेबिज दिवसका अवसरमा पालिका क्षेत्रका ३ सय ५० वटा कुकरहरुलाई रेबिज विरुद्धको खोप लगाइएको छ । सेवा केन्द्रबाट ५ सय ५० कृषक परिवारले पालेको ५ सय ५० कृषकहरुले पालन गरेको ४ हजार १ सय पशुपंछीले उपचार पाएका छन् ।
४. थाहानगर क्षेत्रका १ हजार २ सय ६३ कृषक परिवारले पालेको पशुपंछीहरुको लागि आन्तरिक तथा बाहि्य परजीवी विरुद्धको औषधि नि:शुल्क वितरण तथा खुवाउने कार्यक्रम तय गरिएको छ ।
५. थाहा नगरपालिका कृषि विकास शाखाबाट २ सय ५० जना कृषकहरुलाई ८ सय ४८ लिटर इ.एम. झोल नि:शुल्क वितरण गरिएको छ । किसानहरुलाई खेतबारीका प्रयोग गर्नका लागि ७५

प्रतिशत अनुदानमा ३ सय परिवार किसानलाई २ हजार ४ सय १७ किलो बायोटिन कृषि चुन वितरण गरिएको छ ।

६. थाहानगरमा कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा विभिन्न कृषक समूह, फर्म तथा कृषि सहकारीमा १ सय २३ वटा मिनि टिलर वितरण गरिएको छ । किसानका मागको आधारमा संचालन गरिने अन्य कृषि अनुदानका कार्यक्रमहरुको माग संकलन भैरहेको छ ।
७. प्रदेश कानुन बमोजिम ५ लाख भन्दा कम पूँजी भएका उद्योगहरु पालिकामै दर्ता गरिने भएको हुँदा पालिकामा छुट्टै उद्योग विकास शाखाको स्थापना गरी कार्य संचालन अघि बढाइएको छ ।
८. थाहानगर उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योगकार्यालय लगायतसंगको सहकार्यमा उद्योग दर्ता, अनुगमन, नियमनका कार्यहरु संचालन गर्ने गरिएको छ ।
९. सहकारी ऐन निर्माण गरी कार्यान्वयनमा रहेको छ । थाहा नगरपालिकामा चालु आर्थिक वर्षमा एउटा कृषि सहकारी दर्ता भएको छ । थाहा नगरपालिकामा स्थानीय तहको अधिकार क्षेत्र भित्रका ३५ वटा सहकारी संस्थाहरु सक्रिय छन् । जसमा कृषि सहकारी २० वटा, बचत तथा ऋण सहकारी १३ वटा र बहुउद्देशीय सहकारी संस्था २ वटा रहेका छन् ।
१०. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वडा नंम्बर १२ मा नि:शर्त तर्फको बजेटबाट गलैचा बनाउने तालिम सञ्चालन भएकोमा १२ जनाले तालिम लिई काम गर्न थालेका छन् । वडा नम्बर ३ मा संचालन भएको उद्यमशीलता तालिममा ७० जना सहभागी भएका छन् । लघुउद्यम विकासका लागी सामाजिक परिचालन अन्तर्गत वडा नंम्बर ३ र ४ मा जनप्रतिनिधीहरुसंगको अभिमुखिकरण कार्यक्रम सम्पन्न भई सहभागितामूलक ग्रामिण लेखाजोखा (PRA), समूह गठन र फारम संकलन गरिएको गरिएको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

**सुशासन तथा संस्थागत विकास:**

१. नगरपालिकामा संघ तथा प्रदेश मार्फत संचालन भएका परियोजना सहितको गरी कुल १ सय १५ जना कर्मचारीको दरबन्दी रहेकोमा ६१ जना पदपूर्ति भएको छ । साथै करारमा ३० जना कार्यरत छन् भने २४ पद रिक्त रहेको छ ।
२. नगरपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने उद्देश्यले कर्मचारी क्षमता अभिवृद्धि तालिम संचालन गरिएको छ । कर्मचारीहरुलाई कानूनी शिक्षा, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, योजना संचालन प्रक्रियालगायतको विषयमा सहजीकरण भएको छ ।
३. राजश्व परामर्श समिति थाहानगरको चालु आर्थिक वर्षमा १५ वटा बैठक बसेको छ । नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिमका कर लगाउन पाउने क्षेत्रहरुमा कर निर्धारण गरी कर संकलन, चुहावट नियन्त्रण कार्य भइरहेको छ । हालसम्म अनुमानित आन्तरिक आयमा १ करोड ३७ लाख आम्दानी भएको छ । पालिकाको भू-उपयोग नीति कार्यान्वयनमा ल्याई जग्गा वर्गिकरण कार्य सम्पन्न नभएको हुँदा अपेक्षित राजश्व संकलनमा चुनौति थपिएको छ ।
४. वित्तिय जोखिम न्यूनिकरणका लागि पालिकाले स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कन कार्यविधि, २०७७ बमोजिम वार्षिक रुपमा कार्यविधिको सूचकको आधारमा मुल्याङ्कन गर्दै सुधार गर्नुपर्ने सूचकहरुमा छलफल हुने गरेको छ ।

५. चालु आर्थिक वर्षको हालसम्मको योजनागत सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण २२ वटा सम्पन्न भएको छ ।
६. आर्थिक वर्ष २०७८/०७९ को आन्तरिक लेखा परीक्षण कार्य सम्पन्न भएको छ । चालु आर्थिक वर्षको आन्तरिक लेखा परीक्षण कार्य भैरहेको यस सभामा जानकारी गराउँदछु ।
७. आर्थिक वर्ष २०७७/०७८ सम्मको यस नगरपालिकाको कुल बेरुजू ६ करोड २५ लाख २५ हजार रहेको छ । बेरुजू फछ्र्यौटको लागि नगरपालिकाले पहल गरिरहेको छ ।
८. नगरपालिका र वडा कार्यालयहरुमा नगरसभाको निर्णय बमोजिम नागरिक वडापत्र, करका दरहरु सार्वजनिक गर्ने गरिएको छ । पालिकामा गुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी र सूचना अधिकारी तोकिएको छ ।
९. नगरपालिकाको भौतिक पूर्वाधार तथा सामाजिक विकासका क्षेत्रहरुमा नगरपालिकाले संघ, प्रदेश, सडक बोर्ड, जिल्ला समन्वय समिति, तिलगंगा आँखा उपचार केन्द्र तथा अन्तरपालिका सहकार्यलाई जोड दिइ काम गरिरहेको छ । यसका साथै गैर सरकारी संघसंस्थाहरु च्वाइस नेपाल, लवग्रिन नेपाल, राडो नेपाल तथा बजार व्यवस्थापन समिति र टोल विकास संस्थाहरुसंगको सहकार्य र समन्वयमा कार्यक्रमहरु संचालन गर्ने गरिएको छ ।
१०. संघीय सरकारको कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रममा १ सय ८ जना बेरोजगार सूचिकृत भएकोमा ४६ जनालाई कार्यविधि बमोजिमको सूचकमा आधारित भएर प्राथमिकतामा राखी ३३ जनाले रोजगार पाएका छन् ।
११. वैदेशिक रोजगारबाट फर्की आएकाहरुमा पुन: एकीकरण कार्यक्रममा सहभागी हुनको लागि चालु आर्थिक वर्षको हालसम्ममा ६० जनाको फारम संकलन भैसकेको छ ।
१२. चालु आर्थिक वर्षको पुस २० गतेसम्म न्यायिक समितिमा परेका २२ वटा उजुरीहरु मध्ये ८ वटा उजुरीहरु मेलमिलाप भएका छन् । १२ वटा उजुरीहरु विचाराधिनमा रहेको र २ वटा उजुरीहरु अदालत गएका छन् ।
१३. चालु आर्थिक वर्षको हालसम्मको अवधिमा ४ वटा कार्यविधि पारित भएका छन् । एउटा ऐनको विधेक कार्यपालिकाबाट अनुमोदन भई यस सभामा टेबल हुने क्रममा रहेको छ ।

**नगरसभा अध्यक्ष महोदय,**

चालु आर्थिक वर्ष २०७९/०८० को हालसम्मको अवधिमा संघीय सरकारमार्फत आय तर्फ समानीकरण अनुदान तर्फ ७ करोड ८ लाख ८३ हजार ३ सय ३३, सशर्त अनुदान चालु १४ करोड ३० लाख ५० हजार, विशेष अनुदान पुँजीगत ३३ लाख ३३ हजार ३ सय ३३ र समपुरक अनुदान पुँजीगत २६ लाख ६६ हजार ६ सय ६६ रुपियाँ प्राप्त भएको छ ।

बागमती प्रदेश सरकारबाट समानीकरण अनुदान प्राप्त भएको छैन भने सशर्त अनुदान चालु ६० लाख ६० हजार, विशेष अनुदान १८ लाख ७५ हजार, समपुरक अनुदान ७४ लाख ११ हजार २ सय ५० र राजश्व बाँडफाँड तर्फ संघ र प्रदेश सरकारबाट ४ करोड ५४ लाख ६५ हजार तथा आन्तरिक स्रोत राजश्व शुल्क गतवर्षको बैंक मौज्दात अल्या समेत गरी २८ करोड ५७ लाख १ हजार ६ सय १८ अर्थात चालु आर्थिक वर्षको अनुमानित आयको ४८ प्रतिशत आम्दानी गर्न सफल भएको छ ।

त्यसैगरी खर्चतर्फ कार्यलय संचालन तथा प्रशासनिक क्षेत्रतर्फ हालको अवधिसम्म ५ करोड २३ लाख ५७ हजार अर्थात ४६.४२ प्रतिशत, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ ६४ लाख ४० हजार ३ सय २ अर्थात १०.१९ प्रतिशत, पूर्वाधार विकास क्षेत्रतर्फ ९ करोड ४० लाख ३९ हजार २ सय ८६ अर्थात १८.१८ प्रतिशत, सामाजिक विकास क्षेत्र तर्फ १२ करोड ४२ लाख ६८ हजार १ सय ७७ अर्थात ३०.२२ प्रतिशत र आर्थिक विकास क्षेत्रतर्फ २३ लाख ६६ हजार ४ सय ६९ अर्थात २.७ प्रतिशत समेत गरी कुल २७ करोड ९४ लाख ७१ हजार २ सय ४९ अर्थात २३.८८ प्रतिशत खर्च भैसकेको अवस्था रहेको छ । जसमा चालु खर्च ३५.९ र पुँजीगत खर्च १४.९३ प्रतिशत खर्च भएको छ ।
यस अवधिमा अधिकांश योजना सम्झौता भई संचालनको क्रममा रहेको र खर्च भुक्तानी नभई सकेको हुँदा क्षेत्रगत रुपमा देखिएको खर्च कमजोर हो । यसलाई सुधार गर्नका लागि सम्पूर्ण नगरसभा सदस्य, कर्मचारी, उपभोक्ता समिति तथा हाम्रा योजनासंग सम्बन्धित सरोकारवालाहरु अझै एकीकृत रुपमा योजनावद्ध भई काम गर्नुपर्ने छ । तसर्थ चालु आर्थिक वर्षमा उल्लेखित प्रगती बढाइ उल्लेखनीय प्रगती हुने अपेक्षा लिएको छु । गत २०७९ असार १० गते सम्पन्न ११ औं नगरसभाबाट २०७९/०८० को लागि कुल बजेट १ अर्ब १७ करोड २ लाख १२ हजार ८ सय ६२ रुपियाँ बराबरको आय व्यय स्वीकृत भएकोमा सो बजेटमा थप स्रोत आम्दानी हुन नसकेको हुँदा कुल बजेटमा थप हुन नसकेको यस सभामा जानकारी गराउँदछु ।

**नगरसभा अध्यक्ष महोदय,**

थाहा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को रकमान्तर विवरण अनुसूचीमा समावेश गरेको छु ।

अन्तमा, यस थाहा नगरपालिकाको बाह्रौ नगरसभामा संशोधित बजेट, योजना तथा कार्यक्रमले थाहानगरको विकासमा उल्लेखनीय योगदान गरी विकासतर्फ लम्किनेछ भन्ने शुभेच्छा आशा एवम् विश्वास प्रकट गर्दै यस बजेट, योजनाको कार्यक्रम प्रस्तुत गर्ने सुअवसर दिनूभएकोमा गरिमामय सभालाई हार्दिक धन्यवाद दिन चाहन्छु । चालु आर्थिक वर्षको पुस २० गतेसम्मको प्रगती समिक्षा तयार गर्दा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, विषयगत समितिका संयोजक एवम् सदस्यज्यूहरु, वडा अध्यक्षज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मीलगायत सम्पूर्ण सरोकारवालाहरुमा धन्यवाद ज्ञापनसहित आभार प्रकट गर्दछु । धन्यवाद ।

मिति : २०७९ पुस २८ गते रोज ५ शुभम् ।

भरत गोपाली
उप प्रमुख